दायित्व

(साहित्यिक मासिक)

वर्ष १५ | बैशाख २०५८ | पूर्णाङ्क-४०

प्रधान सम्पादक
रामप्रसाद पन्त
फोन. ४८६४७६

व्यवस्थापक
लक्ष्मी पन्त
फोन. ४८६४२७

सम्पादन सल्लाहकार
ठाकुरप्रसाद शर्मा
फोन. ४८३४२६

प्रतिनिधि
केशवराज पन्त
ऋषिराम डाँगी

सहयोग मण्डली
विष्णु झवाली
कमल झवाली
यादव भट्टराई

प्रकाशक
दायित्व वाङ्मय प्रतिष्ठान

आवरण: सोम सानु

कार्यालय
घ २-३०२ चावहिल-७ काठमाडौं
फोन नं. ४७४९८३
पो.ब.नं ६७६६, काठमाडौं

सहयोग
संस्थागत: रु. ५०/-
व्यक्तिगत: रु. १५/-

विशेष सल्लाहकार
डा. तुलसी भट्टराई

विषय-क्रम

अन्तर्वार्ता

समाजलाई अग्रगति दिने ..... २ - श्यामप्रसाद शर्मा

कथा/लघुकथा

बुढो भएर पनि २३ - रामविक्रम थापा

हाम्रा कलामा हामी २८ - अकिञ्चन शर्मा

विद्रोह हुनै पर्यो ४२ - प्रल्हाद कार्की

नियति ४७ - टीकाराम पोखरेल

अपरिवर्तित ५३ - सगुन वस्नेत

लेख/निबन्ध

कुचो ११ - वासुदेव उपाध्याय ढकाल

गुदी नलाग्ने कुराहरू १५ - लुशराज

समीक्षा/समालोचना

दुई कृतिमाथि दृष्टि दिंदा २४ - ठाकुर शर्मा

'देश दुखेको छ' एक चिनारी ३२ - खेम दाहाल

दुई कृतिमाथि मेरो दृष्टिकोण ५१ - सानुराजा 'अञ्जान'

'३ न १३' माथि विहङ्गम दृष्टि ५४ - गोपीकृष्ण दुङ्गाना 'प्रतीक्षा'

यात्रा/संस्मरण

खप्तड बाबाको दर्शनका लागि ..... ६ - टेकनाथ गौतम

बुद्धको जन्मभूमि नेपाल हो २२ - रामप्रसाद पन्त

लोकसंस्कृति

बाह्र महिनाको बखान ५ - हरिकला पन्त

व्यक्ति/व्यक्तित्व

चित्रकार कुलमानसिंह भण्डारी..... ३७ - रमेशजङ्ग सिजापति

कविता/गीत/गजल/मुक्तक

श्रीमती सिन्धु राणा-१/भारद्वाज मित्र-१ नारायण 'गोदारे'-९/अर्जुन विरक्ति-१०/रामहरि दुङ्गाना-१०/कैलाससिंह ठकुरी 'आँसु'-१०/पं.रामप्रसाद भट्टराई-१४/हेमराज पाण्डे 'अभागी'-१४/मधुसुदनप्रसाद घिमिरे-२१/यादव यमलिया-२१/ विष्णुप्रसाद झवाली-२१/कृष्णराज अर्याल-२३/भाग्यशाली अधिकारी-२७/ होमकुमार श्रेष्ठ-२७/सरोज 'उजाड'-२७/आर.एम.डङ्गोल-३१/भक्तराज न्यौपाने 'उपेक्षित'-३६/शिला पन्त-४१/केदार सुवेदी-४६/वसन्तराज खनाल-४६/शोभाकान्त सुवेदी-४६/रचना श्रेष्ठ-४६/ ज्योति 'जङ्गल'-५०/निर्मल अर्याल-५६

कम्प्युटर: पि. एण्ड वी. कम्प्युटर, चावहील ४८६४३३ (घर)

मुद्रक: अल प्रिन्टिङ्ग प्रेश, लगनखेल चोक - ५२६५१३

सम्पादकीय

दायित्वले किशोरावस्था पूरा गरिसकेको छ । शैशवावस्थाबाट किशोरावस्थासम्मको यात्रामा 'दायित्व'ले भोगेजस्ता भोगाइहरूको पीडा अन्य साहित्यिक पत्रिकाका सञ्चालकहरूले पनि भोगेकै हुनुपर्दछ ।

यद्यपि देशवासीले प्रजातन्त्रको भोग पञ्चायतकालमा जस्तो भोगे त्योभन्दा भिन्न भोगको अनुभव गर्न नपाए पनि ताडनाको पीडा भने भोग्न परेको छैन । तर जुन आशाको सञ्चार सामाजिक क्षेत्रमा भएको थियो त्यस्तै आशापुञ्जको कल्पना साहित्यिक क्षेत्रले पनि लिएको थियो तर यथार्थमा परिणत हुन सकेन ।

साहित्य, संस्कृति र कलाले त्यस समाजको यथार्थ पहिचान गराउँछ – यो सर्वदा सत्य हो । २०४६ सालको प्रजातान्त्रिक क्रान्तिलाई साकार तुल्याउन साहित्यकारहरूले लेखनीरूपी वन्दुक उठाएका हुन् र शब्दरूपी गोली बर्साएका हुन् तर त्यसको प्रतिफल नेपाली साहित्यले पाउन सकेन, साहित्यकारहरूले पाउन सकेनन् ।

सम्पूर्ण देशले नै पीडा भोगिरहेको बेला साहित्यको के कुरा ? देशको अस्तित्व सुरक्षित रहे न देशवासीको अस्तित्व सुरक्षित रहन्छ, अनिमात्र आउँछन् – साहित्य, संस्कृति र कलाका कुरा । "राष्ट्र खत्तम भयो, यो चालले देश चल्दैन, तत्कालै कुनै गतिलो कदम चालिएन भने राष्ट्रको अस्तित्वनै रहन्छ कि रहँदैन भन्न सकिदैन" यस्ता भनाइहरू आज यत्रतत्र सुन्न पाइन्छ ।

विगत एघारवर्ष अघि प्रजातन्त्र पुनर्स्थापनाको क्रममा कतिठूलो आशा र भरोसाका साथ साहित्यकारहरूले मुखमा कालोपट्टी बाँधी धर्ना कसेका थिए त्यो सम्झना हामीलाई अझै ताजैछ । तर 'हाँसको चाल न कुखुराको चाल' देशले कहिल्यै गति लिन सकेन । देशको गतिसँगै साहित्यको गति पनि उँभो लाग्न सकेन । साहित्यको संगठनात्मक स्वरूपमा पनि विभाजन आयो । कोही केही गर्ने आँट गरेनन्, कोही केही गर्ने जागरुकता देखाएनन्, कोही केही गर्नुभन्दा स्वार्थोन्मुखी प्रवृत्तिमा अग्रसर भए । 'यथा राजा तथा प्रजा' नेतृत्व पक्षले लिएको गलत बाटोको कारण देशको गतिसँगै साहित्यको गति पनि ह्रासोन्मुख हुँदैगयो । अब भने चुप लागेर बस्ने बेला छैन । देश डुब्नै लाग्यो भने साहित्यिक क्षेत्र जुर्मुराएर उठ्नुपर्छ, सङ्गठित हुनुपर्छ । एघारवर्ष अघिको राष्ट्रभक्तिको भावनालाई पुनः उजागर गर्नुपर्छ । साहित्यलाई राष्ट्रिय एकताको निम्ति प्रयोग गर्नुपर्छ । कलम रूपी वन्दुक उठाउनुपर्छ र देशको अन्तरङ्गमा धमिरा बल्काउने ती देशद्रोही र राष्ट्रघाती विरुद्ध शब्दरूपी गोली वर्षाउनुपर्छ । यो दायित्वको आह्वान हो र यस आह्वानलाई साथ दिने काम सम्पूर्ण साहित्यिक समाजबाट हुनुपर्छ भन्ने हाम्रो मान्यता रहेको छ ।

अन्तमा २०५८ साल सम्पूर्ण देशवासीको लागि कल्याणकारी बनोस् – यही शुभकामना ।

Ring Husna

नयाँवर्ष

⇨ भारद्वाज मित्र

झमझम अनुभवको झरीले
रुझाएपछिको नयाँवर्ष यो
कविताको बारीमा, चन्द्रागिरीको छहारीमा
ओलका अचारहरू र फापरका भातहरू
खाएपछिको नयाँवर्ष यो ।
यस्तैयस्तै
आङआङमा नयाँ उल्लासको
बर्को फेरेको नयाँवर्ष यो
जीवनको उकालीमा थप एउटा आखरको
धर्सो केरेको नयाँवर्ष यो ।
पारिपारिका खबरहरूमा
थुप्रने लासका रासहरू भैं आज आफ्नै मझेरीमा
चुरी फुटाएका चेलीहरूका साथ विनाका आसहरू भैं
टुहुरा बालकहरूका काख विनाका बासहरू भैं
धेरै आमाहरूका रित्ता काखका सन्त्रासहरू भैं
नवीन अनुभवको बाढी बोकेर आएको नयाँवर्ष यो ।
लुटको कमाइको गद्दामा दङ्गपरेको
नयाँ जङ्गबहादुरको जमातलाई
सिंहदरवारभित्र तातो बोलीको पर्रा छ
बाहिर देशैभर रातो गोलीको छर्रा छ
थाल खाऊँ न भात खाऊँ छ
पुच्छर लुकाएर जाऊँ, जाऊँ छ ।
सधैंसधैं रगतमा रमाउने सिकारीका विरुद्ध
सिकार आफै बम र बन्दुक भएर उभिएको छ आज र
ऊ आफ्ना प्रयत्नमा
सिकार कर्मको अन्त्य गराउने महाअभियानमा
सिकारीको ताज खोस्ने हठधर्मीताको
चुली चुलिएको नयाँवर्ष यो ।
जीवन जिउन धौ धौ छ फूलहरूलाई
शहर लोडसेडिङ्गले अँध्यारो छ
गाउँ मसाल र भेरीलाइटले उज्यालो छ
शहर चुलिने आसमा छ, गाउँ भासिने सन्त्रासमा छ
सधैंसधैं उज्यालोको खेती गर्ने मान्छे
नव चेतनाको बीउ रोप्दै छ
उज्यालो भोलिका विश्वासमा
मनाइरहेछ नयाँवर्ष यो ।

शुभ-कामना

⇨ श्रीमती सिन्धु राणा

चैतको घाम सुस्ताइ गएछ
वर्ष बितेर पालुवा चढेछ
आउन वैशाख आऊ आमा बनेर आऊ
शुभ-कामनाको सुवासना यहाँ फैलाई देऊ
नयाँवर्षको सुप्रभातमा नौलो किरण भई छाइदेऊ ।

नववर्षको शङ्ख फुकाई
मेची काली पहाड तराई
सबलाई जगाइदेऊ ।

देशैभरिका थरिथरिका
रङ्गीविरङ्गी फूल फुलाई
घडा सजाइदेऊ
नेपाल र नेपालीको भाग्य बनाइदेऊ
नयाँवर्षको सुप्रभातमा नौलो किरण भई छाइदेऊ ।

बाटो बिराई हिड्नेलाई
देशको माटो बिर्सनेलाई
बाटो देखाइदेऊ
यो चन्द्र, सूर्य अङ्कित झण्डा
प्यारो छ जुन यो प्राणभन्दा
यसलाई फहराइदेऊ अझै फहराइदेऊ
नेपाल र नेपालीको स्वाभिमान बचाइदेऊ
नयाँवर्षको सुप्रभातमा नौलो किरण भई छाइदेऊ ।

चैतको घाम सुस्ताई गएछ
वर्ष बितेर पालुवा चढेछ
आउन वैशाख आऊ आमा बनेर आऊ
शुभ-कामनाको सुवासना यहाँ फैलाइदेऊ
नयाँवर्षको सुप्रभातमा नौलो किरण भई छाइदेऊ ।

☆

अन्तर्वार्ता

समाजलाई अग्रगति दिने साहित्यनै प्रगतिशील साहित्य हो

❑ *श्यामप्रसाद शर्मा*

वि.सं. १९८६ साल आषाढ ६ गते बाबु जोगनाथ लामिछाने र माता हुतकुमारीको कोखबाट रामेछापको मन्थली सोलियुममा जन्मनुभएका श्यामप्रसाद लामिछानेको प्रारम्भिक शिक्षादीक्षा वीरगञ्जमा भएको हो । नामको पछाडि शर्मा र कतै खाली नामबाट मात्र चिनिन चाहने श्यामप्रसादले प्रजातान्त्रिक सङ्घर्षको क्रममा भूमिगत रहेर – काले, ज्योतिकान्त, विमर्श, देशभक्त, सेवक आदि उपनामबाट लेख/निबन्ध प्रकाशित गर्नुभएको छ । त्यस अवस्थामा लेखिएका लेख/निबन्धहरूको शैलीमा पृथक् देखिनुको कारण पनि त्यही हो कि – कसैले नचिनून्/नजानून् । शिक्षामा म्याट्रिकुलेशनसम्म अध्ययन गर्नुभएका श्यामप्रसादले विविध विधामा कलम चलाए पनि विशेषतः निबन्ध र समालोचनामा नै विशेष ख्यातिआर्जन गर्नुभएको छ । उहाँका संक्षिप्त आकारका ५० औं कृतिहरू जनसमक्ष आइसकेका छन् र प्रकाशन गर्ने क्रममा मुकेश चालिसे र श्रीमती जनक चालिसेले सहयोग पुऱ्याउँदै आएका छन् ।

'साहित्य प्रगतिशील र अप्रगतिशील हुँदैन, सामन्तबाद र साम्राज्यवादको विरोध गरिने जुनसुकै साहित्य पनि प्रगतिशील हुन्छ । आजको समाजले यी दुबैवादको विरोध गर्ने हुनाले साहित्य सबै प्रगतिशील नै हुन्छ' भन्ने धारणा राख्नुहुने श्यामप्रसाद – कृष्णमणि साहित्य पुरस्कार, महेन्द्रप्रज्ञा पुरस्कार, नारायणी वाङ्मय पुरस्कार, बालसाहित्य पुरस्कार र मुक्ति पुरस्कार आदिबाट पुरस्कृत हुनुभएको छ भने दायित्व परिवारबाट आयोजित 'विशिष्ट साहित्यकार सम्मान २०५६' बाट सम्मानीत हुनुभएको छ ।

प्रस्तुत छ – ठाकुर शर्मा र रामप्रसाद पन्तबाट सोधिएका केही प्रश्नहरूको संक्षिप्त अभिव्यक्तिः-

⇨ तपाईंले लेखनको प्रारम्भ कहिलेदेखि गर्नुभएको हो र निबन्धतर्फ आकर्षण बढ्नुको कारण के हो ?

⇩ म वीरगञ्जको निम्न माध्यमिक विद्यालयमा पढ्दा स्कुलको कक्षामा गुरु पशुपतिभक्त धौमडेलले निबन्ध लेख्न भन्नुभयो । कक्षाकोठा पश्चिमपट्टि फर्केको थियो । अपरान्हको समय, घाम कक्षामा परेको थियो, त्यो देखेर वहाँले शीर्षक बनाउनुभयो – 'कक्षामा पसेको घाम' । 'लौ, यसैमा निबन्ध लेख' । सबैले निबन्ध लेख्यौं, मेरो निबन्ध राम्रो भयो भनेर प्रशंसा गर्नुभयो । सर्वप्रथम त्यही निबन्ध लेखेको हुँ, त्यसबेला १३/१४ वर्षको थिएँ हुँला । त्यस्तै गुरु मुकुटधारीलाल दासले पनि हामीलाई निबन्ध लेख्न लगाई पेन्सील, कलम आदि पुरस्कार स्वरूप दिनुहुन्थ्यो । मैले लेख्नेक्रम जारी राखें, त्यही नै प्रेरणाको श्रोत हो भन्नुपर्छ । अहिलेका साहित्यकार धनुश्चन्द्र गौतम र म सँगै पढ्थ्यौं वहाँ मेरा बालसखा हुनुहुन्थ्यो भने रत्नश्रीका संरक्षक मदनदेव भट्टराई पनि आत्मीय साथी हुनुहुन्थ्यो । अरू साथीहरूमा सुवर्ण शमशेरका छोरा रुग्म शमशेर, कनक, काञ्चन आदि पनि थिए ।

⇨ तपाईं वरिष्ठ प्रगतिशील साहित्यकारको रूपमा गणना गरिनुहुन्छ । त्यतातर्फ आकर्षण बढ्नुको कारण के हो ?

⇩ नेपालको कम्युनिष्ट आन्दोलनबाट आकर्षित भई नेपाली साहित्यमा प्रगतिशील विचारधारालाई अगाडि बढाउने क्रममा मेरो प्रेरकतत्वको रूपमा धनुश्चन्द्र गौतम हुनुहुन्थ्यो, वहाँ कम्युनिष्ट आन्दोलनमा मभन्दा माथिल्लो तहमा हुनुहुन्थो भने म जिल्लास्तरमा थिएँ, साथमा शैलेन्द्रकुमार उपाध्याय पनि थिए । शैलेन्द्र र मदनदेव सुवर्ण शमशेरका छोराहरूसँग खेल्दाखेल्दै प्रभावित भई त्यतैतिर लागे, म भने प्रगतिशील पक्षधरको रूपमा नै रहिरहें । यसमा लागेर २३/२४ वर्ष त भूमिगत नै रहें, प्रजातन्त्रको पुनर्प्राप्तिपछि २०४७ सालमा रमेश विकलको अगुवाइमा अन्य प्रगतिशील साथीहरूको आग्रहले चावहिलको यौटा कार्यक्रममा सार्वजनिक भएको हुँ ।

⇨ **तपाईंले अन्य विधाहरूमा पनि कलम चलाउनु भएको छ तर निबन्ध विधामा बढी केन्द्रित भएर गद्य साहित्यतर्फ उन्मुख हुनुको कारण के हो ?**

⇩ हो, मैंले निबन्ध, लेख, समालोचना, कविता, गीत आदिमा कलम चलाएको छु तर निबन्ध/लेख नै मेरा प्रमुख विधाको रूपमा रहे। मलाई गद्यविधामा कलम चलाउन सजिलो लाग्यो। समाजमा रहेका विकृति, विसङ्गतिहरूलाई कलमको माध्यमबाट जनसमक्ष पुऱ्याउन सजिलो हुने हुनाले आजसम्म पनि त्यसमा नै कलम चलाउँदै आएको छु। भूमिगत अवस्थामा लेखेका कुराहरू धेरै छन्, अहिले तिनीहरूलाई सङ्कलन गरी प्रकाशन गर्नेतिर लागेकों छु।

⇨ **साहित्यमा आदर्श र यथार्थलाई कस्तोरूपमा प्रयोग गरेको रुचाउनुहुन्छ ?**

⇩ मेरो सोचाइमा आदर्श र यथार्थ दुवैकुरा साहित्यमा हुनुपर्दछ। यथार्थ वा आदर्शमात्र भएर साहित्यको असली स्वरूप तयार हुन सक्तैन। त्यसैले यथार्थमा आधारित आदर्शमूलक साहित्य नै म रुचाउने गर्छु।

⇨ **तपाईं मोफसलको पहिलो साहित्यिक पत्रिकाको सम्पादक हुनुहुन्छ भन्ने सुनेका छौं, साहित्यिक पत्रकारिताको गतिविधिमा यहाँलाई कसैबाट प्रभाव परेको छ कि ?**

⇩ मेरो राजनैतिक यात्रा प्रारम्भिक अवस्थामा गान्धीवादी सिद्धान्तबाट प्रभावित भएको हुनाले साहित्यमा पनि त्यसको प्रभाव परेको होला। म वि.सं. २००९ सालमा कम्युनिष्ट पार्टीको सदस्य भएँ र वीरगञ्जमा एउटा पुस्तक पसल पनि चलाएँ। त्यहाँ मैंले रेल-वे स्टेशनतिर गएर पत्र-पत्रिका देख्ने काम गर्थें। म खासगरी प्रेमचन्दको 'सेवा सदन' उपन्यासबाट प्रभावित छु। त्यसैको प्रभावबाट वि.सं. २००२ सालमा वीरगञ्जमा 'सेवा सदन' नामाकरण गरी संस्था नै खोलें। त्यो अहिले वीरगञ्जमा त्यसैरूपमा र काठमाडौंमा 'साहित्य सेवा सदन'को रूपमा छँदैछ।

⇨ **प्रगतिशील साहित्य भनेको के हो र यसमा आधारित साहित्यिक गतिविधिहरूमा यहाँको योगदान के रहिआएको छ ?**

⇩ समाज अगाडि बढाउने साहित्य नै प्रगतिशील साहित्य हो। समाजलाई कसरी अगाडि बढाउन सकिन्छ भनेर नै हामीले 'प्रगतिशील लेखक संघ' खोलेका हौं। यो वि.सं. २००२ सालमा स्थापना भएको हो। यसको संस्थापक अध्यक्ष म रहें तीनपटकसम्म अध्यक्षको कार्यभार सम्हालेपछि सधैं एउटैव्यक्ति अध्यक्ष पदमा रही रहनु ठीक नभएको हुँदा सबैको सल्लाहले यो परम्परालाई तोड्यौं। यसको कार्यालय पहिले वीरगञ्जमा थियो पछि १३/१४ सालतिर काठमाडौंमा सारिएको हो। यस प्रलेसमा त्यसवेला अध्यक्षमा जनकवि केशरी धर्मराज थाप थिए भने सचिवमा वरिष्ठ समालोचक तारानाथ शर्मा थिए। यसरी यो संस्था अद्यापि साहित्यिक गतिविधिहरूमा संलग्न रहिरहेकै छ।

⇨ **पहिले (२०४६ अघि) र अहिलेको साहित्यमा के कस्तो भिन्नता पाउनुभएको छ ?**

⇩ सामान्यतया देशको परिस्थिति अनुसार साहित्यमा भिन्नता आउँछ। जनताको अधिकार खोसिएको बेला प्रगतिशीलखालका कुराहरू साहित्यमा आउने गर्छन्। त्यसवेला प्रजातन्त्र खोसिएको अवस्था भएको हुनाले साहित्यमा विद्रोहीखालका रचनाहरू आउने गर्थे र अहिले पनि कुनै न कुनै रूपमा आइरहेका छन्। तर पञ्चायतकालमा स्वतन्त्र साहित्यिक गतिविधिमा बाधा पुऱ्याएको हुनाले त्यसवेला साहित्य सबैको साझाको रूपमा थियो अहिलेको वातावरण खुल्ला भएकोले त्यस्तो छैन। त्यसैले पहिले र अहिलेमा केही विभाजित

जस्तो देखिएको हो । साहित्यमा ह्रास त आएको छैन, केही मात्रा बढ्यो गुणचाहिं आवश्यकता अनुसार बढ्न सकेन ।

⇨ **यहाँ झमकुमारीसँग चिरपरिचत हुनुहुन्छ भन्ने बुझिन्छ, त्यस्ता प्रतिभाहरूलाई नेपाली साहित्य जगतमा स्थापित गराउन के गर्नुपर्ला ?**

⇩ मेरो उनीसँग कुनै पारिवारिक सम्बन्ध नभए पनि एउटै परिवारजस्तो भएको छु किनकि उनीले ठूलोबुबा भनेर सम्बोधन गर्छिन् र मैंले पनि उनलाई छोरीकै रूपमा माया दिने गर्छु । उनको प्रतिभा अलौकिक छ, उनको साहित्य हेर्दा हामीलाई आश्चर्य लाग्छ –त्यो उमेरमा, त्यो अवस्थामा कुनै स्कुलेशिक्षा नलिइकन आफ्नै बुद्धि/विवेकको प्रयोगगरी खट्टाको आधारमा साहित्य कोर्ने उनी साँच्चिकै नेपाली साहित्य जगतकी अलौकिक प्रतिभा हुन् । अब समाजले उनलाई अलिअलि बुझ्न थालेको छ कतिपय संस्थाहरूबाट उनले सम्मान पनि पाएकी छन्/पुरस्कृत भएकी छन् । यसैगरी समाजका विभिन्न क्षेत्रबाट उनको सम्मान हुनुपर्छ र साहित्यको समर्पणप्रति कदर गरिनुपर्छ । उनलाई अहिले आमाले बोकेर हिंड्नु पर्दैन । अपाङ्गसंस्थाले ह्विलचेयर दिएको छ, त्यस्तै हरेक संस्थाले आ-आफ्नो क्षेत्रबाट विशेषगरी नारीसंस्थाबाट ध्यान पुऱ्याइनुपर्छ । मसँग बेलाबेलामा उनीसँग फोनमा कुरा हुन्छ, बोल्न नसक्ने मात्र हो, अलिअलि सुन्छिन्, सम्झेकोमा खुसी मान्छिन्, त्यस खुसीलाई लेखेर भए पनि अरू समक्ष व्यक्त गर्छिन् । उनको साहित्य लेख्ने यस उत्साहलाई अगाडि बढाउन हामी साहित्यकारहरूले पनि विभिन्न किसिमबाट सहयोग पुऱ्याउनु पर्छ ।

⇨ **नेपाली साहित्यकारहरू अन्तर्राष्ट्रियस्तरको पुरस्कार पाउन सक्ने अवस्थामा छन्/छैनन्, छन् भने पुरस्कार पाउन कुन तरिका अपनाउनु पर्दछ ?**

⇩ हामीले अन्तर्राष्ट्रिय साहित्यसँग सम्पर्क गर्नु पर्दछ । जस्तो मेरो 'तँ तिमी तपाईं हजुर' निबन्ध हेरेर आगनिना नामकी सोभियत नागरिक निकै प्रभावित भइन् । यस्ता नेपाली साहित्य धेरै छन्, तिनको अंग्रेजीकरण गरेर अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउने हो भने अवश्य पनि दाँजिन सक्ने स्थिति छ । यसकार्यमा विशेष गरी जिम्मेवार साहित्यिक प्रतिष्ठानहरू संलग्न हुनुपर्दछ ।

⇨ **नेपाली साहित्यिक फाँटमा 'दायित्व' जस्ता साहित्यिक पत्रिकाहरूलाई कुन रूपमा हेर्नुभएको छ, यिनको दीगो विकासका लागि के कस्तो सुझाव दिन चाहनुहुन्छ ?**

⇩ विद्यमान साहित्यिक पत्रिकाको भविष्य त राम्रैछ तर त्यसप्रतिको लगाव निरन्तर रहिरहनु पर्छ । त्यसो नभएमा साहित्यिक पत्रिकाको भविष्य सुनिश्चत गर्न सकिदैन । यस्ता पत्रिकाहरूले विभिन्न साहित्यकारहरूको जीवनी/अन्तर्वार्ता, र विविध विधाहरू छपाएर ठूलो योगादन गरेका छन् । साहित्यिक गतिविधिमा लागेका प्रतिष्ठान, संस्थानको कुरा गर्दा ठूला संस्था भन्नेहरूले गरेको विकास र साना संस्थाले बोकेको उत्तर दायित्व हैसियत अनुसार कलैको कम छैन । भावना सफा हुनुपर्दछ र भावना अनुरूप चलाउन सकियो भने त्यो दीगो रहन्छ ।

दायित्वले नयाँनयाँ पहिचान देखाउन समर्थ भएको छ । धेरैथरि प्रतिभालाई गाँसेर लैजाने प्रयाश गरेको छ – यसले । समाजलाई हानी हुने कुरा प्रकाशित गरेको छैन । अन्तर्राष्ट्रिय सम्बन्ध बढाउने खालका रचनाहरू समेत प्रकाशन गर्ने गरेको मैंले पाएको छु । समय, सन्दर्भ हेरेर विशेषाङ्कहरू पनि प्रकाशित भएका छन् । यो ज्यादै प्रशंसनीय कार्य हो ।

प्रस्तुतिः – **ठाकुर शर्मा**

रामप्रसाद पन्त

(नेपाली लोकसंस्कृतिलाई संरक्षण एवं सम्वर्द्धन गर्दै जानुपर्ने हाम्रो मान्यता अनुरूप गुल्मी निवासी ७९ वर्षिया हरिकला पन्तको जिब्रोमा झुण्डिएको एउटा लोकगाथा गताङ्कहरूमा जस्तै यस अङ्कमा पनि प्रस्तुत गरिएको छ – सं.)

बाह्र महिनाको वयान

⇨ हरिकला पन्त

वैशाख महिना पलाइहाले पात
हजुरका भान्सामा कति मीठो भात

जेठै र महिना उम्रे होलान् मकै
कसरी खज्यांला[1] यो खडचारैमा

असारै महिना दही चिउरा खानू
दही चिउरा खाएर मालिकामा[2] जानू

साउन महिना कति तहरो पानी
कसरी नाउँने बलेनीको पानी

भदौ र महिना खोलानाला बढेहुन्
कसरी तरेर मालिकामा जानेहुन्

असोज महिना पहेंलै फुल्यो तोरी
छोरीको जन्म त हारेको जुनी

कात्तिक महिना स्वामिको जल पीनू
मालीगाईका दूधसरी जल मानीलिनू

मंसिर महिना पहेलपुर घाम
धानकाटी ल्याउन खेतमा जाम

पुसको जाडो त मुलुकैलाई हुन्छ
बिहानै नाउँदा मुटुमैं छुन्छ

भदौ र महिना गङ्गाजी नाउँनू
गङ्गाजी नाउँदा छपछपी खेल्नू

फागुन महिना फूल फुल्यो प्याउली
फूलपाति लिएर मालिकामा जाउली

चैतै र महिना कति रुखो महिना
सालका पातजति झरीहाले भैंमा

१. खनखोरस २. मालिकादेवीको मन्दिर

नववर्ष २०५८ को शुभ–उपलक्ष्यमा
सम्पूर्ण देशवासीहरूमा हार्दिक
मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।

दुर्गम क्षेत्र विकास समिति
परिवार
चाकुपाट, ललितपुर

नववर्ष २०५८ को शुभ–उपलक्ष्यमा
हाम्रा समस्त ग्राहकवर्ग तथा सम्पूर्ण
देशवासीहरूमा हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछौं ।

नेपाल खानेपानी संस्थान
त्रिपुरेश्वर, काठमाडौं ।

यात्रा-सस्मरण

खप्तड बाबाको दर्शनका लागि जांदाको पहाडयात्रा

❑ *टेकनाथ गौतम*

साल २०३१ हो जस्तो लाग्छ । मेरा एकजना मित्र टेकनप्रसाद घिमिरेले स्वर्गद्वारी हुँदै जुम्ला गएर त्यहाँबाट खप्तड स्वामी हुनुभएको ठाउँमा पुगी उहाँको दर्शन गरेर आउँ भन्नुभयो । आश्विनको प्रारम्भमा हामी दुईजना, एकजना भरिया लिई स्वर्गद्वारीतर्फ लाग्यौं । स्वर्गद्वारीमा एक/दुईरात बसी त्यहाँको दर्शन गरी बिदा हुनलाग्दा त्यो बेलाका आश्रम प्रमुख अनन्त गिरीले हामीलाई बिदाइको आशीर्वाद दिएर भन्नुभयो – "बाबु हो । तपाईहरू दङ्गाली पढेलेखेका युवक हुनुहुँदो रहेछ । यो आश्रम जोगीकै रेखदेखमा चले तापनि यसमा पढ्ने, पढाउने र आश्रमको यज्ञादि चलाउने सबै बाहुनहरू नै छन् । उनको जीविका पनि यसैबाट चलेको छ । मेरा पछि आश्रम सञ्चालन गरिदिने जोगी कोही पनि छैन यो आश्रमको रेखदेख तपाईहरूले पनि गर्नुहोला" भनेर हामीलाई एक किसिमको भार सौंपे जस्तो गर्नुभयो । हामीले हवस् सकेसम्म आश्रमको हित चिताउने गर्ने छौं भनी त्यहाँबाट बिदा भई वर्तमान रोल्पाको सदरमुकाम लिवाङ्ग पुग्यौं ।

लिवाङ्ग अलि खोंच ठाउँमा रहेछ । त्यहाँ हामीले यति विशेषता पायौं त्यो बेला पनि नेपालको सबैभन्दा बढी खुनमुद्दा त्यहाँ पर्ने रहेछन् । त्यहाँबाट हामी फलाम खानी भएको जेलवाङ्ग हुँदै रोल्पाको सबैभन्दा अग्लो चुचुरो जलजला भन्ने पहाड तरेर पश्चिमतर्फको खोला झर्‍यौं । खोलाको ढिकैमा मगरको मात्र बस्ती भएको उनीहरूको आदर्श बस्ती मानिने थवाङ्ग पुग्यौं । त्यहाँका मगर मगर्नीहरू पढेलेखेका र सभ्य रहेछन् । धेरै कुरा राम्रो लाग्यो तर केही कुरा कत्ति राम्रा लागेनन् । त्यहाँबाट हामी दक्षिणतर्फ लाग्यौं । सर्प धेरै भएको पापकोट (वर्तमान रुकुमकोट) पुग्यौं । त्यहाँ सर्प प्रशस्त हुँदा रहेछन् तर मान्छेले सर्पलाई र सर्पले मान्छेलाई केही गर्दा रहेनछन् । त्यहाँबाट हामी रुकुमको बाँफी भन्ने ठाउँमा घरबाट हिंडेका नवौं दिनको बिहान पुग्यौं । त्यहाँ ११ बजे (बिहान) तिर भात खाएपछि मेरो साथी टेकनप्रसादले – 'गौतमजी मलाई त सञ्चो होला जस्तो भएन, जुम्ला पुग्न अझै आठ दिन हिंड्नुपर्छ भन्छन्, मलाई त नसकिएला जस्तो लाग्यो अब यहींबाट फर्कौं' भन्न लाग्नुभयो । मैले तपाईं फर्कनुस् म त फर्किन्न भनेर छुट्टिई, भरिया लिई अगाडि लागें । दुई दिनजति हिंडेपछि हामी गोतामेहरूको पुरानो थलो गोताममा गई पुर्ख्यौली भूमिको दर्शन गर्यौं । त्यहाँबाट डोल्पाको पश्चिम-दक्षिण भाग भएर भालुलेक पार गरी विजयादशमीका दिन जुम्लाको डिल्लीकोट भन्ने ठाउँमा पुगियो । प्रधानपञ्चकहाँ बास बसियो, म भात पकाएर खान्छु भन्दा म आफ्नो पाहुनालाई आफै पकाएर खान दिन्न भनेर खान दिएनन् । पछि तीते फापरका रोटी र मासु पठाइदिए, म मासु नखाने हुनाले मासु फर्काइदिएँ । कहिल्यै नखाएको तीते फापरको रोटी मेरो घाँटीबाट छिर्दै छिरेन । भरियासित आफ्नो मह मागी त्यसैले बल्लबल्ल यौटा रोटी खाएँ ।

अर्को दिन बिहानै उठेर बीचमा भात खाई बेलुकी सदरमुकाम चौधानमा अञ्चलाधीशको पाहुना हुन पुगें । माधवलाल तवदार भन्ने मेरो पुरानो मित्र अञ्चलाधीश थिए । उनैकहाँ तीन रात बिताइयो ।

त्यहाँबाट हिंडी अर्कोदिन सिंजा पुग्यौं । सिंजा अघि गुगे (तिब्बत) देखि तराईसम्म केदारदेखि तमोरसम्म साम्राज्य फैलाएका क्राचल्ल, अशोक चल्लजस्ता महान् राजाहरूको राजधानी हो । दरवार भएको ठाउँ र अरू बस्ती भएको ठाउँ पनि ज्यादै सङ्कुचित रहेछ । त्यस्तो ठाउँमा बसेर त्यत्रो साम्राज्य कसरी चलाए हुन्– आश्चर्य लाग्यो ।

त्यहाँबाट हामी मुगु जिल्लाको प्रसिद्ध रारा दह हेर्न पुग्यौं । बेलुकी चार बजेको समय थियो, राराको मनमोहक दृश्य देखेर मेरो भरियासमेत दङ्ग पऱ्यो । सौन्दर्यको परिभाषा गर्दा कुनै कविले "क्षणेक्षणे यन्नवतामुपैति तदेव रूपं रमणीयतायाः" भनेका छन् तदनुसार नै थियो । अर्कोदिन रारामा स्नान गरी भात खुवाएर हाम्रा खत्यौडा बन्धुहरूको पुरानो थलो खत्याडदरा हुँदै जुम्ला जिल्लाको बाइगाउँनेर डुङ्गाबाट कर्णाली तरी बाजुरातिर लाग्यौं । बाजुरा प्रवेश गर्ने ठाउँमा पुरानो डुङ्गाको अत्यन्त सुन्दर फाटक रहेछ जसलाई देखेर मलाई बम्बैको इण्डिया गेट देखेजस्तै लाग्यो । हामी अगाडि बढ्यौं, त्यहाँ सिंजाली राजाहरूले बनाएका राम्राराम्रा सभागृह र मन्दिरहरू पुराना भैसकेका रहेछन्, बाटैमा हाइस्कुल थियो; कुन ठाउँमा आएछौं नक्सा हेरौं भनी म स्कुल भित्रै पसें । २:३० बजेको समय थियो तर स्कुलमा विद्यार्थी शिक्षक कोही थिएनन् । पत्ता लगाउँदा एकजना शिक्षक भेटिए र नक्सा सोद्धा छैन भन्ने जवाफ पाइयो र हामी आफ्नो बाटो लाग्यौं ।

एक किलोमिटर जति अगाडि गएपछि दुईजना शण्ड मुशण्डजस्ता केटा आएर मलाई तपाई हेडमास्टरको आदेशबिना किन स्कुलभित्र पस्नुभो ? हेडमास्टरले बोलाउनु हुन्छ हिंड्नुस् भनी मसँग जबरजस्ती गर्न लागे । अनि मैले पनि ढाँट्नु पऱ्यो । पढाउने टाइममा स्कुल छोडी भाग्छौ अनि मलाई दम्काउन आउँछौ । म शिक्षा मन्त्रालयको मानिस हुँ, रिपोर्ट गरेर स्कुल बन्द गराइदिउँला भनेपछि डराए जस्तो गरी फर्के । हामी बेलुकी पाण्डुसेन भन्ने गाउँमा बास बस्यौं ।

अघि मैले एकजना मेरा मरासिनी मित्रसित मरासिनी थर कसरी भयो भनि सोद्धा हाम्रा कुल पुरुषकी आमाले बच्चा पैदा गर्न नसकी मरेपछि पेट चिरेर झिकेका हाम्रा कुलपुरुषबाट अर्थात् मरेको सिनोबाट हाम्रो वंश चलेकोले मरासिनी थर भएको भन्दछन् भनेका थिए तर त्यो कुरा साँचो रहेनछ । बाजुरामा गाउँलाई सेन भन्दा रहेछन् त्यहाँ मरासेन, पुँडासेन, घोडासेन, तिमिलासेन जस्ता धेरै गाउँ रहेछन् । त्यहाँबाट हामी बाजुराको पश्चिम अन्तिम गाउँमा बस्न ठाउँ कति टाढा छ ? दर्शन गर्न जाँदा के गर्नुपर्छ ? भनेर सोध्दा उनले भोलि तपाई यहाँबाट पुग्नुहुन्छ, बाबालाई पैसा केही चाहिन्न, भए फल खानेकुरा लिएर जाने हो तर एक्लै नजानु होला बाटो भुलिन्छ भने । मैले बूढासित एउटा काँक्रो किनें, मसँग जुम्लाबाट लिएका दुइटा स्याउ थिए, त्यति लिएर जानें भएँ ।

अर्कोदिन बझाङको पुजारी गाउँमा भातखान गयौं, त्यहाँ जगन्नाथको राम्रो मन्दिर रहेछ, सो मन्दिरको पूजा खर्चको लागि राखिएको गाउँ हुँदा त्यसको नाम पुजारी गाउँ भएको रहेछ । त्यहाँबाट दक्षिणतर्फ चढेपछि खप्तडको लेकमा पुगिन्थ्यो, सबैले सङ नलिई जानुहुन्न भनेकाले पैले पैसा दिंदा पनि सङ कोही भेटिएन, पछि एकाएक २६/२७ वर्षको युवक कताबाट आइपुगे, उनले म पुऱ्याइदिन्छु भनेर उनका साथमा हामी उकालो लाग्यौं । अलिबेर पछि उनले तपाईंहरू हिंड्दै गर्नुस् म यहाँ काम छ आउँछु भने । हामी अगाडि बढेर माथि थाप्लामा पुग्दा सूर्यास्तको समय भएको थियो । त्यहाँ अनेकौं चुचुरा र अनेक थरी गोरेटा रहेछन् । जमीन एकदम चीसो थियो, जाडोले लुगलुगी कमाइराखेको थियो, कहीं दुइटा खुट्टा राखेर बस्न लायक ठाउँ थिएन । युवक नआइपुगेकाले हामी साह्रै कष्टमा पऱ्यौं भन्ने सोचेका थियौं । त्यत्तिकैमा युवक आई हामीलाई बाबाको कुटी नजिकै वन अड्डाको अफिसमा

लगी छाडिदिए । अति कठिनले जाडो सहेर रात बितायौं । अर्कोदिन बिहान शौच/शुद्धि गरी बाबाका कुटीतर्फ लाग्यौं । कुटीभन्दा वरैको छाप्रोमा भरियालाई रोकी म बाबाको कुटीमा गएँ । म कुटीमा नपुग्दै एक मिनेटजति अगाडि बाबा कुटीबाट बाहिर आउनुभयो । मैले दर्शन गरी दाङबाट आएको हुँ भनेर परिचय दिएँ । उहाँले छाप्रो देखाएर त्यही छाप्रोमा बस, भात खाई ११ बजेतिर आउनु अनि जे कुरा गर्ने हो गरौंला भन्नुभयो र भात खाएपछि म फेरि उहाँलाई भेट्न गएँ ।

मैले दर्शन गर्न र धेरै कुरा सोध्न आएको हुँ गलत प्रश्न भयो भने रिसानी नहोला भनेपछि उहाँले म रिसाउन्न मनमा लागेका जे प्रश्न सोद्धा पनि हुन्छ, दाजु र बहिनीको बिहा किन गर्न नहुने भनी सोध्न आउनेलाई त मैले हुन्छ किन नहुने घोडा, गधाले गर्दैछन् नि भन्ने जवाफ दिएर चित्त बुझाई पठाइदिन्छु, तिमी त पढे लेखेजस्ता छौ तर अर्काको आलोचना हुने र राजनीतिका कुरा नसोधे भन्नुभयो । मैले अनेक प्रश्न गरें ९० प्रतिशत प्रश्नमा त मेरो चित्त बुझ्यो १० प्रतिशत प्रश्नमा मेरो चित्त नबुझेको उहाँले थाहा पाएपछि यसको जवाफ यही हो तैंले सोचेस् अनि चित्त बुझ्छ भन्नुभयो ।

मैले दर्शन शास्त्रको यौटा सूत्र 'ईश्वरासिध्य:' यसको मतलव ईश्वरको सत्ता सिद्ध हुन्न भनेको त हैन महाराज । भनी सोधेपछि प्रत्यक्ष प्रमाणबाट सिद्ध हुन्न भनेको हो त्यसैले भर्तृहरीले "स्वानुभूत्यैकमानाय" भनेका छन् भन्ने जवाफ दिनुभयो । प्रश्न सकिएपछि हाम्रा गफ हुन थाले मैले उहाँसँग भखरै साईंबाबाको दर्शन गरेर आएको हुँ भनी पहिल्यै भनेको थिएँ । उहाँले साईंबाबाको बारेमा सोध्नुभयो मैले साईंबाबा र स्वर्गद्वारी प्रभुको तुलना गरेर बताएँ र आफ्नो जीवनमा जति साईंबाबाका अनुयायी छन् त्यस्तो त राम, कृष्ण, मोहम्मद, ईशु कसैका पनि थिएनन् होला भनें । उहाँले महेशानन्दले पनि युरोपमा मानिस पछि लगाउँछन् भन्ने सुन्छु भन्नुभयो अनि मैले महेशानन्द को हुन् ? कस्ता हुन् ? भनेपछि उहाँले तँलाई अर्काको आलोचना हुने कुरा नसोध्नु भनेको हैन भन्नुभो । मैले आलोचनामा दोषदृष्टि छिपेको हुन्छ मैले त ... 'विद्यमान गुण: वर्णनं स्तुति:' सुन्न खोजेको हुँ भनेपछि उहाँले महेशानन्द र करपात्रीजी दुवै ज्योतिर्मठका शङ्कराचार्य ब्रह्मानन्दका चेला हुन् । करपात्रीजी बाहुन भएकाले उहाँलाई गुरुले दण्ड दिनुभयो । महेशानन्द सोही मठका जमीनको बन्दोवस्त गर्ने कायस्थ मुनिम थिए र उनलाई दण्ड दिनु भएन, पछि उनले सन्यास लिए र अब युरोपतिर भावातीत योगको प्रचार गर्दैछन् भन्ने सुन्छु भन्नुभयो ।

त्यसपछि मैले रजनीशको बारेमा सोधें । उहाँले ती पहिलेका दिगम्बर बाहुन जैन हुन् । त्यो विलक्षण प्रतिभासम्पन्न र वाक्पटु मानिस छ भन्नु भएपछि मैले राहुल सांकृत्यायन जस्तै ? भनी प्रश्न गरें । उहाँले राहुल सांकृत्यायन त बहुश्रुत हो तर प्रतिभावाला मानिस होइन फेरि ऊ हिन्दुत्वको अति विरोधी थियो । रजनीश भारतीयताको समर्थक कुशल वक्ता हो तर के गर्नु उसको चरित्र ठीक छैन भन्छन् भन्नु भएपछि मैले हाम्रा नरहरिनाथ बारे सोधें उहाँले नरहरिनाथलाई त्यागी, कर्मठ, तपस्वीमा हुनुपर्ने धेरै गुण उसमा छन् तर केगर्नु उनी झन् पछि झन् चञ्चल हुँदै व्यावहारिक महत्त्वाकाङ्क्षातिर लाग्दैछन् भन्नुभयो ।

प्रसङ्गले मैले राजा आएको कुरा सोद्धा राजा साह्रै सरल प्रकृतिका देशभक्त रहेछन् तर मैले आफूले भने बमोजिम काम गरिदिने इमान्दार मानिस कोही पनि पाउन्न भनी गुनासो गर्थे । रानीलाई पनि मैले विलासितामा डुबेकी होलिन् भन्थें, उनले मसँग यस्ता गहिरा गहिरा दार्शनिक प्रश्न गरिन् कि म सुनेर आश्चर्य चकित भएँ । राजाले मलाई के चाहिन्छ भनी तीन बाजी सोधे, दुई बाजी त मैले केही चाहिन्न भनी जवाफ दिएँ, तेस्रो बाजी त्यस्तो जवाफ दिंदा नराम्रो मान्छन् कि भनेर अहिलेलाई तपाईंको प्रजाले सबै पुऱ्याएका छन्– जुन दिन आवश्यक पर्ला उसबेला

मैले भनुँला भनी पठाएँ भन्नुभयो ।

हाम्रा कुरा सिद्धिएपछि उहाँले तँ उति टाढाबाट आएको मानिसले मबाट के पाइस् त भनी सोध्नुभयो । मैले धेरै कुराको जवाफ पाएँ महाराज । सन्तोष लाग्यो भनेपछि तैंले केही पनि पाएको छैनस्, मैंले दिएका जवाफको विपरीत जवाफ दिएर तेरो सन्तोषलाई अरूले भङ्ग गरिदिन सक्छन् । त्यसकारण मेरो मैले भन्ने कुरा तँलाई भन्छु, यसरी पचासौं ठाउँ डुलेर पचासौंसँग सम्पर्क राखेर शान्ति मिल्दैन, बिजुलीको बल्ब जलाए झैं गरी तेरो मनमा ज्ञानको ज्योति कसैले बालिदिन सक्तैन, न बरफको ढिका खाएको जस्तै गरी हृदयमा शान्तिको शीतलता कसैले पुऱ्याइदिन सक्छ, त्यसकारण म ठूलो मानिस बनूँ, मेरो नाम, फोटो अखबार, रेडियोमा आओस् भन्ने इच्छा छ भने तँ जस्तो गर्दैछस् गर, होइन मनमा वास्तविक शान्ति चाहन्छस् भने नजिकमा स्वर्गद्वारी आश्रम छ, बाहुनको छोरो रैछस् त्यहीं गएर एकबाजी, दुइबाजी या तीनबाजीसम्म गायत्री पुरश्चरण गर अनि तँलाई शान्ति मिल्नेछ भन्ने उपदेश दिई विदा गर्नुभयो ।

म त्यहाँबाट डोटी अछाम सुर्खेत दुल्लु हुँदै ४७ दिनका दिन घर आइपुगें । घुमेका भेगबाट मलाई दुइटा ऐतिहासिक कुराको थाहा भयो– यौटा त म घुमेका सबै ठाउँमा थारूहरूको शासन चलेको रहेछ र त्यहाँका कुनाकाप्चामा थारुहरू पुगेका रहेछन्, दोस्रो त्यो भेक आजभोलिको जस्तो पछि परेको नभई थारुको शासन सकिएपछि त्यहाँ बनेका मठमन्दिर, पाटीपौवा आदि देखेर सो ठाउँ आजभन्दा त्यो बेला धेरै समुन्नत रहेछ भन्ने थाहा पाएँ ।

✧✧✧

कविता

सिद्धिचरण र मूलमन्त्र .....

⇨ नारायण 'गोदारे'

'जसले राष्ट्र हाँक्यो – उसले नै राष्ट्र बिगाऱ्यो'
जतिजति युग आधुनिक हुँदै नयाँ भएर आयो
उतिउति नै हाम्रा पौराणिक रीतिथिति संस्कृतिको अनुसन्धान त भयो
तर, संस्कार भने मेटिंदै गएकोमा सिद्धिचरण स्तब्ध भयो ।
एकपछि अर्को दिन, महिना, वर्षहरूमा युगयुगान्तर बदलियो
यसैसँग धर्म संस्कार हराउँदै मेटियो,
पश्चिमी हावामा हाम्रा सम्पूर्ण चालचलन देखासिकीमा पछि लागेर गए
यस पछौटेपनमा – भेषभूषा र आभूषणहरू पनि साटिंदै गए
अब त हामी नेपाली हौं भनेर पहिचान दिन सक्तैनौं
यो देखेर सिद्धिचरण आश्चर्य चकित भयो–
'अब हामीले हाम्रा अस्तित्व निहाल्ने बेला भइसकेको छ'
दृष्टिको दूरी यति पर पुगेछ कि सबैथोक पराधीन हुँदै गएकोमा
सिद्धिचरण पनि चिन्तित भएको छ
र, हिन्दमहासागर धमिलिएर गएछ
भारतवर्ष र हिमखण्डले आफ्ना नवीन काँचुली फेरेर
रूप, रङ्ग बदलेकोमा सिद्धिचरण ज्यादै दुःखी र चिन्तित छ–
'नक्कली फेशनले राष्ट्र गम्भीर अवस्थामा पुग्नेछ
यो विकरालता रोक्न समयमै मुलुकले सोच्नुपर्दछ'
सिद्धिचरण सबै मुलुकवासीलाई सजग गराउन चाहन्छ
राष्ट्र र राष्ट्रियतामा स्वदेशको पहिचान आफ्नै मौलिकताको हुनुमा मात्र
सिद्धिचरण गौरव ठान्दछ,
'हाँसको चाल न कुखुराको चाल' भयो भने धर्म–संस्कृति नै मासिनेछ
यो सिद्धिचरणको मूलमन्त्र हो ।

– धनुषा

पृथ्वीको निम्ति एउटा ठूलो भार अन्धविश्वास हो – मिल्टन
शत्रुसँग शत्रुभाव राख्नाले वैरभाव दुईगुना हुन्छ, त्यो हटाउने उपाय प्रेम हो – धम्मपद
पछि फर्कनु महानताको द्योतक हो – यदि तिमी गलत बाटो माँदैछौ भने – अब्राहम लिङ्कन
ज्युँदै मऱ्याको भनि नाउँ कसको ? उद्यमविना वित्दछ काल जसको – आदिकवि भानुभक्त

गीत

⇨ रामहरि ढुङ्गाना

गहको आँसु गहमै सुक्यो बह र जलनमा
न हाँस्न सक्छु न रुन सक्छु यो कस्तो वेदना ?

मनको यौटा कोपिला फूल त्यो पनि झरी गो
आउँदैन क्यारे वसन्तफेरि मननै मारी गो
उजाड उराठ लाग्दछ जीवन आफैलाई ताडना
न हाँस्न सक्छु न रुन सक्छु यो कस्तो वेदना ?

टेकने ठाउँ समाउने हाँगो छैन यो जीवनको
कति दिन चल्छ सहारा विना निराश जीवन यो
तैपनि किन एकमुठी सास अल्झिन्छ मुटुमा
न हाँस्न सक्छु न रुन सक्छु यो कस्तो वेदना ?

- कोटेश्वर

गजल

⇨ कैलाश सिंह ठकुरी 'आँसू'

तैशमें हरतरफ ईन्सान नज़र आताहै ।
मुझको अन्देशए तूफान नज़र आताहै ।
टूटती साँस ए देतीहै सदाएँ मुझको ।
चन्द लम्होंका तू मेहमान नज़र आता है ॥
याख़ूदा राहे अक़िदतपे ज़माना क़रदे ।
क़ुफ़्रकी ज़दमे अब इमान नज़र आताहै ॥
अब ख़ुलुसो वफा एख़लास कहाँ मिलतेहैं
हर वशर ज़रका मेहरवान नज़र आताहै ॥
ज़िसको सिंचाथा कभी हमने लहूसे 'आँसू'
आज़ गुलशन वही वीरान नज़र आताहै ॥

- चुच्चेपाटी

कविता

मुक्तिमार्ग पहिल्याउन धावक बनौ साथी

⇨ अर्जुन विरक्ति

मरुभूमि बनिसके यहाँ जिन्दगानी
काकाकुल भैं बनिसके पानी खेप्ने नानी ।

महँगीले भष्मै पाऱ्यो अगेनुमा सिम
सारङ्गीपेट रेटिरैछन् नाङ्गो आङका दिन ।

न्याय विहीन भई मान्छे हरेक रात दिन
कैले आउला समाजमा खुसी रम्नें छिन ।

भण्डारमा रित्तो घ्याम्पी गग्रेटोमा पानी
सबै रित्तो भइसक्यो हाम्रो जिन्दगानी ।

आँगनीमा घाम लाग्दैन क्रान्तिकारी बिना
आफ्नो हक, अधिकार खोस्नुपर्छ हिंड ।

गरिबको मुक्तिमार्ग मास्ने अघि बढे
जनताको जनप्रिय भोको नाङ्गो पारे ।

भोकमरीको रोग अब घरैघरमा सर्छ
क्रान्तिकारी भूमिसुधार लागु गर्नुपर्छ ।

असिना र तुँवालोले ढाकिसक्यो सारा
त्यागी, कवि, कलाकारको बिग्ऱ्यो घरवार ।

यो देशमा एकैजना नेता पाइएन
विद्वान्, दुःखी खोजी गर्ने कोही भेटिएन ।

जनताको मुक्तिमार्ग पहिल्याउनु छ साथी
अस्तित्वको रणनीति चालौं क्रान्तिकारी ।

-चावहिल

निबन्ध

कुचो

❑ वासुदेव उपाध्याय ढकाल

म मान्छेको मासु खाने मान्छे होइन । म त फोहोर-मैला बढार्ने एउटा मामुली कुचो मात्र हुँ । मेरो देखाउने दाह्रा छैन, चपाउने दाँत छैन । भोजन थुपार्ने भुँडी छैन, भकारी छैन । पैसा राख्ने मनी-व्याग छैन, लेफ छैन, बैंक व्यालेन्स छैन । अरू त के कुरा पैसा राख्ने मेरो गतिलो कोटसम्म पनि छैन, खल्ती त कता हो कता । म त स्वभावैले सधैंको टकटका हुँ किनकि म साधारण बाबियो, अमृसो, झरेटो, सिन्को आदिको सन्तान हुँ; तापनि समग्रमा म एक भुइँ हुँ, त्यसैले ममा अनन्त शक्ति छिपेको छ ।

म जङ्गलमा हुर्के बढेको कुचो हुँ । त्यसैले जङ्गली छु । केही जान्दिन । बढार्नु मेरो मुख्य काम हो । उजिल्याउनु मेरो धर्म हो । भित्र र बाहिर सिनित्त र सफा पार्नु मेरो कर्तव्य हो । त्यसैले म बढार्छु – फोहोर मैला म बढार्छु । त्यति मात्र होइन जेलाई र जसलाई पनि चाहें भने म सजिलैसित बढार्न सक्तछु, हुत्याउन सक्तछु, लतार्न र पछार्न पनि सक्तछु । नरकलाई स्वर्ग बनाउने सामर्थ्य ममा निहित छ ।

म तनको मैलो मात्र होइन, मनको मौले पनि बढार्न सक्ने तागतवाला कुचो हुँ । जसरी म बाहिरी फोहोरलाई समेटेर मिल्काउँछु, त्यसैगरी म भित्री फोहोरलाई पनि उदिनेर मिल्काउन सक्तछु । यो तागत अर्थात् अरूको मनमा सद्भावना जगाउने तागत मलाई अरू कसैले दिएको होइन, न त मैले भिक्षा मागेर नै यो पाएको हुँ । यो तागत त मैले भगवान्सँग जोडजुलुम गरेर लिएको हुँ । यही वरदानले गर्दा म मानिसको राक्षसी प्रवृत्तिलाई उसको अन्तस्करणबाट बढार्छु, मुण्ट्याउँछु र गलहत्याउँछु पनि । अब त मैले अझ बढी मात्रामा क्रियाशील बन्ने निधो गरिसकें, कम्मर कसिसकें, अभियान चलाइसकें । अब भित्री होस् वा बाहिरी, फोहोर मैला कत्ति पनि बाँकी राख्दिन म । एक राख्दिन, दुई राख्दिन, तीन राख्दिन । यस किसिमका फोहोर मैलालाई कहिले म हुरी भएर बढार्छु त कहिले आँधी भएर उडाउँछु । म यो दुनियालाई सुकिलो भएको हेर्न चाहन्छु -- मन, वचन र कर्मले । त्यसैले हमेसा यसलाई सफा र सुग्घर राख्न चाहन्छु । विशेष गरेर नेपालीको नामलाई र नाम अनुसारका उनीहरूको कामलाई सधैंको लागि संसारको समक्ष चहकिलो पार्न चाहन्छु । यो मेरो बलवती इच्छा हो, आकाङ्क्षा हो ।

केवल अवलाहरूको हातमा र अछुत भनिने कुचीकारहरूको हातमा मात्र पर्ने अब यो जमाना वित्यो । अब त म ठूलावडा भनाउँदाहरूको हातमा पनि भलै प्रचार मात्रको लागि किन नहोस् परिसकेको छु । नपत्याए पत्र-पत्रिका किन्नुहोस् । त्यसमा लेखेको कुरा पढ्नुहोस् । अनि त्यसमा छापेको फोटो पनि हेर्नुहोस् । क-कसले के के भनेका छन् त्यहाँ ? क-कसको फोटो छापेको छ त्यसमा ? कत्रोकत्रो प्रण गरेका छन् तिनीहरूले ? समाजको समक्ष उदाहरण बन्न कत्तिका तम्सेका छन् तिनीहरू ?

स्वास्थ्य र सफाइको क्षेत्रमा कत्रो हलचल ल्याउन खोजेका छन् उनीहरूले ? करीब २०/३० वर्ष अगाडि पनि एकचोटि यस्तै सफाइ अभियान आएको थियो भन्ने धमिलो सम्झना मेरो दिमागमा अझै छँदैछ तर याद गर्नोस् बाहिरी फोहोर मैलाको फोटो खिचिन्छ । त्यस्तो फोहोर मैला हटाउनलाई मजस्तो कुचोको सहारा लिइन्छ भने के भित्री फोहोर मैलाको पनि फोटो खिच्न सकिन्न र ? को भित्र के कस्तो फोहोर मैला अर्थात् कलुषित भावना छिपेर रहेको छ ? आजको कम्प्युटर र टेलिभीजनको जमानामा के त्यसको पनि लेखाजोखा गर्न फोटो खिंच्न सकिन्न र ? के त्यो नै आजको मूल्याङ्कन परिपाटीको मूलाधार हुन सक्तैन र ?

जे होस् कुचोको काम सफा गर्ने हो । यो कुरो

ध्रुव सत्य हो । यसको पनि दिन खुल्नुपर्थ्यो, खुल्यो । यसले पनि सेवा गर्ने मौका पाउनुपर्थ्यो, पायो । अब यसले अर्थात् मैले खुवी देखाउने वेला आएको छ । आफ्नो करामतको सफल प्रदर्शन गर्नुपरेको छ । समाजमा भावनात्मक क्रान्तिको सूत्रपात गर्दै कोचाहिं हाँस हो र को चाहिं बकुला हो छुट्याउन परेको छ । मान्छेलाई मेशिनबाट अलग्याउन परेको छ । आजको भौतिकवादलाई अध्यात्मवादमा मिसाउनुपरेको छ । अतएव उपर्युक्त सबै काम आज मेरो काँधमा आएको छ ।

सफा हुनु मनुष्यत्व हो । सफा पार्नु देवत्व हो । सफा पार्ने काम मेरो जन्मसिद्ध अधिकार हो । त्यसैले ममा देवत्व छ भनेर म सबैको सामुन्ने फूर्ति लडाउन सक्तछु । किनभने फूर्ति देखाउन परे पनि प्रमाण पुऱ्याएर मात्र फूर्ति देखाउँछु । म कुचो भए पनि हावाको भरमा कुरा गर्दिन । म त ठोस प्रमाण तेर्स्याउँछु ।

'सेवा धर्मो परम गहनो योगिनामप्य गम्य' भन्ने उक्ति मेरो ललाटमा लेखिएकै छ । मैले आफ्नो जीवन यसैमा सुम्पिएको छु र सुम्पन्छु पनि । त्यति मात्र होइन 'कर्मण्येवाधिकारस्ते' भन्ने गीताको अमृत वचन मेरो ढुकढुकीले सदैव ढुकढुक्याएकै छ । अतः यी सबै कारणले गर्दा आजको यो सफाइ आन्दोलन मेरोलागि अभीष्ट वरदान सिद्ध भएकोले यसलाई मैले कायेन मनसा वाचा शिघ्रातिशीघ्र सफलता पूर्वक सुसम्पन्न गर्नुपरेको छ ।

म कुचो भए पनि मैले सत्सङ्ग नपाएको छैन । मन्दिर, मस्जिद, गिर्जाघर बौद्ध विहार आदि जहाँसुकै पनि मेरो पहुँच नपुगेको छैन । 'परोपकार पुण्याय पापाय परपीडनम्' भन्ने वेदव्यासको उक्तिलाई मैले हमेसा शिरोधार्य गरेकै छु । आध्यात्मिक र भौतिक दुवै क्षेत्रमा म आजसम्म कामयावी नै भएको छु । खान, लाउन र कुरा गर्न जान्नुको साथै सफा रहन जान्नु पनि आजको सभ्यताको प्रमुख देन हो भन्ने मेरो मन्तव्य छ । त्यसैले सफाइलाई सभ्यताको पारख गर्ने कसी भनिदिएमा पक्का पनि बाधा पर्दैन भन्ने मलाई लाग्छ । कुनै पनि देश, समाज या व्यक्ति नै किन नहोस् सफाइको सही आधारबाट नै त्यसको श्रेणी वा तह छुट्याउन सकिन्छ । साँच्चि भन्ने होभ ने मेरो सिद्धान्त अनुसार सफाइमा स्वार्थ र परार्थ दुवैको समन्वय पाइन्छ । सफाइले आफ्नो स्वास्थ्य सप्रिन्छ । आफ्ना घर कोठा आँगनहरू शोभनीय बन्दछन् ।

समाजमा सफाइले आफ्नो प्रतिष्ठा बढाउँछ । अनि सफाइ सम्बन्धी पुनीत आचरणले यसप्रति अरूलाई समेत आकर्षित गर्न र प्रभावित पार्नमा महत्त्वपूर्ण भूमिका तयार पार्न सकिन्छ र सिङ्गो समाजलाई यस दिशामा एउटा ठोस योगदान दिन सकिन्छ भन्ने कुरा म जावो कुचो नै भए पनि मैले जानेको छु । वास्तवमा भन्ने हो भने म कुचो भएको कारणबाट नै सफाइको क्षेत्र मेरो कार्यक्षेत्र भएको हो ।

सफाइको क्षेत्रमा साँच्ची भन्ने हो भने हामी नेपालीहरूको आजसम्मको मनोवृत्ति भावना र चलनचल्ती के कस्तो छ, हामी अगाडि बढेका छौं कि पछाडि हटेका छौं भन्ने कुराको सङ्केत म तपाईंहरू समक्ष निम्नलिखित शब्दमा एउटा सिङ्गै प्रश्नावलिको सूत्रात्मक रूपमा व्यक्त गर्न चाहन्छु । कृपया यसलाई जावो कुचोको पण्डित्याइँ भन्ने नठानी नहेपी पढिदिनु होला भन्ने आशा राख्दै यी प्रश्नहरू यहींबाटै शुरु गर्दछु ।

१. हाम्रो राजधानी काठमाडौं सहरमा आजसम्मका कतिवटा सार्वजनिक शौचालय बनेका छन् ?
२. मन्दिर, देवालय आदि पवित्र स्थानहरूको वरिपरिको वातावरणबाट के कस्तो गन्ध आउँछ ?
३. वालाचतुर्दशी अर्थात् सद्वीउ छर्न मेलामा पशुपतिदेखि कैलाश पर्यनत र त्यहाँदेखि पर गुह्येश्वरीसम्मको बाटोको सेरोफेरोमा तपाईं कति ठाउँमा के के कुल्चँदै जानुहुन्छ ?
४. जहाँजहाँ 'फोहोर मैला नगर्नु होला' भनी सूचना टाँगिन्छ, त्यहाँत्यहाँ के के भए गरेको पाइन्छ ?
५. के तपाईं सहरभित्रको साँधुरो गल्लीमा रुमालले नाक नछोपी जान सक्नुहुन्छ ?
६. सहरको गल्लीमा हिंड्दा यदाकदा माथि झ्यालबाट

फालेको कोपरा तपाईंको टाउको माथि खत्तिंदा तपाईंले चोखो हो ?' भनेर सोद्धा माथिबाट 'चोख:' भन्ने जवाफ पाउँदा तपाईं के ठान्नु हुन्छ ?

७. सडक-किनारमा नाङ्गिएर बसेकी सुत्केरीले तेल लगाउँदा विदेशी पर्यटकहरू आ-आफ्नो क्यामराको फोकस मिलाउन तछाड-मछाड गर्दै कत्तिको सर्खराउछन् ?

८. काठमाडौं सहरका सडकहरूमा गाई साँढेले ढसमस्स गरी बाटो छेक्छन् भने पाटन र भादगाउँका सडकहरूमध्ये कुन चाहिंमा सुँगुरका पाठाहरूले बढी मात्रामा बाटो ब्लक गर्दछन् ?

९. बाटाघाटामा मात्र होइन, अन्तर्राष्ट्रिय विमानस्थलमा पनि भुस्याहा कुकुरहरूको प्रेमलीला देख्नुभएको छ ?

१०. हाम्रा गाउँघरमा एकातिर गोठबाट गोवरग्याँसको गन्ध आउँछ त अर्कातिर नजिकै रछानको गन्ध। यदि त्यहाँ खुला हावा नहुँदो हो त गाउँलेका के हालत हुने थियो ?

११. सडकको किनारा केटाकेटीहरूका शौचालयको लागि हुनुको साथै युवा युवती र प्रौढहरूको लागि समेत खुला त्यहाँका कुनाकाप्चा भएकोमा तपाईंको प्रतिक्रिया के छ ?

१२. सहरमा विशेष गरेर राजधानीका सडकहरूमा जनसंख्या के कस्तो असर परेको छ ?

१३. के आज सडक, गल्ली, चोकका विभिन्न ठाउँमा थुपारिएका फोहोरका डङ्गुरले विभिन्न सङ्क्रामक र घातक रोगहरूलाई नियन्त्रण दिएको छैन ?

१४. सडकका कुनाकाप्चा यत्रतत्र जताततै फ्याँकिएका प्लाष्टिक, पोलिथिन, पेपर, वियरका बोतल, फलफूलका बोक्रा आदि काठमाडौं सहरको शोभालाई कति उजिल्याएको छ ?

अनि सफाइ र सभ्यताको कुन धरातलमा समाजमा सर्वोत्कृष्ट प्राणी भनाउँदो जन्तु आज को उभिएको छ ? विचार गर्नुहोस् ।

हजूर ! वास्तवमा म नबोल्ने कुचो हुँ । तापनि आज आवेगमा आएर मैले यहाँनेर बढ्ता कुरा बोलेको भए माफी पाऊँ । के गरुँ ! मेरो बानी त यस्तो थिएन तर अहिले ममाथि के सनक सवार भयो मलाई थाहा छैन । म त स्वभावैले कुरा गर्नभन्दा काम गर्न बढी रुचाउँथे र रुचाउँछु पनि । मेरो लामो जिभ्रो छैन । एक थोक बोलेर अर्को थोक गर्न म जान्दै जान्दिन । म धेरैजसो तथाकथित क्षुद्र कुराहरूमा नै अल्मलिन्छु । मेरो निकट सम्बन्ध केवल ढ्वाङ्गसँग मात्रै रहन्छ तर यहाँ सडक-किनाराहरूमा विदेशमा जस्तै प्रशस्त ढ्वाङ्गहरू नै देखिदैनन् । ठूलाठूला कुरा गर्न न मेरो सीप छ, न मेरो नसीव छ । सानो भएर ठूलो कुराको मुख बाएँ भने मैले ठूलो यातना भोग्नुपर्दछ भन्ने कुराको नमीठो अनुभव मैले धेरैचोटी गरेको छु । त्यसैले मेरो मुख अति नै सानो छ – सियोको टुप्पो जस्तै ।

अन्तमा मेरो नसीवमा कुचो भन्ने लेखिएकोले प्रचारको लागि मात्रै एकै छिन कुचो समाउने भद्र भलाद्मीजस्तो महान् व्यक्तित्व म होइन । वस्तुत: म त स्वयं कुचो हुँ । कुचै रहन्छु । म अज्ञानलाई बढार्छु, अन्धकारलाई बढार्छु, अन्ध विश्वासलाई बढार्छु, आडम्बर लाई बढार्छु, अहङ्काकारलाई बढार्छु । म त, सवादुई करोड नेपाली मात्रको सेवा होइन, संसार भर छरिएका सबै नेपालीहरूको सेवक हुँ । अझ यसभन्दा पनि बढी भन्ने हो भने म त मानव मात्रको सेवक हुँ, केवल कुचो हुँ । माथि भने झैं मेरो काम मात्र बढार्नु हो । विकृतिलाई बढार्नु हो, विसङ्गतिलाई हटाउनु हो, असभ्यतालाई पन्छाउनु हो । म निर्लिप्त छु, निष्काम कर्मयोग नै मेरो सङ्कल्प हो । मलाई भुक्ति मुक्ति केही पनि चाहिंदैन । मान र मर्यादा दुवैथोक मलाई चाहिन्न । पैसा राख्ने त मसँग ठाउँ नै छैन भनेर मैले अगाडि नै बताइसकेको छु । स्यावास र धिक्कार मेरो लेखा वरावरै छ । तैपनि मेरो एउटा इच्छा छ, आकाङ्क्षा छ – म अर्को जन्ममा पनि सबैको सेवा गर्ने कुचो नै भएर जन्मूँ । भगवान्सँग मेरो अन्तिम बिसाउ यत्ति हो ।

हरि: ॐ तत्सत् ।

– वानेश्वर

कविता — भूनर्कको त्यै यमले जलायो

⇨ हेमराज पाण्डे 'अभागी'

बार्यो परेली जब तिर्मिरायो
शङ्का झझल्को मनमा पलायो
स्वप्ना चुनौती पनि बढ्दै आयो
भूनर्कको त्यै यमले जलायो ।

बल्छी जसै सन्मुख बल्झिदैमा
निशासिंदो नेल म पैह्रदैमा
समाधिले सन्मुखभित्र ल्यायो
भूनर्कको त्यै यमले जलायो ।

सङ्क्रामको निर्जन विश्वभित्र
गड्ड विच्छौहल्ये लिचिम
लेदो, शसिलो जल बन्दै आयो
भूनर्कको त्यै यमले जलायो ।

सलो पखाली नद छाल नेर
फर्के बलायो नगरी अबेर
भुर्कदमै लपकर बर्मरायो
भूनर्कको त्यै यमले जलायो ।

उद्दीप्त ज्वालामुख मानु ल्याई
र दाहवती पनि हुनुगाई
मशान बुर्की अघरल्ल ज्यायो
भूनर्कको त्यै यमले जलायो ।

छन्की प्रितात्मा पुनः जन्म पाई
त्रिकालदर्शी सरिकै रमाई
उत्साह मौसी मनमा एसारी
भूनर्कको त्यै यमले जलायो ।

भै लाश मुर्दा जलको तटैमा
वेरेर कात्रो दूतले शिरैमा
अन्त्यष्टि चित्कारित गीत गायो
भूनर्कको त्यै यमले जलायो । — अभागीजी

कविता — त्यै हो पवित्र हरिचिन्तनको सुबेला

⇨ पं. रामप्रसाद भट्टराई

रात्रि वित्यो मदन मोज मजा गरेर
मलमूत्र त्याग गरँदा छुटिगो सवेर ।
दिनमा पनि विषय वासनाको छ खेला
आएन कत्ति हरिचिन्तनको सुबेला ॥१॥
शक्ति र तेज बलपूर्ण हुँदा पनि क्यै
बन्दै बनेन स्थिर चित्त पनि कहिल्यै ।
अधैर्यले भजन-कीर्तन पो के होला
आएन कत्ति हरिचिन्तनको सुबेला ॥२॥
नाना कुतर्क लिइहिंड्दछ रातदिन
पर्वन्त् अध्यि सकिंदा पनि एकछिन ।
अन्धो बनेर घुमने अक्क केन होला
आएन कत्ति हरिचिन्तनको सुबेला ॥३॥
सुदीर्घजीवी हुनुमा रति छैन आस ।
सुमार्ग शुद्ध नहुँदा मन भो निराश
शीघ्रातिशीघ्र अब पो कुन देव देला ।
आएन कत्ति हरिचिन्तनको सुबेला ॥४॥
श्रीकृष्ण भक्तिरसमा न सदा हुर्वे म
आनन्द मानी न त मन्दिरमा घुमें म
अझै पनि मन बसेन पछि के होला ।
आएन कत्ति हरिचिन्तनको सुबेला ॥५॥
दारिद्रय दुःख जति हुन् भवनका कटारी
हन्छौ परीक्षण गरेर समाप्त पारी
निर्सेपछि जगतका सब तुच्छ खेला
मिल्नेछ चिन्तनपछि हरिको सुबेला ॥६॥
असारको विषय-वासन छट्ट छाडी
[illegible] हरिचिन्तनको बगाडि
[illegible] मार्ग सुधारिएला
[illegible] हरिचिन्तनको सुबेला । ॥७॥
[illegible] छैन
[illegible] छैन-छैन ।
[illegible] जन हरिएला
त्यै हो पवित्र हरिचिन्तनको सुबेला ॥८॥

(कवि पं. रामप्रसाद भट्टराई ९१ वर्षीय पाल्पाली कवि हुन् । धेरै वर्षअघि रचिएको यो कविता जरालको तर्फ प्रकाशित गरिएको छ । त्यसैले वास्तवीय छन्दमा तुनै संशोधन छैन-सं.)

हास्यव्यङ्ग्य

गुदी नलाग्ने कुराहरू

❑ लुशराज

पुराणमा दख्खल हुनेहरू भन्ने गर्छन् – छोरो नभए स्वर्गको ढोका खुल्दैन । भगीरथले गङ्गाजीलाई पृथ्वीमा ओरालेर आफ्ना सात पुस्ताका लागि स्वर्गको ढोका खुलाई दिएका थिए । 'भगीरथ प्रयास' त्यसै कहाँ भनिएको रहेछ र ! भगीरथले त्यसरी 'रिमोट कन्ट्रोल' नगरेका भए यो शब्दलाई नेपाली जनजिब्रोले समाउने नै थिएन ।

हाम्रो समाजले छोरो नहुनेलाई अपुतो भनेर हेलांकै दृष्टिले हेर्दछ । यहाँ बाँचुञ्जेल मुखमा माड लाग्न धौधौं परे पनि छोरो भयो भने स्वर्गमा टन्न पिण्ड पानी डकारेर मोटाउन पाइन्छ भन्ने कुरामा हाम्रो समाज ढुक्कैछ । पहिलो भगीरथले आफ्ना सात पुर्खाको चिन्ता लिएका थिए । अहिलेका भोगीरत भोलि मर्नुपर्छ भन्ने कुरो समेत बिर्सेर आफ्ना सात पिंढीलाई सम्पन्नता र ख्याति जुटाइ दिने तपस्यामा मरिमेटेका हुन्छन् । यस्ता भोगीरतका कुरा छोडेर औसत नेपालीकै कुरा गर्दा पनि ऋणको पोखरीमा चुर्लुम्म डुब्दाको बाबुको विपन्नता समेत छोराको सम्झनाले मात्रै पनि प्रसन्नतामा बदलिन्छ । त्यसैगरी प्रसव पीडाले डाँको छोडेर चिच्याइ रहने आमाको चेहरा पनि आफ्नो आँत चुँडिएर झरेको मासुको डल्लोलाई 'छोरा' भन्न पाउँदा त्यसै त्यसै जगमगाउन थाल्छ ।

यो 'छोरो' शब्द नाथ्रीको डोरीभन्दा केही कम छैन । केटाकेटी झगडा गर्दा पनि बाबु-आमा आफ्नै नानीको वकालतमा पाखुरा खैंचेर मैदानमा उत्रन्छन् । झगडा हुने बाबु-आमामा सम्झौता गराउन र सम्झौता हुनेमा झगडा गराउन पनि (?) औषधिकै काम गर्छ यो शब्दवाहकले । छोराले पनि छोरो पाउने लाइन समाते पछिको (बि ?) जोगको कुरा चाहिं नकोट्याउनु नै बेस होला ।

म पनि यही धरातलमा उभिएर यही सामाजिक सेरोफेरोले घेरिएको एक पात्र न हुँ । म मात्रै अपवाद छु अनि छोराको छुवाछुतबाट बचेको छु भनेर छुल्याइँ गर्न खोजेको होइन । बरु म पनि यो जन्जालमा कसरी जेलिन पुगेको थिएँ भन्ने प्रसङ्गमा बिर्सनै गारो परेका केही गुदी नलाग्ने कुराका स्मरण मात्र प्रस्तुत गर्न खोजेको छु यहाँ ।

+ + +

नेपालमा बहुदल कि निर्दल भनेर जनमत हुने बेलाको कुरो हो यो । त्यसबेला मेरो छोरो ५ वर्ष पनि पुगेको थिएन । म चितवनमा जागिरे थिएँ । जाडो छल्न बा-आमा पनि जानु भएको थियो । अर्थात् त्यसबेला त्यहाँ हाम्रो तीनै पुस्ता मौजुदा थियो । बाल-बृद्ध घरमा भए पछि फलफूल टुटाउन भएन, केही न केही रहन्थ्यो नै । एकदिन कार्यालयको काम सकेर डेरामा आउँदा छोराले केरा चोरेर खाएको चुक्ली लागाए केटाकेटीले नै । मैले उसलाई सोधें । उसले जवाफ दिएन । घोसे मुन्टो लगाएर उभिरह्यो । केरा खाएकोमा भन्दा पनि बानी बिग्रेकोमा मेरो दिमाग छड्कियो । भण्डारबाट आठ/दशवटा केरा ल्याएर 'ल खा, खान नपाएका पाजी' भन्दै उसलाई कोच्याउन थालें । बिचरो के खान्थ्यो केरा, दारा किट्दै दैलो पोते जस्तै उसको मुखभरि पोतिदिएँ ती केराले । घरका सबै परिवार दर्शक मात्र भए । मेरो लाटो रीसको अगाडि कसैको बोल्ने हिम्मत पनि हुँदैन थियो । बा आँखा नदेख्ने । आमा पिलपिलाउँदो मुख लगाएर बस्नु भयो–बिचराको त्यो दुर्दशा देखेर । यति गरिसक्दा नसक्दै म आफैंलाई लाग्न थाल्यो – साँच्चै त्यो पाजी नै रहेछ र म त्यो पाजीको बाबु, अर्थात् गधा । नत्र यस किसिमको दण्ड

पनि जान्न सकिन ।

यौटा कुरो पक्कै हो, जागिरमा नै हाडछाला घोट्ने बानी लागेर पनि छोराछोरीको पढाइमा ध्यान पुग्न सकेनछ । यो कुराको आभास त्यसबेला भयो जब स्कूलसम्म राम्रो गर्दै गएका छोराछोरीको खुट्टा कलेजमा पुगी लरखराउन थाले । हाम्रो संस्कृति अनुसार बुढेसकालको सहारा एकमात्र छोराको पढाइमा अब पनि ध्यान दिइएन भने पुत्रऋणले पनि पोल्ने छ भन्ने लागेर पारिवारिक सल्लाह अनुसार यहाँको अव्यवस्थित शिक्षा प्रणाली र घरको प्रतिकूल वातावरणबाट उसलाई अलि टाढा राख्ने विचार भयो । त्यसैले इष्टमा भन्दा पनि मित्रमा भर परेर ठूलो अनुनय विनय पछि मित्रको साथ लगाएर छोरालाई लाहुर पठाइयो । समय घर्किसकेकोले भर्ना हुने कुरा दोधारमै थियो अनि मैले मित्रलाई भनेको थिएँ । सके भर्ना गरेर पढाइतिर लगाइदिनु नसके भाँडा माझ्ने काममा भए पनि लगाइदिनु होला । उन्नतिबाट विमुख छोराको मुख हेरेर मलाई दिन बिताउन साह्रै गारो पऱ्यो । यस प्रकारको मुटुघोच्ने रोग धेरैले प्रत्यक्ष प्रकट गर्न चाहँदैनन् तर मैले लुकाएर बस्न सकिन र प्रकट गरें ।

डालामा पैसा गन्ने बाजेका पालाका कुरा छाडौं हाम्रै पालामा पनि बूढापाकाले पुस-फास्फुस् भनेर उखान हाल्ने गरेको सुन्थ्यौं । त्यसको प्रत्यक्ष अनुभव गर्ने मौका भने उमेरले आधा शताब्दीको घामपानी पचाइ सकेपछि भर्नौं वा नेपालीको औसत आयु पार गरिसकेपछि बल्ल यो वर्ष पाएको थिएँ । बूढापाकाको त्यो भनाइलाई चरितार्थ गर्दै यस वर्षको पुस निकै ठुस्सिएर आयो । तराइका तरकारी खेतीले ठाडो मुन्टो गर्नै सकेनन् । परिणाममा तरकारीको भाउले आकास छुन खोज्यो । भारतमा हुन लागेको संसदको चुनावी हारजीतमा पनि प्याजको अभावले निकै ठूलो भूमिका खेल्ने जस्ता खबरले अखवारका मुखपृष्ठमा स्थान पाए ।

गोरखपुरका रिक्सावालाको भनाइमा त्यहाँ महिनौंदेखि सूर्यको दर्शन पाइएन । त्यसै त छोटो दिन त्यसमाथि हुस्सुले ढाकेर दिउसै बत्ती बाल्नुपर्ने मौसमको साम्राज्य बन्यो । सल्लाको बोटलाई सजाएर मैनबत्ती बाली नवर्षको स्वागत गर्न तल्लीन क्रिस्तान बाहेक अरू कुन वर्गको मन यो मौसमले जित्न सक्थ्यो र ?

यही मौसमको शीतलहरी पट्याउँदै म पनि चेकमा सही गर्न पाउने हाकिमी आसन छाडेर मासिन लागेका अर्नाको तथाकथित संरक्षण थलो जस्तै ठाउँमा भरखरै आसन जमाउन आइ पुगेको थिएँ । निश्चित प्रक्रियाबाट काम गर्नु भन्दा 'मिलाउने' निर्देशनको भरमा काम कारवाही गर्दाको सम्पूर्ण खर्च नै बेरुजुमा टिपिन्थे । औचित्य (?) को आधारमा उठ्ने यस्ता बेरुजुको लागि अपनाइने औचित्यका कोण दृष्टिकोणको छेउटुप्पो फेला पर्दैनथे । यस्तो काम गरेर कसैलाई खुशी पार्न पनि सकिन र आत्म सन्तुष्टि पनि थिएन । त्यसैले यसरी ड्राइभरबाट खलाँसीमा झरेर आए अराएको काम गर्ने गरी स्थानान्तरण हुन पाएकोमा मन हलुको भएको थियो ।

अर्कोतिर लाहुर पसेको केही दिनमा नै छोरा कलेज भर्ना भएको अनि खर्च पनि निकै कम लागेको खबर आइपुग्यो । यसले गर्दा मनको एउटा पाटोमा केही उज्यालोको आभास भयो । म्याद गुजिसकेकोले त्यति सजिलोसँग अनि त्यति चाँडै र त्यतिकै खर्चमा उ भर्ना हुनसक्ने कुरामा आफूले पाएको पूर्व जानकारी अनुसार सम्भव नभएको तथ्यले चाहिं अर्को पाटोमा अन्यौलको बादल छाइ नै रह्यो । पत्रबाट प्रक्रिया पूरा गर्न छोरालाई घच्घच्याएँ । अरू उपाय पनि देखिन ।

समय गुज्रिदै गयो । सानातिना समस्या सुल्झिदै गए । छोराको कलेजको अर्धवार्षिक परीक्षा आइपुग्यो । पहिलो दिन अंग्रेजीको जाँच दिएपछि विश्वविद्यालयबाट वैधानिकताको प्रश्न खडा गरेर कलेजले लिएको भर्ना माथि नियमापत्ति गर्दै विश्वविद्यालयमा उसको नाम दर्ता हुन नसक्ने व्यहोराको पत्र उसलाई थमाइयो ।

कत्रो विडम्बना । एकातिर कलेजले भर्ना लिएर छ महिनासम्म पढाइ गुनाइ जाँचमा समेत बसाउँछ । अर्कोतिर विश्वविद्यालयले प्रक्रिया नपुगेको भनी नाम दर्ता गर्न अस्वीकार गर्छ । विद्यार्थीको जीवनमाथि अनौठो खेलवाडको शिकारमा मेरै छोरो पर्नु लेखेको रहेछ । प्रमुख पात्रको हैसियतले उसले कति मानसिक यातना सह्यो होला त्यो त छुट्टै कुरा हो हामीलाई पनि कम निराश पारेन । उसले २०८ कि.मि. टाढा रहेको विश्वविद्यालयको तारिख धान्दा धान्दा आर्थिक एवं शारीरिक हिसाबले पनि निकै ठूलो भार वहन गर्नुपर्ने भयो । त्यति गरेर पनि काम भएको भए चित्त बुझाउने बाटो हुन्थ्यो तर हात्ती आयो हात्ती आयो फुस्सा भने जस्तै भयो सबै प्रयासका परिणाम । सबभन्दा ठूलो कुरो त छोराको धैर्यता खलबलिएला भन्ने पो भयो । त्यसको लागि म आफैं त्यहाँ पुग्नुपर्ने सरसल्लाह भयो र त्यो लाहुरको लागि २०५४/०९/१८ गते शुक्रवार बिहान छ बजे काठमाडौं छाडें ।

काठमाडौं छाडेको ११ घण्टामा ३९२ कि.मि. सफर गरी बेलुका सात बजे गोरखपुरबाट 'कुशीनगर एक्सप्रेस' समाउनु पर्थ्यो । एकपटक रेलमा बसेपछि १५१३ कि.मि सफरका लागि ३० घण्टा भन्दा बढी समयसम्म खुट्टा तन्काएर पसारे हुन्थ्यो । त्यसको लागि भा.रु. १४७९/- र त्यसको ध्युखानी अनि सुद समेत [illegible] थियो - भारतीय रेल्वे र त्यसका कर्मचार [illegible] । अन्तिम रेल स्टेशन नाशिक रोड (बम्बैको बाटोमा बम्बैबाट १८४ कि.मि. वरै) बाट करिब १० कि.मि. को यात्रा तय गरेपछि लाहुर अर्थात् छोराको गुरुकुल, नाशिक शहरको पारिजात नगर, पुगिन्थ्यो । यसरी काठमाडौंबाट कुल १९१५ कि.मि. काठमाडौं-गुर्गलिङ-नारायणगढ-बुटवल-सुनौली-गोरखपुर-नासिकरोड-पारिजातनगर: (११०+३६+११४+३६+९६+ १५१३ +१०=१९१५) सफर गरेर छोराको निन्याउरो अनुहार हेर्न २०५४/०९/२० गते आइतवार बिहान ७ बजे पारिजात नगर पुगें ।

२०५४/०९/२१ गते बिहान छ बजे नै छोरोलाई साथमा लिएर पूनाको लागि रमाना भएँ । त्यहाँ विश्वविद्यालयमा गएर सम्बन्धित अधिकारीहरूलाई – मेरो छोरोको जिन्दगीसँग खेलवाड नगरिदेऊ, ऊप्रति दया गर, उसलाई माया गर, कलेजको त्रुटी ऊमाथि नथोपर आदि इत्यादि भनेर अनुनय विनय गरी हात जोड्ने बाहेक त्यहाँ गर्नसकिने अरू कुरा पनि थिएन । दिनभरि भोकभोकै यताबाट उता, उताबाट यता धाउँदै, प्रतीक्षा गर्दै सम्भावित ढोकाहरू घच्घच्याउँदै दु:खेसो पेल्नु थियो, पोखियो । तर कतै-कतैबाट पनि सकारात्मक जवाफ पाइएन । बिलखबन्द मन च्यापेर नाशिक फर्कने अन्तिम बस फेला पार्न कुध्यौं र साँझ ४ बजे पूना छाड्यौं । रातको ११:१५ बजे पारिजात नगर पुगेर अनायास निस्कने लामो सुस्केरा दवाउने प्रयास गर्दै करङ ओछ्याउने तरखरमा लाग्यौं । भोलिपल्ट NIIT Computers मा गएर छोराको नाम लेखाउने व्यवस्था मिलायौं । सावाँ नपाए पनि ब्याज त छाड्नु भएन नि ।

'पशुपतिनाथको जात्रा सिद्राको व्यापार' भन्ने नेपाली उखानलाई चरितार्थ पार्दै २३ गते नाशिकको वरपर रहेका तपोवन, सीतागुफा, कालाराम मन्दिर, कपालेश्वर महादेव, रामकुण्ड, भद्रकाली विट्ठल मन्दिर दर्शन गरी समय धकेल्ने काम गरियो । त्यस्तै तरकारी थोकबजारको अवलोकन, छोरालाई ट्युशन पढाउने गुरु र घरबेटीहरूसँगको औपचारिक भेटघाट, छोराको विद्यालय परिसरको डुलडाल आदिले पनि समय घचेट्न गलको काम गरे । यही घुमघाम र गफगाफबाट नाशिकका बारेमा केही बुझ्ने अवसर पनि पाएँ ।

पहिलेकाले पद्मासन त्रिकान्तक भने तापनि हालकाले नाशि भन्ने गरेको यो शहरको उचाइ समुद्र सतहबाट ५९८ मिटर माथि रहेछ । यसको क्षेत्रफल ३,०७,७६२ वर्ग किलो मिटर छ । राष्ट्रिय राजमार्ग नं. ३ (बम्बै-आग्रा सडक) का साथै अन्य सडक र रेलमार्गबाट राष्ट्रका अन्य भागमा सम्पर्क स्थापित यो

शहर महाराष्ट्र प्रदेशको विकसित शहर मध्येको एक पर्दो रहेछ । यो शहरमा घाँटी तन्काएर हेर्नुपर्ने खाले अग्ला घरहरू छैनन् । हरियाली छ । यातायात, बिजुली, पानी, सञ्चारको राम्रो व्यवस्था छ । सरसफाइ छ । नागरिक अनुशासित छन् । भाडभैलो छैन । रातमा एक्लै दुक्लै केटी हिंड्न समेत हिच्किचाउनु पर्दैन । ढुक्क भएर हिडे हुन्छ, हिंड्दा रहेछन् । गुलावको फूल र चिकु अनि अङ्गुरजस्ता फलको लागि यो ठाउँ कहलिएको रहेछ । यहाँको इण्डियन सेक्युरिटी प्रेशमा कुनै बेला नेपाल राष्ट्र बैंकबाट निस्काशित नोटहरू छापिन्थे रे । पवित्र नदी गोदावरीको किनारमा यो शहर अवस्थित छ । त्रेतायुगेमा रामचन्द्र भगवान् वनवास जाँदाको प्रसङ्गमा आउने पञ्चवटी भन्ने ठाउँ यसै नगरीको आडमा पर्ने रहेछ ।

पुराणमा वर्णित बाह्र ज्योतिर्लिङ्ग मध्येका त्र्यम्बकेश्वर महादेव पनि यसै नगरीका रक्षकका रूपमा रहेका छन् । यो मन्दिर नगरको केन्द्रविन्दुबाट करिब ३० कि.मि. दक्षिण पश्चिममा रहेको छ । गोदावरी नदीको उद्गम स्थानमा रहेको यो ज्योतिर्लिङ्गको आफ्नै विशेषता छ । अरू शिवलिङ्ग ऊर्ध्वमुखी हुन्छन्, तर त्र्यम्बकेश्वर अधोमुखी छन् । हाम्रा आराध्यदेवी गुप्तेश्वरीको प्वालक जस्तै प्वालकमा त्रिखुटीको आकारमा अधोमुखी भएर रहेका छन्, त्र्यम्बकेश्वर महादेव । हाम्रा जलेश्वर महादेवको जस्तै जमीनभन्दा तल अवस्थित यी ज्योतिर्लिङ्गको दर्शनार्थ धोती फेरेर, चोखिएर मात्र जान पाइने रहेछ । नत्र जमीनको माथिबाटै वार्दली जस्तै ठाउँबाट दर्शन गर्नुपर्ने रहेछ । ढुङ्गाको मनोरम मन्दिर छ । शहरबाट राज्य परिवहनको बस नियमित चल्छ । २०५४ पुस २४ गते यस्ता अधोमुखी त्रिलिङ्गी ज्योतिर्लिङ्गी त्र्यम्बकेश्वर महादेवको दर्शन गर्ने शुभ अवसर प्राप्त भयो ।

त्र्यम्बकेश्वर जाँदा बाटोमा देखिने पहाडको दृश्य पनि आफ्नै प्रकारको छ । धारिलो हतियारले चटक्क काटेर चोइटा निकालेको जस्तो देखिन्छ – पहाडको पानी ढलोमा । त्यही पहाडी शृङ्खलामा पूर्व मोहडा गरेर हनुमान बसे जस्तो देखिने एउटा थुम्को पनि रहेछ ।

विश्व प्रसिद्ध शिरडी साइबाबाको थातथलो 'शिरडी'नाशिकबाट ९० कि.मि. टाढा पर्दछ । यहाँबाट पूना जाने बाटो भएर जानुपर्दो रहेछ ।

भारतमा जम्मा चार ठाउँ (उज्जैन, प्रयाग, नाशिक र हरिद्वार) मा १२ वर्षे कुम्भ मेला लाग्छ । नाशिकको रामकुण्ड भन्ने स्थानमा यो मेला लाग्ने रहेछ । त्यहाँ गोदावरी नदीलाई प्रयोगशालाको नदी जस्तै पक्का गरेर सोतोहरूबाट बगाइएको रहेछ । पानी कम भएको बेलामा त्यही ठाउँमा ठूलो तरकारी बजार पनि लाग्ने रहेछ । उज्जैनको एउटा १२ वर्षे मेला हेरेको छु । नाशिक समेत अरू तीन ठाउँको मेला नदेखे पनि मेला लाग्ने स्थानको दर्शन, स्पर्शन भने पाइयो ।

छोराको मन बहलाउन पुस २६ गते शनिवार बम्बै घुम्न जाने योजना बन्यो । आरक्षित 'ट्याक्स्' गाडीमा नवग्रह जस्ता नौ वटा टाउका (सुगम, सगुन, सुनिता, अजय, वसन्ता (शोभा), मीरा, सीताराम, जयराम र चालक) अनि तिनको दानापानी पनि कोचेर बिहान ६ बजे बम्बैको गोराइ टापुमा विकसित 'एसेल वर्ल्ड्' हेर्न नाशिकबाट हाम्रो यात्रा आरम्भ भयो । नेपालको बनोट बिर्साउने पहाडी बाटो हुँदै १८० कि.मि. भन्दा बढी दूरी तय गरेर गन्तव्यमा पुग्यौं । ३' ३" भन्दा होचाइलाई सित्तै, ३' ३" देखि ४' ६" सम्मलाई रू. १५०/- प्रति टाउको र ४' ६" भन्दा अग्लालाई रू. २००/- प्रति टाउकोका दरले टिकट लाग्ने रहेछ । त्यो टिकट काटेर भित्र छिरेपछि त्यसको हाताभित्र रहेको सम्पूर्ण मनोरञ्जनात्मक खेलहरू त्यस दिनको

लागि इच्छानुसार खेल्न पाइने रहेछ। केही खेलहरू त मुटु हल्लनेले हेर्दा नै पनि आँखा चिम्लनुपर्ने खाले रहेछन्। तिनले खेल्ने आँट गर्ने त कुरै पर जाओस्। लाटाको देशमा गाँडो तन्नेरी भएर केटाकेटीका खेल बाहेक अरू कुनै खेल पनि छाडिन मैले त। पानीले लुगा निथ्रुक्क पारेर भिजाउने खेल समेत खेल्न तम्सिनाले त्यहाँबाट निस्के पछि बाटामा धेरैवेर ढाडिएर समेत बस्नु पर्‍यो। यसरी मुटुभरि ढुङ्गा राखी हाँस्ने अभिनय गर्दै 'एसेल वर्ल्ड'को त्यो मनोरञ्जनात्मक कार्यक्रम सकेर बम्बैको दादरमा पुग्यौं। त्यहाँ सामान्य किनमेल गरेर नाशिक फर्कंदा रातको १०:३० बजेको थियो।

२०५४/०९/२० मा आरम्भ गरेको नाशिकको सप्ताह ठ्याक्कै २०५४/०९/२७ मा समापन गरी त्यसै दिन रातको २३:५५ बजे पारिजात नगर छाड्यौं। उपवाचक र गणेशको रूपमा सीतारामजी र वसन्ता साथ हुनुहुन्थ्यो। समय तालिकानुसार २०५४/०९/२८ को बिहान २:२४ बजे छुट्नुपर्ने रेल ३:३० बजेमात्र गुड्यो।

शीत-ताप नियन्त्रित डिब्बाका झ्यालहरू खुल्दैनथे। आफ्नो मन जस्तै डिब्बा भित्र टिलपिले चौमको पिलपिले उज्यालो बाहेक अरू प्रकाशको आस रहँदैन थियो। त्यसैले शौचालयको छेउमा रहेको ढोकामा यसो उभिएर बाहिरको वातावरणमा सास फेर्न मन लाग्थ्यो र दिनको उज्यालो भेटेसम्म त्यसै गर्थें। यसै क्रममा मैले रेलका पटरीमा भएको परिवर्तन देखें। जङ्गलले धानुञ्जेल यी पटरी पूर्णतः काठका हुन्थे। त्यस पछि रेलको मुन्तिर मात्र काठका पिर्का र यिनलाई जोड्ने फलामे तान देखा परे। त्यसपछि काठ हराएर रेलमुनि फलामे पिर्का र तिनलाई जोड्ने फलामकै तान देखिन थाले। अब त पूरै कंक्रिट (सम्भवतः प्रीष्ट्रेस्ड्) का पटरी प्रयोग हुन थालेछन्। त्यसै गरी रेल पनि टुक्राटुक्रा हुन्थे। यी टुक्राका जोर्तीमा हुने खाली ठाउँमा पाङ्ग्रा बजारिंदा अनौठो आवाज आउँथ्यो। रेल चढ्दा अविरल सङ्गीत सुन्न पाइन्थ्यो कटक् टक् ... कटक् टक्...कट्ट्ट्ट् .. कटक्, कटक् ...। ऐले त ती टुक्रा रेल रसाइन गरी गाँस्न थालिएछ। आवाज सुन्नै मुस्किल। कोइलाको धूलो र धुवाँ देख्नै गाह्रो हैन के उत्पात गरिसकेछ ए। भारतीय रेलले त भने जस्तो लाग्यो।

यस्तै त्यस्तै अनुभव सँगाल्दै पुसको २९ गते अर्थात् मसान्तको दिन दिउँसो ११:३० बजे गोरखपुर पुगियो। नौतनवाको लागि बस चढ्दा १२:३० भएको थियो। 'खिचडी मेला' ले गर्दा गोरखनाथको मन्दिरको बाटो गरी सवारी साधन चल्न प्रतिबन्ध लगाइएको रहेछ। वैकल्पिक गाउँले बाटोबाट बस एकतर्फीसम्म चल्ने, दोहोरो सवारी एकै पटक चल्न नसक्ने खाले सानो बाटो रहेछ। सवारीको सबै चाप त्यसैतिर सोहोरि एकोले झण्डै डेढ घण्टाको अलमलमा परियो त्यो बाटो छिचोल्न। त्यस दिन सबैकै त्यही हविगत भयो मेलाले गर्दा।

साँझ चार बजे सुनौली पुग्यौं। झण्डै एक घण्टा त्यहाँ अलमल भयो। त्यस पछि चालक चन्द्र जिरेलको कुशल हँकाइले २२:१५ बजे ढुङ्गागड्डा पुग्न सक्यौं। उसरी घर छाडेर हिंडेको ठ्याक्कै एक दर्जन दिनमा यो (अ ?) सफल यात्रा सम्पन्न गरी 'पिण्ड स्थाने पिण्डम्' भइयो।

छोराछोरीका पढाइका लागि दिलैदेखि लागि परेर भिडेको यो पहिलो पटक हो। यसमा यसरी हतासिनु पर्ने वातावरणको सिर्जना भयो। त्यसमा केही सुधार हुनसक्छ कि भनी गरेको थप प्रयासमा पनि गुदी लाग्ने लक्षण भने देखा परेन।

- माघे सङ्क्रान्ति, २०५४

✧✧✧

निरङ्कुश मनहरूसँग

⇨ यादव थपलिया

मान्द्रो ओढेर आङभरि निरङ्कुशमनहरू
ठोकिरहेछन् मानवताको ढोल
र, उसरी नै फुकिरहेछन् –
स्वतन्त्रता स्वच्छन्दता र समानताको विगुल ।

अफसोच ! एकमुट्ठी निरङ्कुशमनहरू
स्वतन्त्रताको स्वाभिमान उत्कर्ष गर्न
कैद गर्छन्, वेपत्ता पार्छन् निरीह, निर्दोषीमनहरू
समानताका कल्पवृक्ष उमार्न खाडल खन्छन्,
छाप्रामन र निरङ्कुश महलमनहरूबीच
घुस खान्छन्, खुवाउँछन्
स्वच्छन्दताकै झुठो वकपत्र तयार गर्न
र, त्यसैगरी फेरि उसैगरी
मान्छे मार्छन्, मार्न लगाउँछन्
मानवताको दीप प्रज्ज्वलनका खातिर
आश्वासनको खेती लाउने
निरङ्कुशमनहरू निरन्तर बाँडिरहन्छन्
आश्वासनका शूल
र, उसरी नै बाटिरहन्छन्–निरङ्कुशताका डोरी ।

खबरदार ! निरङ्कुशमनहरू
आगोको जुलुस खनिदैछ वस्तीबाट तिम्रा छातीभरि
थाहा पाइसकें अब तिम्रो आवरणको जादू
र, धेरै भोगिसकें तिम्रा नौटङ्गीहरू ।

प्रभात अभ्युदयको दृश्य चुम्बनसँगै
श्रीअन्तुको लालिमा चुम्न उत्कर्षित ढाक्रे, कोदाले
र, असंख्य असुरमनहरूका आक्रोश
बन्दैछन् रस्यौटाका लप्काहरू
सावधान ! निरङ्कुशमनहरू
चुँडालिनेछन् अब तिम्रा आश्वासनका डोरीहरू
फ्याँकिनेछन् निरङ्कुशमनहरू,
मानवता र स्वतन्त्रताका निम्ति
समानता र स्वच्छन्दताका निम्ति
फुकिनेछन् शुभागमनमा स्वागतम्का
सनही/कर्णालहरू
त्यतिवेला मेरो अक्षरमन
ताली बजाएर शब्दहरूका मनभरि
निरङ्कुशमनहरूमाथि
विजयोत्सव मनाइरहेको हुनेछ । – खरेलथोक – ९, काभ्रे

गीत

⇨ मधुसूदनप्रसाद घिमिरे

नेपाली छोरो परिश्रम गरी पसिना बहाउँछ
हट्दैन कहिल्यै वैरीको नजिक झन् शीर उठाउँछ ।

उद्योग गर्छ हातको बल पाखुरी खियाई
फुटेको गोडा, फाटेको भोटो, कछाड लगाई
आँखामा आँसु मनमा रहर उत्साह उराल्छ
हट्दैन कैले नेपाली वीर झन् शीर ठडाउँछ ।

हातमा लट्ठी टेकेर डोको नूनको भारी त्यो
सामल-तुमल लिएर हिंड्छ बाध्यता उसको
रेडियो टिभी के जानोस् कुन्नी विश्वास जगाउँछ
हट्दैन कैले वैरीको नजिक, झन् शीर उठाउँछ ।

– काठमाडौं

नयाँवर्ष

⇨ विष्णुप्रसाद ज्ञवाली

आयो नववर्ष नयाँ उमङ्ग र जोश लिएर
भुलौं सबै नराम्रा कर्महरू विगत वर्षलाई सम्झिएर
सधैं लम्कौं उन्नतिपथमा समयको महत्त्व बुझेर
समय आउँछ जान्छ लम्कौं प्रगति पथतिर ।

मूल्याङ्कन गनें गरौं समयको हरपल, घडी
गयो समय, यौवन सबै दिन, पला, घडीघडी
सफलता दिने मूलजड हो समयको महत्त्व बुझिकन
नववर्ष आयो, गयो, छैन हाम्रो त्यसमा दायित्व हेरिकन ।

हाल- काठमाडौं

यात्रासंस्मरण

बुद्धको जन्मभूमि नेपाल हो

❑ रामप्रसाद पन्त

हामी नेपालमा छँदा नेपाली भएर जन्मनु अर्थात् गरिबि हुनुको पीडालाई जतिसुकै धिक्कारे पनि, नेपालीहरूको सोचाई र मानसिक दुर्वलतालाई जतिसुकै निन्दा गरे पनि नेपाली र जिनीतिज्ञहरूले सिर्जना गरेको राजनीतिक अस्थिरता, कमजोरी र स्वार्थीप्रवृत्तिलाई देखेर जतिसुकै तिक्तता र नैराश्यता अभिव्यक्त गरे पनि, मानिस-मानिसबीचको विभेदता र संकुचित विचारधारालाई देखेर जतिसुकै असन्तोष व्यक्त गरे पनि देश छाडेर बाहिर जाँदा जन्मभूमिको मायाले सताउँदो रहेछ । अझ नेपाल र नेपालीप्रति कसैले दुर्वाच्य बोल्यो भने वा जानेर वा नजानेर नेपाल र नेपालीको अस्तित्वप्रति आघात पुग्ने कार्य गऱ्यो भने असह्य हुँदो रहेछ ।

जापानमा वस्दा, घुम्दा वा आपसमा चर्चा हुँदा केही त्यस्ता घटनाहरू घटे, जुन अनर्गल प्रचारवाजीलाई सच्याउन वा सत्यता प्रष्ट्याउन मैले अन्तरोत्पन्न पीडा र आक्रोसलाई संयमित बनाएर गम्भिर जवाफ दिनुपऱ्यो – होइन, यो विलकुल गलत हो, असत्य हो ।

सम्मेलनमा सहभागी अन्य विदेशी साथीहरू सहित मलाई टोकियो सहरका सिन्तो मन्दीर, बुद्धगुम्बा र दर्शनीय स्थलको भ्रमण गराउने क्रममा पथप्रदर्शक (गाइड) ले – 'बुद्धले भारतमा जन्मेर तपसिद्धीद्वारा प्रतिपादन गरेको धर्म उहाँका अनुयायीहरूले नेपाल, चीनहुँदै जापानसम्म ल्याइपुऱ्याए । यो धर्मको प्रचार विस्तारै एसियाका अन्य देशहुँदै कालान्तरमा विश्वमा थुप्रै देशमा पुग्यो ।' धर्मलाई चीनहुँदै जापान र अन्य मुलुकहरूमा पनि प्रचार गरे' भन्दा र सिरियाका एकजना साथीले मलाई 'नेपाली भन्नुको मतलव इन्डियन अर्थात् नेपाल इन्डियाको एउटा प्रान्त भएको हुनाले इन्डियन भने हुँदैन र ?' भन्दा त्यति आश्चर्य लागेको थिएन तर मलाई ताजुक त त्यसबेला लाग्यो कि जव टोकियो विश्वविद्यालयका एकजना प्रोफोसरले हामीलाई सम्बोधन गर्ने क्रममा बुद्धको जन्मभूमि इन्डिया भनिदिए । बुद्धको जन्मस्थान यसरी विवादमा परेको घटना र एउटा स्वतन्त्र राष्ट्र औपनिवेशिक राष्ट्रको रूपमा वा प्रान्तीय र ाज्यको रूपमा गणना भएको भ्रम या अज्ञानता विरुद्धको एथार्थ पुष्टि मैले तत्काल गरेको थिएँ ।

हुँदाहुँदा एउटा प्रोफेसरवाट पनि बुद्धको जन्मभूमि इन्डिया भनिदिएपछि त मैले अविलम्व घोर नियमापत्ति गर्न परिहाल्यो – 'होइन सर, बुद्धको जन्मभूमि इन्डिया नभइ नेपाल हो र त्यो जन्मभूमि भारतीय सीमाबाट करिव २०/२५ किलोमिटर भित्र लुम्विनीमा पर्दछ ।' एउटा सत्य यो चाहिं पक्के हो की बुद्धले तपशिद्धिद्वारा बुद्धत्व प्राप्त गरेको र ब्रह्मलीन भएको स्थल इन्डियामा पर्दछ – क्रमशः बोधगया र कुसीनगर अर्थात इन्डिया हो । यसैगरी आफ्नो देशको परिचय दिने एउटा कार्यक्रममा एकजना चिनिया साथीले आफ्नो देशको परिचय गराए – 'फलाना फलाना फलाना देशहरूले परिवेष्ठित छ मेरो देश' । तर उनीले नेपालको नाम लिएनन् । कार्यक्रम पश्चात् मैले उनलाई संस्मरण दिलाएँ – चीनले नेपाललाई पनि छुन्छ, अर्थात् चीनको तिब्बतप्रान्तको दक्षिणी सीमा नेपाल हो, सानो देश भनेर बिर्सिदिनु भएन नि महाशय । – मैले हाँसीहाँसी भने । उनीले पनि आफ्नो गल्तिलाई अक्षरसः स्वीकार गरे ।

यसरी जापानमा बुद्धको जन्मस्थान बारे, स्वतन्त्र नेपालको अस्मिता बारे विवादास्पद वा शंकास्पद भ्रमहरू प्रचार भएको र ठूला देशहरूले साना देशको अस्तित्व माथि प्रश्नचिन्ह खडा गर्ने भ्रमजाल फैलाएकोमा आपत्ति जनाउँदै कार्यक्रममा आफ्नोतर्फबाट व्यक्त गर्नु पर्ने सन्दर्भ सामग्री अन्तर्गत पनि मलाई तत्सम्बन्धी विषयमा केही तथ्यहरू औंल्याउने वाध्यता सिर्जना भएको थियो – बुद्धको देश, एभरेष्टको देश, वीर गोर्खालीको देश र एउटा स्वतन्त्र देश ।

पछि पनि मलाई त्यही कुरा खड्कीरह्यो – यस्तो भ्रम किन फैलिएको छ ? मैले प्रतिवाद गर्दैमा मेरो भनाईलाई प्रामाणिक ठानेर इतिहास त सच्याउन मिल्दैन होला यिनीहरूलाई । कमजोरी कसको हो ? आखिर हाम्रो त हो । हाम्रा आवाशीय राजदूतावासको के काम छ ? के गरेर बसेका छन् तिनीहरूले ? आफ्नो देशको नाम, इज्जत बढाउने र स्वाभीमान जगाउनेखालका प्रचावाजी गर्नुपर्दैन ? अहिले पनि मलाई सगौरव भन्न मनलागिरहेछ - बुद्धको जन्मभूमि नेपाल हो । तर के उनीहरूले सुनिदेलान् ?

✧✧✧

लघुकथा

बुढो भएर पनि

⇨ रामविक्रम थापा

सरुवा भएर आएकै दिन पहिलो नजरमै टाइपिष्ट माथि हाकिमको गिद्दे-दृष्टि पऱ्यो । सत्रवर्षीया सुडोल र श्वेत मांसलतामा लट्ठ भएका एकाउन्नवर्षीय हाकिमले भोलिपल्टै उषालाई आफ्नो कार्य–कक्षमा बोलाए:

– बैनीको नाम के होला ?

– उषा नेपाल ।

– यहाँ कुन पदमा ?

– टाइपिष्ट खरिदार ।

– ना.सु.मा बढुवा हुने इच्छा छैन ?

– इच्छाले मात्र नहुने हजुर ।

– 'जहाँ इच्छा त्यहाँ उपाय' म छँदैछु नि मैयाँ । तिम्रो लागि ।

– जो निगाह, हाकिम साहेब ।

+ + +

पर्सिपल्ट, हाकिमले टाइपिष्टमा पि.ए.को पद थपिदिएर उषाको टाइप–टेबुल आफ्नै कार्य–कक्षमा सार्न लगाए । संवेदनशील अङ्गहरूको निरन्तर स्पर्श–आतङ्कले दिक्क भएर साहसको पोखरी जमाउँदै बिचरी उषा मुख फोर्न विवश भई –

'के हौ हा...कि...म साहेब । बुढो भएर पनि .....!'

– हिमालकुन्ज, सगरमाथा ।

कविता

आफ्नै गाथा

⇨ कृष्णराज अर्याल

आफ्नै हो जिन्दगी मेरो आफैंभित्र हराउँछु
आफ्नै भाका सँगालेर आफ्नै गीत म गाउँछु ।

आफै बोल्छु कविता म आफै पाठक बन्छु म
आफैलाई समेटेर आफ्नै चिन्तन गर्छु म
एउटै धरती मेरो आफै नै पनि एउटै
टुक्रिएर म आफैंमा फैलिंदो छु जताततै ।

आफ्नो दुःख समेटेर सुखको खोज गर्छु म
आफ्नै हाँसो सँगालेर आफ्नै आँसु छिचोल्छु म
रहस्य भर्दछु आफै आफै भेदन गर्छु म
जेलिएर म आफैमा आफ्नो मार्ग बदल्छु म ।

आफूलाई हराएर आफैलाई जिताउँछु
आफै शत्रु बनी आफै आफ्नो मित्र बनाउँछु
आफूजस्तो कहाँ हुन्छ ? जति नै हुन् यहाँ अरू
आफूजस्तो हुनैपर्छ, जस्तो जे नै परोस् बरु ।

मभित्रै शून्यता मेरो, शून्यभित्रै म शून्य छु
धन्य मेरो विधाता र म आफै पनि धन्य छु
आफ्नो गाथा र चिन्हारी आफैभित्र म खोज्दछु
आफै हो कि म जन्मेको । आफै नै पनि मर्दछु ।

नववर्ष २०५८ को उपलक्ष्यमा हाम्रा सम्पूर्णग्राहकवर्गहरूमा
हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।



पानीको धारा वरिपरि सधैं सफा गरौं
खेर जाने पानी कटेसाबारीमा लगाऔं ।

खानेपानी तथा ढल निकास विभाग
(वातावरणीय सर-सफाई शाखा)
पानीपोखरी, काठमाडौं

सफा रहौं, स्वस्थ बनौं

समीक्षा

दुईकृतिमाथि दृष्टि दिंदा

❑ ठाकुर शर्मा

कवि कृष्ण प्रधानको 'पानीका जलक्रीडा' शृङ्खलाबद्ध कविताहरूलाई निबन्ध ।

'वाक्यं रसात्मकं काव्यम्' (विश्वनाथ)

रसात्मक वाक्य नै काव्य हो भन्ने पूर्वीय काव्य सिद्धान्तकारहरूले काव्य सौन्दर्य नै वाक्यमा देख्छन् भने पाश्चात्य काव्य सिद्धान्तकारको पनि – कल्पना र संवेगद्वारा गरिएको जीवनको व्याख्या नै कविता हो (हड्सन) भन्ने भनाइले कृष्ण प्रधानको 'पानीका जलक्रीडा' शृङ्खलाबद्ध कविताले काव्यात्मकताको नजिक पुग्ने प्रयास गरेको छ । कृष्ण प्रधानको कलम मूलतः कवितातिर उन्मुख भए पनि नेपाली साहित्यमा निबन्ध, समालोचनातर्फ पनि सशक्त रूपमा चलेको पाइन्छ । कर्मक्षेत्र आर्थिक गतिविधिसँग सम्बद्ध भएको हुनाले विभिन्न आर्थिक लेखहरू प्रकाशित गर्नु उनको आवश्यकता नै हो । आर्थिक लेख होस् वा कविता, समालोचना होस् वा निबन्ध विविध विषयमा कलम चलाएर सफलता प्राप्त गर्ने कवि प्रधानको विषयमा अहिले चर्चा गर्न खोजिएको विषय केवल कविता नै हो । 'पानीको गङ्गामा सृष्टिको विहान हाँस्छ' भन्ने कवि कञ्चन जलमा धुमिलता आएको देख्छन् । प्रत्येक मानिसमा देखिएको भावनात्मक धुमिलता औंल्याउँछन् ।

आधुनिक नेपाली साहित्य जगत्मा देखा परेको यो नाम विशेषतः समकालीन काव्य क्षेत्रमा स्थापित नाम हो । अभिव्यक्तिमा नयाँपन लिएर उभिएका प्रधान शिल्पगत दृष्टिले जटिलता र सरलताको समन्वय आफ्ना कविताहरूमा गराएका छन् । जटिलताको प्रयोगमात्र पनि कविता होइन र सरलता मात्रै पनि कविता होइन । भाव गाम्भीर्य, काव्यात्मक सौन्दर्य कवितामा हुनुपर्छ । आफूले प्रस्तुत गर्न खोजेको यथार्थ दृष्टिकोण कवितामा स्पष्ट रूपमा आउनुपर्छ । समसामयिक काव्य धारामा अग्रगामी बनेका कवि प्रधान नयाँ प्रयोग गर्न चाहन्छन् । पानीका कविता धेरैले लेखेका होलान् तर कवि प्रधानको पानी कविताको आफ्नै महत्त्व छ । प्रकृतिको अनुपम उपहार यो पानी नभइनहुने वस्तु प्रधानको दृष्टिकोणमा अनुपम उपहार बन्न पुगेको छ । यसैमित्र सम्पूर्णता छ, यसैमित्र आयो छ, यसैमित्र जीवन छ, सौन्दर्य छ, नाशवान् गर्ने शक्ति पनि छ । यही पानी मित्र नै जीवनदर्शन छताछुल्ल छ । त्यसैले त कविको दृष्टि त्यता मोडियो र अडियो, त्यसैमा विलीन हुन झैं लाग्यो । कविताको माध्यमबाट अविरल धारामा प्रवाहित हुन मनलाग्यो र उनी बगे, फर्ना झैं बगे – आफ्नो जीवनदर्शन लिएर ।

उनका कविताहरू पढ्दा कुनै घेराभित्र रहेको अनुभव हुँदैन । विश्वलाई हेरेका छन् कविताको माध्यमबाट । आज संसार नै पानी बिनाको माछाजस्तै छटपटाइरहेको छ । निर्मलता मेटिँदैन, पवित्रता मेटिँदैन, कलुषित पानी बगेको छ जताततै र त विनाशका कथा बाटा मडराइरहेका छन् । कवि भन्छन् –

पानी खोज्दै जाँदा पानी बौलाएको छ
विक्षिप्त पानी विक्षिप्त किडा भएको छ .....।

'पानीका जलक्रीडा'को संरचनालाई हेर्दा अविरल बग्ने नदीजस्तै छ । उनले विभिन्न समयमा आफ्ना मनका तरङ्गहरूलाई यसलाई प्रतीक बनाएर समसामयिक विषयवस्तुलाई यसैमित्र औंगटी काव्यात्मकता दिएर प्रस्तुत गरेका छन् । वि.सं. २०५२ असोजदेखि २०५६ कार्तिकसम्म रचिएका कविता यसमित्र समावेश गरेको देखिन्छ । पाँचवर्षको अन्तरालमा रचिएका कवितामा पनि कुनै वर्षमा एउटामात्र, कुनै वर्षमा तेइसटासम्म रचिएका देखिन्छन् । 'पानीका जलक्रीडा'नामले एकदेखि तेइस थोडेर तेइसवटा कवितामा पनि कतिपय उपनाम पनि दिएको पाइन्छ ।

लाग्छ – अर्थ प्रष्ट्याउने दृष्टिकोण हो कि । पानी यस्तो विषय हो जसभित्र अनेक अर्थ लुकेको छ । नेपाली परिवेशमा पनि एउटा प्रयोगको रूपमा यसलाई लिइन्छ । पानी नभए संसारै चल्न नसक्ने, जीवन नरहने र जीवनमा गर्नुपर्ने कर्तव्यप्रति सचेत नहुने स्पष्ट छ । 'पानीमरुवा' भन्ने चलन नेपालमा एउटा टुक्काकै रूपमा प्रस्तुत भएको देखिन्छ, जसको लाक्षणिक अर्थ छ । कुनै मानिसमा दम छैन भने पानीमरुवा अथवा पानी मरेको, शक्ति नभएको भन्ने अर्थ हो । त्यस्तै पानी भित्र आगो हुन्छ, आगोमा पानी हुन्छ । पानी प्रतीकको रूपमा देखिएको छ । मानिसलाई यो नभई नहुने वस्तु हो । लाग्छ – प्रकृतिनै पानी, पानीनै प्रकृति हो । विसङ्गति, विकृतिहरू, आशा-निराशा सबै पानीबाट निःसृत हुन् । आदिम कालदेखि पानीकै खेल छ । गन्तव्यहीन यात्रा हिँडिरहेछ ।

भन्छन् कवि – कोही पानीका तरेलीमा कविता कोर्छन्... गेडामा गीत कोर्छन्...ज्योतिमा उज्यालो भेट्छन्... ।

यही क्रमलाई केही कवितावाट हेरौं –

एकथरी पानीका मुहान समाएर विक्षिप्त छन्
अर्काथरी पानीका बगर समाएर मुग्ध छन् ...
कहिले देशलाई पानीले भिजायो
कहिले देशले पानी भिजायो
कहिले देश चढेर पानीमाथि बुर्कुसी खेल्यो
कहिले पानी चढेर देश बहुलायो .....।

जातपातको भेदभावलाई कविताको माध्यमबाट कवि कति सहजका साथ प्रस्तुत हुन्छन् –

बराबर पानी हुन्छ
मान्छे तर पानी बाराबार गर्छन् ...
गणित नमिलेर पानी बाराबार छ
बराबर तर पानी छैन ..... ।

माथिका कविताहरूलाई हेर्दा त्यति जटिलता छ जस्तो लाग्दैन तर अत्यन्त सरल पनि छैन । कवि सरल छन् कविता अवश्य सरल छैन । कुनै पनि कविताका पंङ्ति अभिधार्थमा टुङ्गिएको जस्तो लाग्दैन । अनेक प्रतीकहरू प्रयोग भएर अझ सुन्दर बनेका कविता शृङ्खलाबद्ध रूपमा अगाडि सयौं शृङ्खलामा आबद्ध हुनेछन् । यिनको यो कवितासङ्ग्रह पाँचौं कृतिको रूपमा जनसमक्ष आएको छ । यो कवितासङ्ग्रह नेपाली साहित्यकार संघले प्रकाशित गरेको हो र प्रकाशकको तर्फबाट ध्रुव मधिकर्मीले कवि र कविताका विषयमा अत्यन्त गम्भीरताका साथ कविलाई माथि उठाइदिनु भएको छ भने बरिष्ठ समालोचक प्राध्यापक कृष्ण गौतमले भूमिका लेखेर सुनमा सुगन्ध तुल्याइदिनु भएको अनुभव हुन्छ ।

वहाँ भन्नुहुन्छ – प्रधानजी केमा पसिना झार्नुहुन्छ भने वाणी प्रतीकहरू आफ्ना शिर उँचा राखुन् र स्व–इतर, बहिर्गत तथ्यका समक्ष नतमस्तक भई गलेर नजाऊन् ।

यसरी काव्य सौन्दर्यको दृष्टिकोणले कृष्ण प्रधानको शृङ्खलाबद्ध कवितासङ्ग्रह 'पानीका जलक्रीडा' फुटकर कविताको सँगालोको रूपमा मात्र नरहेर एउटा काव्यात्मक धरातलमा उभिएको अनुभव भएको छ । तसर्थ समसामयिक काव्यधाराका एउटा ताराका रूपमा रहेका कवि प्रधानको कलम निरन्तररूपमा अगाडि बढ्दै जाओस् । नेपाली पाठकले यस्ता कविता आफ्ना हातमा सधैंसधै पाइरहुन् ।

अनुजा घिमिरेको दोस्रो कृति 'अर्थात्' कविता सङ्ग्रहलाई पियाल्दा ।

माता सरोजा घिमिरे र पिता सरोजप्रसाद घिमिरेकी पुत्रीको रूपमा वि.सं. २०३९ साल आषाढ महिनामा जन्मेकी अनुजा घिमिरेको पहिलो कृति 'अङ्कुर' कवितासङ्ग्रह (२०५४) थियो भने दोस्रो कृतिको रूपमा 'अर्थात्' कवितासङ्ग्रह पाठक सामु आएको छ । उनी अहिले बि.एस्सी. (सूक्ष्म जीवविज्ञान) मा अध्ययनरत छन् । विज्ञानकी छात्रा कविता तिर ? अथवा सानै उमेरमा दुईदुई कृति प्रकाशित भइसके ? कसैले अचम्मको पोको खोल्न सक्छ तर प्रतिभा गुम्सिंदैन गुम्सिन सक्तैन । त्यसलाई उमेरले छेक्न सक्तैन । सानै उमेरदेखि कतै कलाकारको रूपमा, कतै चित्रकलाको रूपमा, कतै उत्कृष्ट कविता, उत्कृष्ट निबन्ध, चित्रकला

आदिमा पुरस्कार समेत प्राप्त गरिसकेकी छन् –अनुजा घिमिरेले। आवश्यकताभन्दा बढी नबोल्ने यी प्रतिभालाई अब बालसाहित्यकारको रूपमा मात्र लिन सकिँदैन। किनकि यिनका कविता पढ्दा उमेरले परिपक्वता ल्याएको छैन वा एउटा बालकले लेखेको भएर कमजोरी छ भन्ने कुरा पाठक महसुस गर्दैन। आफ्ना भावनाहरूलाई अभिव्यक्ति दिन अत्यन्त सक्षम छिन् – अनुजा। यिनकै कविता बोल्छ –

अन्धकारमा रातभर
सञ्चय गरेका आँशु
उज्यालोमा विहानीलाई
शीतको रूपमा अर्पन्छ – पात। *अर्पण (पृ.१)*

'मेरा भोगाइका अर्थहरू र मेरा हेराइका अर्थहरू अर्थात् मेरा दृष्टि यी कविताहरूको इतिहासमा कयौंको प्रेरणा, मार्गदर्शन, आशिर्वाद, स्नेह, वात्सल्य, ममता र मायाको मसीको रङ्ग छ।'

कतिमीठो भनाइ छ – अनुजाको, भनाइमा नै कवितात्मकता छ। उनी प्रत्येक क्षणलाई कैद गर्न चाहन्छिन्। कतिले समयको महत्त्व नबुझेर त्यसै खेर फालेकाछन्। कतिले जीवनको महत्त्व नबुझेर सुन्दर सृष्टि असुन्दर बनाएका छन्। कवि अनुजा यो सानै उमेरमा अरूलाई सचेत गराउन कविताको माध्यमबाट, आफ्नो कलाकारिताबाट सक्षम भएकी छन्। समाजमा दुईवटा कविता कोरेर घमण्डको खोल ओढ्ने प्रसस्त भेटिन्छन्। त्यस्तो समाजको माझमा विनम्रतालाई यसरी अँगालेकी छन् कि उनको मात्रै अधिकार हो – त्यसमा।

फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र!
(लेखनाथ)

अरूलाई केही दिन खोज्ने प्रकृति विरुद्ध जाँदैन प्रकृतिको नै नियम हो – यो। अरूका कुरा सुन्ने राम्ररी सुन्ने, आफू कम बोल्ने, बोले कवितामा बोल्ने बानी भइसकेको छ – अनुजालाई। त्यसैले त्यस्ता राम्रा कविता जन्मन सके र मञ्जुलजस्ता कवि प्राज्ञले पनि सोध्न पुगे – तिम्रो विचारमा कविता के हो?

अनुजालाई परिभाषासँग के सम्बन्ध। प्रकृति र समाजलाई देखेर मनका तरङ्गहरू तरङ्गिन थाल्छन्, लेख्छिन्, जे लेख्छिन् कविता बनिदिन्छ –

अस्ताउँदो रविमा
सुनौला किरणले
वादलका पित्काहरूमा
स्वर्णिम रोगन लगाइदिन्छन्
सेता परेवा ती वादलमै पुग्छन्
छुन्छन्, चुम्छन्, झुम्छन्। *(वादल पृ. १७)*

समालोचक कृष्णहरि वराल भन्नुहुन्छ – अनुजा घिमिरेका कविताभित्र म नेपाल देख्छु। वहाँले भूमिकामा अनुजाका कविताहरूलाई आफ्नो भनाइभन्दा पनि बढी प्रयोग गर्नुभएको छ। कारण अनुजा बोल्दिनन्, बोल्छिन् त कवितै बोल्छिन्।

उनका कवितामा नेपाल बोलेको छ, नारी जीवन बोलेको छ, पीडा बोलेको छ, प्रकृतिभित्रको चित्र बोलेको छ साथै विसङ्गति बोलेको छ। कवितासङ्ग्रहभित्र समस्त कविता राम्रा छन्। गद्यशैलीमा आफ्नोपन छाएको छ। 'अर्पण' कविताबाट प्रारम्भ भई 'अनि यात्रा सुरु हुन्छ' सम्म पुग्दा लाग्छ वास्तवमा अनुजाको यात्रा अब प्रारम्भ भएको छ। भन्छिन् –

अघिल्तिर हेर्छु
गोरेटो पर्खिरहेको धर्तीलाई
मेरा पाइलाको पनि
प्रतीक्षा रहेछ।

नारी साहित्य प्रतिष्ठानकी सदस्य बनेर नारी जागरणको अभियानमा उन्मुख रहेकी अनुजाका कविता केवल नारीका उकुसमुकुस मात्र नभएर सामाजिक जनजीवन नै बलेको अनुभव हुन्छ। यो अनुजा घिमिरेको यात्रामा निरन्तरता रहिरहोस्, यही शुभ-कामना।

आफ्नो देशका कपडा बुन्न जान्यौंलाई नमना देषाई सघाउनू र बुन्न लगाउनू, यस्व गरेमा नगद विदेश जान्यौं छैन – श्री ५ पृथ्वीनारायण शाह

कविता

जीवन

⇨ भाग्यशाली अधिकारी

वगरैवगरको त्यो वालुवासरि
पल्टेर जीवन निराशैनिराश भयो
सुकेको एउटा खहरेसरि
निरस पथ्थर झैं यो जिन्दगी भयो ।

पिलपिल गरेर जुन्किरी उडेको
सुनसान रात झैं अन्धकारै भयो
चैत्रको महिनामा कराए झैं न्याउली
वैराग्य छुटेर उराठैउराठ भयो ।

किन हो किन दिन पनि आज
दिलै रुवाउने भएर गइदियो
मुटु चिरिने सँधै आपतविपत
जीवन वेकारमै त्यसै खेर गयो ।

– लमजुङ्ग, दुराडाँडा

कविता

'उजाड' का दुई मुक्तक

⇨ सरोज उजाड

घाम हेरे घाम राम्रो जुन हेरे जुन
हुनुपर्छ मनभित्र निश्चल निर्मल धुन
क्षितिज झैं फराकिलो हुनुपर्छ मन
तब मात्र सकिन्छ है मानवतालाई छुन !

+ + +

मेरो देशको शान्ति कसले हेर चोऱ्यो आज
बुद्धको त्यो स्वर्णिम मूर्ति कसले फोऱ्यो आज
जता गए पनि चित्कार सुनिन्छ नि आज
वर्तमानको कालो रेखा कसले कोऱ्यो आज !

– पिठौली–२ नवलपरासी

कविता

दिग्भ्रमित कुदाइहरूभन्दा

⇨ होमकुमार श्रेष्ठ

हल्लाका प्रतिमूर्तिहरूलाई
देवता पुजेर फर्केपछि
माला-अवीर पहिऱ्याई
घर फर्केपछि
दुवै हात बाँधिने मान्छेहरू
कुन हृदयभित्र मुस्कुराउँछन् ?
प्रश्न गर्छु – आफैंलाई ।

अबदेखि र परन्तुको
मृगतृष्णमा रमाउने
औंशीको निष्पट्ट रातमा
पूर्णिमाको गीत गाउने अगुवाका
पदचिन्ह पछ्याउनेहरू
कुन उमङ्गले दौडिरहेछन् ?
प्रश्न गर्छु – आफैलाई ।

बरु जेलभित्र हतकडी लागेका हातहरू
बाँधिएका हातहरूभन्दा
सुनौला छन् कि ?
बरु जेलभित्र नेल लागेका खुट्टाहरू
दिग्भ्रामित कुदाइहरूभन्दा
स्वतन्त्र छन् कि ?
प्रश्न गर्छु – आफैलाई

– गोरखा

कथा

हाम्रा कलामा हामी

❑ *अकिञ्चन शर्मा*

'बुवा, तपाईंको कथाका प्रेयसीहरू के साँच्चीकै तपाईंका प्रेयसी थिए त ?'

छोरीको जिज्ञासाले मेरो लेखाइको रफ्तार एकाएक रोकिन्छ । मैले टाउको उठाएर उनीपट्टि नजर दिंदा उनी पुस्तकहरू राखिएको कोठाको पल्लो छेउबाट उठेर म नजिकैको सोफामा आएर बसिसकेकी हुन्छिन् ।

मैंले प्रतिक्रिया दिन कुनै शब्दहरू भेटाइरहेको हुँदिनँ कि उनी पुनः मलाई सोध्छिन् 'ल भन्नुस् ममीसँग बिहे गर्नु अगाडि कतिजनासँग प्रेम गर्नु भो र कतिलाई धोखा दिनु भो ..... या उनीहरूले धोखा दिए ?

भर्खर मात्र दश जोड दुईमा अध्ययनरत छोरीको त्यो विल्कुलै अनपेक्षित प्रश्न मेरो कानमा फाल्लेको शिशा पसेजस्तै महशुस गरें । शब्दले व्यक्त गर्न नमिल्ने प्रकारको असजिलोपन महशुस भयो मलाई । मानवीय सम्बन्धको आधार 'विश्वास' चुँडेर क्रमशः खस्दै गइरहेको यो समयमा, वोरिस वेकर र बारबाराको वैवाहिक सम्बन्ध टुटेर संसारभरिका खवर पत्रिकाहरूले 'सम्बन्ध'को समालोचना गरिरहेको समयमा बूढो बाबुको अगाडि बढ्दै गइरहेकी छोरीको यस्तो – प्रेम र धोखा सम्बन्धी प्रश्नले म नजानिंदो गरि झस्कें ।

टोलाएका आँखाले छोरीलाई खोज्दै सोधें 'किन र सुदु ?' म मेरी एक मात्र छोरीलाई बोलाउँदा 'सुदीक्षा' नभनी सुदु मात्र भन्ने गर्छु ।

'हेर ..... बुवा आत्तिसके ..... ।' उनले लाडिदै जिस्केको मुडमा मेरो छातिमा टाउको लुकाउँदै भनिन् तर म भने उनी जस्तै लाडिन सकिनँ ।

'म किन आत्तिउँ । वरु तिमी भन यी प्रसङ्ग किन चाहिए ? मेरो विरुद्धमा मुद्दा दायर गर्दै छौ कि क्या हो ?' मैले पनि जिस्कने मुड बनाएँ ।

'.....आ ..... बुवा पनि ..... । तपाईंका कथाहरू कत्तिको आत्मिक प्रकृतिका हुन्छन् भनेर जान्न पो खोजेको त मैले ।'

'सोध ग्रन्थ मेरै कृतिहरूमा लेख्ने विचार गऱ्यौ त्यसो भए । फेरि अहिल्यै सोधग्रन्थ लेख्ने समय आएको पनि छैन ।' मैले तर्काउन खोजें ।

'सोधग्रन्थ लेख्दा मात्रै यस्ता कुराहरू बुझ्नु पर्छ र ?'

'त्यसो त हैन ।' मैले अरू भन्ने कुरै भेटिनँ ।

धेरैवेरसम्म हामी दुवै कुन्नी के के सोंचेर चुप रह्यौं ।

'लिभ इट पापा, परह्याप्स आइ हर्ट यु ।'

'हर्ट हुने कुरै छैन ।' मैले उनलाई आश्वस्त पार्दै भनें ।

'कतिलाई प्रेम गर्नु भयो र कतिबाट धोखा खानु भयो भन्दा पनि मसँग प्रेम गर्ने कला नै रहेन जीवन भर ।'

'त्यसो भए वियोगान्तमा टुङ्गिएका ती आत्मवृत्तान्त शैलीका तपाईंका कथाहरू ..... ।'

ती कथाले तिमीलाई मात्र होइन धेरैलाई झुक्याए; तिम्री आमा पनि झुक्किएकी थिइन् एकपल्ट ..... तर सुदु, कथा–कथा हुन्: जीवन-जीवन ।' मैले प्रसङ्ग जोडेर

निष्कर्ष दिने कोशिस गरें ।

उनले बुझिनन् सायद । त्यसैले सोधिन् 'त्यसो भए कथाहरू कथामात्रै हुन् ? जीवनको कुनै अंश पनि हुँदैन कृतिहरूमा ? जीवन नमिसिई कसरी कल्पना सम्भव हुन्छ ? हुन्छ र ड्याडी ?'

त्यसो होइन । कला र जीवन एक अर्कामा सम्बन्धित हुँदैनन् भनेर कसले भन्यो र ? कहिलेकाहिं कलाले जीवन चोर्छ र अलिक वेग्लै प्रस्तुत हुने कोसिश गर्छ त कहिले फेरि जीवनले कला चोर्छ या भनौं कलालाई अनुशरण गरिरहेको हुन्छ ।

'तपाईंका कथाहरू यसर्थमा कुन श्रेणीमा आउँछन् ?'

'मैले कलाको उपजको कुरा गर्दैछु; कलाको मार्गको कुरा गर्दैछु; यहाँ उतानैं या उत्रनै पर्छ भन्ने छैन ।'

'रचनाले कामनाको प्रतिनिधित्व गर्छ कि गर्दैन त्यसो भए ?' उनको यो जिज्ञासाले म साच्चिकै अल्झिएँ । मसँग कुनै तयारी उत्तर भएन ।

'गर्न सक्छ ..... तर नगर्न पनि त सक्छ नि ।' आफैलाई सच्याएँ ।

यत्तिकैमा उनको साथी आइन र उनी गइन् । म कोठामा एक्लो भएँ । विचार शून्य तर असन्तुलित यतिवेला म साँच्चिकै अल्झिएँ । मलाई यस अघि ख्यालै थिएन – यी सब कुराहरूको । मेरा रचना र म बीच किन तादात्म्यता रहेन । यदि रह्यो भने कुन अवस्थामा ? मलाई आफैलाई पढ्न मन लाग्यो ।

मैले यहाँ भन्न सक्छु कि मेरा महत्त्वाकाङ्क्षाहरू धेरै भएनन् । म सँधैजसो आफैमा मात्र सिमित रहें । अर्चना मेरो जीवनमा आउनु अघि म प्रायः एक्लै थिएँ भन्दा पनि हुन्छ । त्यसो त घर थियो; परिवारमा मान्यजनदेखि साना भाइ बहिनीहरू पनि थिए; समाज थियो; आफन्त थिए; साथीभाइहरू थिए । तर ... तर, म भने प्रायः एक्लै रहें, एकान्तमै रमाएँ ।

परिवारमा रहेर पनि एक्लै भएको जस्तो महशुस किन हुनसक्छ भने मेरो र परिवारको रुची र आकाङ्क्षा वेग्लै थिए । परिवारका सबैजसो सदस्य भौतिक सुख समृद्धितर्फ आकर्षित थिए । सधैं अभाव र पूर्तिका विषयमा बहस हुन्थे जो म मन पराउँदैनथें । कस्तो अचम्म, आदर्श मिलेन भने सँगैं बस्नेहरू बीच दूरी बढ्दै जान्छ । निकटतामा पनि दूरी हुँदोरहेछ ।

कलेज जीवन पनि त्यस्तै रह्यो भन्दा हुन्छ । होस्टलको लहडी वातावरणमा म घुलमिल हुनै सकिनँ । फलस्वरूप साथीहरू कम भए । छात्रावासमा त्यसबेला बस्ने मध्ये सबैभन्दा थोरैसँग घुलमिल गर्ने शायद म मात्रै थिएँ । साथीहरू मलाई 'मितभाषी' भन्थे तर मेरो पिठ्युँ पछाडि 'घुसघुसे' भन्न चुक्दैनथे ।

कलेज जीवन पछि बुवाको निर्देशनमा बन्द कोठा भित्र 'लोक सेवा' पढियो । अनि पास भएपछि 'सानासँग थोरै बोल्नु पर्ने' जागिर ।

त्यसपछि विहेको कुरा चल्यो । घरबाट अर्चनालाई हेर्न लगाइयो । राम्री मानें । विहे भयो । अहिले म अनुमान गर्दछु मेरो जीवन थोरै सोझो हिंड्ने कोशिस गर्नेहरू मध्ये एक हुनुपर्छ ।

हुन पनि मेरो जीवनमा उनी मर्दा बाहेक अरू कुनै उल्लेखनीय उतार-चढावहरू आएनन् । सोंचेको नपुगेर, भनेको नभएर कुनै मानसिक तापहरू पनि बढेनन् । साह्रै सोझो हिंडिएछ । कसैलाई सुटुक्क मन पराएर एकान्तमा गुन्गुनाउने कामहरू समेत भएनन् । यतिखेर मलाई सम्झना आइरहेछ । इलियट पढेपछि म मा एकपल्ट प्रेम गर्ने रहर जागेर आएको थियो । तर

त्यो रहर पनि पूरा भएन । कसैलाई मन पराउनु अघि नै लोकसेवाको अध्ययनतिर घचेटिनु पर्‍यो र त्यसपछि त इलियटले दिएको इम्प्रेसनमा विस्मृतिको खाटा बस्यो ।

अर्चना नै बनिन् मेरो प्रेम, मेरो भावना, मेरा उंदासी, मेरो खुशी र मेरा आकाङ्क्षा बाँड्ने जीवनसाथी । उनीलाई विहे गरेपछि मेरा कुनै गुनासाहरू मैले आफैभित्र दवाएर राख्नु परेन ।

तर.....तर, मेरा लेखहरू, जब म विश्लेषण गर्छु आफैलाई, विल्कुल विपरीत धारमा उभिएका जस्तो लाग्छन् मलाई अहिले । मेरा कृतिहरूमा न म उत्रिएको छु; न मलाई उतार्न सक्षम भइरहेछन् – कृतिहरू ।

प्राय: कृतिहरूमा 'प्रेम' विषय बन्यो तर मेरो प्रेमकथा जस्तो सोभो चाहिं कहिल्यै बनेन । सधैं पात्रहरू बीच खिचातानी, द्वन्द्व, मानसिक तनाव र दुर्घटना मात्र भए । मेरा पात्रहरूले चोटमात्रै पाए; धोखा मात्रै खाए; कुण्ठामात्रै बोले – मेरा कथाले । तर मलाई भने कहिल्यै पोखेनन्, या भनौं पोख्नै मानेनन् ।

'मेरा कृतिहरूले मलाई किन पोखेनन् ?' स्वयं भित्रको 'म' लाई सोधें– मैंले सुदीक्षाको प्रश्नको उत्तर का खातिर । तर 'म'ले मलाई अझैसम्म चित्तबुझ्दो उत्तर दिन सकिरहेको छैन ।

म किन आफ्ना कथाहरूमा प्रतिबिम्बित हुन सकिनँ ? मेरो जीवनले मेरो कलालाई किन प्रभावित पार्न सक्तैन ? के मैले भागेको जीवन जीवन होइन ?

मैंले सिर्जेका कलाहरू जीवनदेखि क्रमश: किन टाढा भागिरहेछन् र छोरी सुदीक्षाका लागि प्रश्न सोध्ने अवसरहरू दिइरहेछन्, म बुझ्न सकिरहेको छैन ।

तपाईंलाई थाहा छ – किन कहिलेकाहिं हामी अस्कर वाइल्डको 'डोरीयन ग्रे' हुन सक्तैनौं ?

– मक्रहर-५ रुपन्देही

नववर्ष २०५८ को शुभ-अवसरमा
हाम्रा समस्त ग्राहक, शेयरधनी
तथा शुभचिन्तक महानुभावहरूमा
हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछौं ।

नेपाल अरब बैंक लिमिटेड
Nabil Bank
Nepal Arab Bank Limited
YOUR BANK AT YOUR SERVICE
"NABIL House", Kamaladi
P.O. Box: 3729, Kathmandu, Nepal.
Tel.: 423646-47, Fax: 00977-1-429548, Telex: 2431 NABIL H NP,
e-mail: nabil@nabil.com.np
Web Page:http://www.travel.nepal-com/nabilbank

नववर्ष २०५८ को शुभ-अवसरमा
हाम्रा समस्त ग्राहक, शेयरधनी
तथा शुभचिन्तक महानुभावहरूमा
हार्दिक मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।

हिमालयन बैंक लिमिटेड
Himalayan Bank Limited
(A Joint Venture with Habib Bank Limited - Pakistan)
हेड अफिस तथा मुख्य शाखा
त्रिदेवी मार्ग, ठमेल, पोष्ट बक्स ३८१०, काठमाडौं
फोन नं. २२७७४९, २५०२०१, फ्याक्स : २२२८००

कविता

क्रमशः अरू-अरू अरूहरू

⇨ आर.एम्.डङ्गोल

(२३)

जिस्किंदै
शब्दहरूसँग खेल्दाखेल्दै
खै ! कति वचनवाण
गडेछभित्र
दुःखिरहेछ अहिलेसम्म
प्रतिशोधको
शब्द पो खोजरहेछु
अहिले, यतिबेला म ।

क्रमशः.....

(२४)

यी तथाकथित
क्रीडाभाव
उधारोमा जिन्दगी खर्चेर
फेरि दुःखान्त ऋणको घाउले
पलायन रोज्ने
निराशा फलाक्ने
दिनपछिको रात
रातपछिको दिन झैं
उपक्रम मात्र न हो ।

क्रमशः.....

(२५)

नाटकको समाप्ति पछि
सबैसँग
उही नायक
र खलनायक चरित्र बाँकी छ
घरमा/व्यवहारमा
हरेक पटक
अभिनयबाट थाकेरै
फेरि म
नाटकको आयोजन गर्दैछु
थाकेको अभिनय गर्दैछु ।

क्रमशः.....

(२६)

यो त्रासदीको अभिनय
कामदी अभिनयकै
एउटा छेउ हो
त्रासदी हेरे मञ्चमा
कामदीको लालचा
सडकमा अभिव्यक्त हुन्छ
कामदी हेरे मञ्चमा
त्रासदीको लालचा
सपनामा अभिव्यक्त हुन्छ ।

क्रमशः.....

शेरा, नुवाकोट
(हाल काठमाडौं)

(शृङ्खलाबद्ध कविता क्रमशः)

नववर्ष २०५८ को शुभ-उपलक्ष्यमा सम्पूर्ण
देशवासीहरूमा सुख, शान्ति तथा
समृद्धिको लागि हार्दिक
मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।

ज्ञानसिंह सुदन
(ट्रान्सपोर्टर एण्ड ढुवानी सेवा कन्ट्याक्टर)
नेपालगञ्ज, बाँके

नववर्ष २०५८ को शुभ-उपलक्ष्यमा सम्पूर्ण
देशवासीहरूमा सुख, शान्ति तथा
समृद्धिको लागि हार्दिक
मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।

गजनसिंह सुदन
ढुवानी सेवा
नेपालगञ्ज, बाँके

समालोचना

'देश दुखेको छ' एक चिनारी

❑ खेम दाहाल

नेपाली कवितामा समाजबोधको प्रसङ्ग झन्-झन् नजिक हुँदै गएको छ। वि.सं. २०४६ पछिका कवितामा जीवनका कष्ट, निराशा, भोक, रोग, गरिबी, घुसखोरी, प्रजातन्त्र र यसका विकृतिहरूलाई मध्यनजर राखी कविहरूले आ-आफ्नो ढङ्गबाट समाजका दुःखलाई चिनाउने प्रयत्न गरिहेका छन्। यसलाई जीवनबोध र युगको बोधका रूपमा लिन सकिन्छ। प्रजाति, क्षण, र पर्यावरणको प्रभाव परेका उपन्यास, कथा, नाटक र कविताले सामाजिक समस्या एवं युगको अङ्कन राम्ररी गर्ने विश्वास लिइन्छ।

रक्ष राईको कवितासङ्ग्रह 'देश दुखेको छ' (२०५६) मा समाज सापेक्ष विषयको प्रकटनको स्वरूप हेर्न सकिने स्थिति पाइन्छ। राईका कवितामा क्षणसित निकटस्थ सन्दर्भहरूमध्ये शहीदलाई सम्झनामा लिने एकदुई घटनालाई हेर्न सकिन्छ। 'आमाको सपना शहीदसँगै मरेर पो गयो कि' (पृ.-२) भन्ने गुनासाबाट अगाडि बढेको सन्दर्भलाई हेर्दा देश नेपालले फल्ने फुल्ने आशा गरेका विविध पक्षहरूमा कुण्ठाको अनुभूति भोगिरहेका जनताको विचार कविको अनुभूति भएर जन्मिएको देखिन्छ। जनताका अनुभूतिलाई समेटेर जीवन्त गराउन सगरमाथा, माछापुच्छ्रे, फेवाताल आदिलाई साक्षी राखेर नेपालकै पुण्यभूमिलाई चिन्न चिनाउन सकिने गरी कविले सहज र प्रत्यक्ष जस्तै गराएका रहेछन् भन्ने पाठकको अनुभूति जन्मन्छ।

एक प्रसङ्गमा ऐतिहासिक वीरङ्गनातिर कवि राईको विचार मोडिएको छ। सगरमाथाको सफल आरोहण गर्ने पासाङ ल्हामु शेर्पालाई सम्झिएर उनको मृत्युको क्षणका निम्ति अग्रस्थान प्रदान गर्न सकेका छन्। त्यो क्षण वि.सं. २०५० को वैशाख हो। त्यसबाट पनि इतिहासलाई अध्ययनमा लिने बलियो आधार साहित्यिक रचना बन्न सक्दछन् भन्ने समाज शास्त्रीय मान्यताले उचित भूमिका खेल्ने ठाउँ पाउने देखिन्छ; 'दिदी तिमीले आफ्नै मृत्युलाई पनि जित्यौ' (पृ–४) कवितांशबाट माथिको भनाइमा टेवा पुग्ने देखिन्छ। टनकपुरमा दुखेको मन कालापानीमा पनि दुखेको हुन्छ भन्ने इतिहासका धेरै घटनालाई लिंदा बहुदल प्राप्तिपछिको क्षणसित समय जोडिन जान्छ।

राष्ट्रका प्रतिनिधि लेखक, कलाकार, साहित्यकार एवं सङ्गीतकारहरूसितको माया पनि अकाट्य हुन्छ। उनीहरूका सम्झनामा दुई हरफ कोर्नु श्रद्धाको स्मरणजस्तै हो। सङ्गीतकारका सम्झनामा दुई हरफ कोर्दै – 'तिमीबाट सापटी भनेर लिएको यो माया पनि फर्काउन सकिएन' (पृ.४४) भनिएको छ।

कविताका धेरै ठाउँमा गुनासो, प्रतिक्रिया एवं आलोचनात्मक प्रसङ्गका अनुच्छेदहरू पढ्न सकिन्छ। ती व्यक्तिगत इच्छाहरू सामूहिक र सांसारिक विषयसित नाता राख्दछन्।

'बाँच्नका लागि प्रसस्त भोकहरू छन् सहनका लागि प्रसस्त रोगहरू छन्' (पृ–५१) वाक्यांशले वर्तमानको औद्योगिकीकरण, वैज्ञानिक यन्त्रका अगाडि मानिसको निरीह स्थिति एवं हराएको मानवीय मूल्य र अनुदार आजको विश्वको आर्थिक उन्नति आदिबाट पीडित मध्यमवर्गीय मानिसको बोली टिपेको देखिन्छ। यस्ता समस्यामा विश्वजनीन पीडाले टेकेको धरातल देख्न सकिन्छ। यसप्रकारका आक्रोशमा कविको गुनासो पोखिन्छ।

'अचेल म
रगतको मसीले
क्रान्तिको कविता लेख्छु' (पृ-५२)

क्रान्ति गर्नलाई कलमको क्रान्ति र अन्यायका विरुद्धमा सशस्त्र क्रान्ति गरी दुईप्रकारका क्रान्ति विश्वको विकराल स्थितिले मागेको छ। यस विषयसित कविचेत सजग पाइन्छ।

मूलत: राईका कविताहरू देश दुखेको विषयसित नजिकको नाता राख्दछन्। नेताका भाषणले जनताको पेट नभरिंदा दु:खेको देश, रहर राख्ने बालबालिकाहरूका कुण्ठित इच्छामा दु:खेको देश, सेनामा जागिरे भई गएका बाबु नर्फकिंदा दुखेको देश, अशिक्षा र अज्ञानताले गरिबीको मार भोगिरहेका जनताका कुण्ठामा दुखेको देशका गुनासाहरू पटक-पटक दोहोरिएर आउने सन्दर्भहरू नै यो पुस्तकका मूल विषय बनेका छन्। मानिसका कष्टका प्रमुख कारणहरूमा औद्योगिक एवं व्यापारिक प्रगति र त्यसबाट पूँजीपतिको एकप्रकार बाट बढ्दै जाने एकाधिकारको परिणाम हो। यसैसित सम्बद्ध घटनाहरू राईका कवितामा पुनरावृत्त हुन्छन्।

पर्यावरण (Milieu) भित्र लेखक वा कविले भोगेको भूगोल, समाज र मान्छेका मन समेटिन्छन्। कवि रक्ष राईले जन्म लिएको भू-भाग नेपालको पहाडी क्षेत्र (खोटाङ्ग) हो भन्ने विषय पनि कविताका हरफबाटै उद्घाटित हुन्छ। नेपाल आमाका धर्तिमा उब्जिएको अन्न र बगेको पानीमाथि असीम श्रद्धा देखाउँदै "नून खाएको .....' भन्ने किसिमका प्रसङ्गबाट नेपालको भू-भागसित कविको पर्यावरणीय सम्बन्ध देखिन्छ। तिखुवा खोलो सम्झनामा बगिरहन्छ। नेपालको गरिबी र पर्यावरणलाई सम्झनामा लिंदालिंदै लेखिएको छ :

'कहिले नून भएर दुख्या छ
कहिले तेल भएर दुख्या छ
जताततै दुख्या छ मन'
(पृ.- ११)

पर्यावरण (Milieu) मा भौगोलिक वातावरण पनि कम महत्त्वको हुँदैन। त्यही भौगोलिक स्थितिलाई हृदयङ्गम गरेर हिमालयका प्राकृतिक स्वरूपको सम्मान गरिएको छ। हामी नेपाली जनताका सपना र कामनाको निम्ति हाम्रा रहरहरू फुल्ने टारी र तोरी फुल्ने बारीको कमी छैन, यी प्रसङ्गका अभिव्यक्तिमा मानसिक र भौगोलिक पर्यावरण प्रमुख हुन्छन्। प्रसिद्ध साहित्यकार, कथा र उपन्यासकार पारिजातलाई हामी भुल्न सक्दैनौं। त्यसैले उनलाई मृत्युपछि दिइने सम्मानका नाममा केवल हामी दुईथोपा आँसु र दुईशब्दको श्रद्धाञ्जली मात्र दिन सक्छौं भने त्यो पनि नेपाली साहित्य, कला, सङ्गीत एवं राजनीतिको इतिहास हो। तसर्थ रक्ष राईले 'पारिजात'लाई एक स्मरणमा लिएर 'पारिजातले नजन्माएको छोरो' भन्ने वाक्यांशबाट श्रद्धासुमन चढाएका छन्। (पृ-४९)

यसरी पूर्वजहरूका कृतिलाई अध्ययनमा लिई त्यसमा सहमति जनाउने, असहमति जनाउने, अर्ध--सहमति जनाउने परम्परा रेमन्ड विलियम्सजस्ता साहित्यका आचार्यबाट सुरु भएको छ। त्यसैले एउटा कृतिलाई आधार बनाई त्यसमा व्यक्त धारणासित सहमति जनाउने वा नजनाउने अरू साहित्यकारले टिप्पणी गर्दै आफ्नो विचार राख्ने धर्मानुसार पारिजातले जन्माउन नसकेको असल छोरो अब नेपाल आमाले जन्माउने आशा र प्रतीक्षा गरिएको पाइन्छ।

यो कृतिमा प्रजातिका प्रसङ्ग पनि प्रसस्त छन्। लाहुरे पेसासित राईले नजिकको नाता राखेको हुँदा जन-जीवनका सुखदु:खका धेरै घटनाहरू यहाँ पटक-पटक दोहोरिनु नौलो विषय पनि होइन र सरासर त्यही र सहज भई प्रत्यक्ष आउनुलाई सरलीकरण भनी आरोप लगाइन्छ। साहित्यमा यस्ता सरलीकरणका समस्याले साहित्यिक मूल्य, ओज, आलङ्कारिक पक्ष वा सौन्दर्य मूल्यको पनि उपेक्षा हुन्छ, तथापि आफ्ना जीवनानुभूतिबाट कवि टाढा हुन सक्दैनन्; त्यसैले अब युद्धले विश्वलाई जति असर गरेको छ,

त्यति नै जीवनभरिका वेदनामा सैनिक जीवनका घटनाले असर गर्ने देखिन्छ । मेरो जम्मै स्वाभिमानलाई विक्रीमा हालेको छु (पृ.६२) जस्ता प्रकारका अभिव्यक्ति यस भनाइमा साथ दिन उभिन्छन् ।

प्रजाति (Race) मा गणना हुने नेपाली जातजातिलाई प्रमुख स्थान र महत्त्वमा लिने योजना रहेको छ । घरभित्रै पनि कतिपय समस्यामा प्रवासीलाईजस्तो व्यवहार राजनैतिक पूर्वाग्रहका कारणले गरिंदै छ । न्यायधीशका छेउमा पुग्न नसक्ने र न्यायको माग गर्न पनि नसक्ने स्थितिका नब्बे प्रतिशत जनता हामी छँदैछौं । यस स्थितिमा न्याय प्राप्त छ भन्न पनि सकिन्न, किनकि ठूलाबडासित खैलाबैला गर्न आँट नपुग्ने जनताले न्याय पाएका छन् भन्न पनि कठिन छ । यस विषयलाई एउटा प्रसङ्गमा यसरी सारांश गरिएको छः राहु चलेको दिन साहू भन्छ –

तेरो बाउबाजेले ऋण खाथ्यो
कुनै सबुत छैन
प्रमाण पनि छैन (पृ. १५)

यहाँ प्रजातिको धारणालाई अलिकति फराक गरेर हुर्नुपर्छ । राईका आफ्ना निज प्रजाति राई-लिम्बूको मात्र समस्या देखिंदैन, समस्या पूर्णतः नेपाली जनता र त्यसमा पनि गरिब-निमुखा जनतातिर ढल्किने ढङ्गको देखिन्छ । नेपाली जातजातिलाई नितान्त गरिब देखाई चित्रण गरिएका विभिन्न रचनाहरू मध्ये 'ए दुःख' पनि एक हो । 'ए दुःख !' शीर्षकका रचनामा जीवनभर आरन चलाएर, उद्योगका निम्ति पसिना बगाएर पनि आवश्यकतालाई सही ढङ्गले धान्न र सन्तोषले समाधान गर्न नसक्ने गरिबीको चित्रण सान्दर्भिक देखिन्छ । विकासका लहरतिर लगाउने, गरिब जनताको स्तरलाई उठाएर खानलगाउन पुग्नेसम्म बनाउने देशका निजी र सरकारी प्रयासहरू पूरै 'माओवादी समस्या र त्यसको समाधान'तिर अभिमुख हुँदा देश दुखेको सही ठहर्छ ।

निजी भावनाबाट टाढा बसेर कविले अरू केही कुरा ल्याउन सक्दैनन्, तथापि सम्पूर्णमा निजी वस्तु र भावनालाई नै मूल साधन बनाउने कविको काव्य समाजका निम्ति सार वस्तु बन्दैन । त्यस्ता नितान्त निजी विषयमा केन्द्रिय भाव कायम गर्ने र आंशिक रूपमा समाजको प्रतिविम्बन गर्ने विशेषता कवितामा हुन्छन् । यस प्रकारको विशेषता 'तिम्रो घाम जून' (पृ.-१७) कविताले धारण गरेका देखिन्छन् । त्यसै गरी युगका चेतनालाई समेट्दै मान्छेले मान्छे खाएको इतिहास; धर्म र राजनीतिका नाममा मानिसको हत्या भएको इतिहाससित कवि चेतनाले असहमति जनाएको छ । ईश्वरले धर्मका नाममा आफ्नो पूजाका लागि अर्काको हत्या गर्ने अनुमति कदापि दिंदैनन् । त्यस्ता विषयलाई 'ईश्वरको प्यारो बन खोज्दा' शीर्षकले प्रतिविम्बिन गर्न खोजेको देखिन्छ । विषयको छनोटमा मात्र राईका रचना परिपूर्ण छन् भन्ने होइन; शैली-शिल्प र अलंकार योजनामा पनि प्रयास सुन्दर छ । विशेष गरी उपमा अलङ्कारको संयोजनका प्रयासलाई अगाडि सार्दा आलङ्कारिक अभ्यासको योजना रहेको स्पष्ट हुन्छ (पृ.-२२) । मूलतः कविको विषय भित्र बारम्बार दोहोरिने धर्म, राष्ट्रप्रेम, राष्ट्र-भाषा एवं जनताको अभिन्न मित्रजस्तो बनेको गरिबी कै चर्चा पाइन्छ । स्थानीय पर्यावरण देशका विविध स्थानसित सम्बद्ध तत्त्वहरू, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय महत्त्वका वस्तुसित नाता राख्ने विविध गुच्छकबाट देशको मायाको भाव झल्कन्छ । माछापुच्छ्रे, सगरमाथा, दिक्तेल, बेल्टार, गोरखा, सप्तकोशीजस्ता प्रसिद्ध स्थानजन्य प्रतिविम्ब मार्फत् नेपालका डाँडा, खोला, भीर, पाखाको महत्त्वमाथि प्रकाश पारिएको छ । त्यसैले जातजातिमा नेपालको न्यानो सम्झना गर्ने कविले रचेका रचनामा डा. तारनाथ शर्माले भूमिकामा उल्लेख गरे झैं 'भोलिका नेपाली पाठकहरूले यी कवितात्मक कृतिहरूमा आजको नेपाली जीवनको इतिहास पढ्ने छन्' भन्ने विश्वास गरिन्छ ।

पछिल्ला खण्डमा छापिएका केही मुक्तकहरू जस्तै किसान, बाध्यता, बलिदान, पार्टी, राहत, मन्त्री

आदिले ती–तीं शीर्षकका अर्थ कोरल्ने प्रयास गरेका छन् । समसामयिक अर्थलाई कोरल्नु भनेको प्रत्युत्पन्नमतिको परिणाम हो । जनता, क्षमता, सरकार, भोट, जीवनजस्ता मुक्तकमा चोटिलो व्यंग्य भएको अनुभव गरिन्छ । पश्चपृष्ठमा श्रवण मुकारुङले 'भाष-शैलीको मौलिक चित्रणले नै उनको कविताको व्यक्तित्व स्थापित भएको छ' भन्ने टिप्पणी गरेको उचित र यथायोग्य प्रतीत हुन्छ ।

निष्कर्ष: राईको 'देश दुखेको छ' कविता र मुक्तकहरूको सङ्ग्रह हो । यस सङ्ग्रहमा सत्तरीभन्दा बढी स्फुट रचना र केही मुक्तकहरू छन् । समयलाई मध्यनजरमा लिंदा २०४५ सालभन्दा पछाडिका युगमा घटेका घटना र प्रकाशन मिति २०५६ भएकोले यो बीचका यही दशवर्ष भित्र घटेका घटनाहरू ज्यादै निकटस्थ भई उद्घाटित हुन्छन् । नेपालमा वि.सं. २०४५ सालमा ठूलो भूकम्प गएको थियो भन्ने इतिहासका सन्दर्भलाई लिन; पारिजात, पासाङ ल्हामु शेर्पा आदिको मृत्यु भएको विषयलाई बुझ्न, ठूलो जनक्रान्ति भएको सम्झन, प्रजातन्त्रका आगमनले जनताले सुखको आशा राखेको अनुभव गर्न र त्यस आशाका ठाउँमा दुःख मात्र हात पऱ्यो भनी पश्चाताप गर्न यी रचनाका पाठले सहयोग गर्नेछन् । यी रचनाबाट दुःखको रापमा पिल्सिएका मानिसको नेपाली जीवनको एउटा स्वरूप अनुमान सहजै हुन्छ । यी समस्या सामाजिक, राजनैतिक र आर्थिक रूपमा जनताका थाप्लामा लादिएका छन् । सँस्कृति र परम्परा पनि नेपाली जनताका दैलादैलाबाट उठेका छन् । मूलतः धेरैजसो समस्यालाई कविले समाजमा हेरेर मूल्याङ्कन गर्ने गर्दछन् । समाज भनेको कविलाई ऊर्जा प्रदान गर्ने आधार हो । त्यही आधारलाई समातेर कविले यति धेरै कुण्ठा र निराशले भरिएका अभिव्यक्तिहरू प्रस्तुत गर्न सकेका हुन् । पाठकका तर्फबाट हेर्दा धेरै विषयलाई छोडेर पनि कवि राईले नेपाली जनताका सामुमा आएका दशवर्ष भित्रका पेचिला सन्दर्भहरू समाजबाट टिपेका रहेछन् भन्ने अनुभूति बन्न सक्छ । यो कृति ऐतिहासिक घटनाको पात्रो हो ।

– धरान

नववर्ष २०५८ को पावन अवसरमा सम्पूर्ण देशवासी
वन्धुवान्धवहरूमा सुख-शान्ति तथा समृद्धिको लागि
हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

गङ्गाबहादुर कुँवर (अध्यक्ष) तथा **बटकुलाल चौधरी** (उपाध्यक्ष)

टीकापुर विकास समिति परिवार

टीकापुर, कैलाली

फोन नं. ०९१-६०२४३

आँसुका फूलहरू (गीती सङ्ग्रह)

आँसुका फूलहरू (गीतीसङ्ग्रह) कवि राजकुमार 'बगर' को २०५७ सालमा प्रकाशित कृति हो। प्रस्तुत कृतिमा ७९ वटा गीतहरू समाविष्ट छन्। कविका गीत,कविता, गीत, गजलहरू विभिन्न पत्रिकामा प्रकाशित भइरहेका छन्। यो गीतीसङ्ग्रह उनको प्रथम कृति भए तापनि निकै राम्रो र स्तरीय छ। 'बगर हुन्छ त नदी छेउमै तर खोतल्दै जाँदा बगर भित्र अस्तित्व पाइन सक्छ पानीको' आयोद धौम्य निर्मलले लेख्नुभएको छ। कविको भनाइ छ –

सधैं नशामाझ डुबी व्यथा भुल्न खोज्छु
त्यसैले त हरेक पल म बोतलहरू रोज्छु।

'खुसी गीतमा रुपान्तर हुन पाएन भने खुसीको आयु लामो हुन सक्दैन। गीत बन्न हृदयको गीत बन्नुपर्छ' कवि तीर्थ श्रेष्ठको भनाइ हो यो।

प्रकाशकः- पोखरेली युवा सांस्कृतिक परिवार।
मूल्य रु.:- ५०/-

छरिएका कविता

कवि रामविक्रम थापा नेपाली साहित्यका चर्चित प्रतिभा हुन्। समसामयिक नेपाली कविता लेखनमा २०४० को दशकदेखि सक्रिय रूपमा लागि परेका छन्। उनका रचनाहरू मधुपर्क, मिर्मिरे, गरिमाजस्ता राष्ट्रियस्तरका साहित्यिक पत्रिकाहरूमा प्रकाशित छन्। २०५६ असारमा उनको यो पहिलो कविता सङ्ग्रह खोटाङ जिल्लाबाट प्रकाशित भएको हो। यसभित्र १७ वटा छन्दोबद्ध, एउटा लोकलयमा र २९ वटा गद्य कविता गरी जम्मा ४६ वटा कविताहरू छन्। रामविक्रमका कविताहरूमा परिवेशसूचक सामाजिकीकरण र तिनका अनेकन शिथिलतालाई कविले राम्ररी पस्किन सकेका छन्। उनको कवितांश –

म दुङ्गो राख्छु, अरू घडेरी उठाउँछन्
म घडेरी सम्याउँछु, अरू घर बनाउँछन्
म घर ठड्याउँछु, अरू घरपति भएर वस्छन्।

प्रकाशकः श्रीमती हिमालक्ष्मी थापा
मूल्यः रु. ५०/-, पेजः ५८

– *अरुणबाबु खत्री 'नदी'*

जङ्गल

⇨ भक्तराज न्यौपाने 'उपेक्षित'

सृष्टि हो जङ्गल
प्रकृतिको सुरम्य मुस्कावट हो
कुहिरोको वाफभित्र हराएर
आफैमा अपरिचत नाम हो – जङ्गल।

जङ्गलभित्र,
रूख बुट्यानहरू फस्ट्याउन सक्छन्
पशुपंछीहरू जङ्गलको सुरक्षा कवचभित्र
वैंश वृद्धि गर्ने कर्म गर्छन्
र, धक फुकाएर प्रकृतिको गर्भमा
प्राणीहरू विचरण गर्न सक्छन्
जङ्गल आशा हो – प्राणीको।

अकस्मात् जङ्गलभित्र
बाजको नङ्ग्राभित्र सुरक्षित मृत्यु पर्खेर परेवा पऱ्यो
सृष्टि संवाहकमा एकछत्र राज्य कायम गर्ने
बाजको नियति
एउटा निर्दोष परेवा परेवीमाथि झम्टियो
र सारा जङ्गलमा विषाक्त प्रवृत्ति बढ्यो।

आजकल जङ्गलभित्र
सन्नाटाले डेरा जमाएको छ
किनकि जङ्गलमा आजकल
नियतिको डँडेलो सल्कन्छ र जङ्गली जनावरहरू
जङ्गलको ओत छाडेर
मानववस्तीतिर पाइला बढाउँछन्
कारण स्पष्ट छ
जङ्गल आजकल मृत्युगीतजस्तो
शोक सन्देशमा सुसाउँछ।

– वेखासिम्ले–९ काभ्रे

चित्रकार कुलमानसिंह भण्डारीमा श्रद्धासुमन

❑ रमेशबहा सिन्नापति

नेपालका समसामयिक चित्रकला तथा साहित्यका साधक अर्थात् चित्रकला जगत्का प्रथम दर्जाका प्रसिद्ध कलासाधक सरल, मृदुभाषी, प्रष्ट स्वभावका धनी कुलमानसिंह भण्डारीसँग यो पंक्तिकारले भेट गर्ने र सङ्गत गर्ने सौभाग्य पाएको थियो । पटक-पटकको भेट भए पनि औपचारिक रूपमा वा प्रथम भेट भने केवल धाएर उहाँको नैकाप स्थित घरमा भएको हो । भूतको भिनाजु (वासुदेव शर्मा नुईटेल) को घर पुगेको बखत फोनबाट सम्पर्क गरेर पुगेको सम्झना आजसम्म ताजै छ ।

कला तथा साहित्यका स्रष्टा व्यक्तित्व कुलमान सिंह भण्डारीसँग मेरो कुनै चित्रकला प्रदर्शनी र साहित्यिक सभा गोष्ठीमा यस अघि भेट भएको सम्झना छैन । हुन पनि हो धेरैपटक देखादेख भए पो चिन्नू पनि।

म कलासाधक भण्डारीको नैकापस्थित घर नगिच वि.सं. २०५१ भाद्र ४ गते के पुगेको थिएँ – उहाँ त मलाई भिन पो आउनु भएको रहेछ ।

नेपाली भाषा, साहित्य, कला र सङ्गीतप्रति केटा–केटी अवस्था देखिको अभिरुचि र यस क्षेत्रमा आधिकारिक साहित्यकार परिचय कोशको अभाव देखेकाले पूर्ति गर्न सकिएला भनेर स्रष्टाहरूसँग प्रत्यक्ष भेटेर स्रष्टाहरूकै हस्ताक्षरमा सङ्क्षिप्त परिचय र तत्काल मन्तव्य लिने क्रममा साहित्य तथा कला साधक श्रद्धेय कुलमानसिंह भण्डारीको घर आँगन पुगेको थिएँ ।

त्यस बखत उहाँकी श्रीमती, छोरा रामकृष्ण (मूर्तिकार) र कुलमानसिंह संगको प्रथम भेट यति मीठो हुन गयो कि मेरो जीवनको केही क्षण जी शब्दमा कति व्यक्त गर्ने बसको मीठास आली छ ।

मैंले कलासाधक भण्डारीको घरमा करिब दुईघण्टा जति बसेर कुराकानी गरें । उहाँले आफूले रचना गरेका लेख र धेरैजसो पेण्टिङ्ग देखाउनु भयो। यस अघि-अघि कतिपय कलाकारसँग भेट्दा तिनका कला सिर्जना बारे जान्न खोज्दा भाव नबताएको 'आफै बुझ्नुहुन्छ हेर्दै जानुहोस, बुझ्नुहुनेछ' पनि नभनेका होइनन् तर भण्डारीले त्यस्तो जवाफ दिनु भएन, गुन नै लगाउनु भयो – आफ्ना–कलाकृतिको बारेमा जानकारी दिलाएर ।

स्व. भण्डारीका कलाकृति भाव प्रधान हुन्छन् । समाजमा देखिएका विसङ्गति, कुण्ठा, कुविचार, पछौटेपनलाई विषयवस्तु बनाएर यथार्थ र सजीव चित्र बनाउन कुलमानसिंह भण्डारी सक्षम थिए ।

कलाकार भण्डारीले आफ्ना छोरा रामकृष्ण भण्डारीद्वारा तयार पारिएका नारनपाती फूलको हाँगा र जराबाट तयार पारिएका विभिन्न किसिमका कलाकृति साथै नेपाल कम्युनिष्ट पार्टीका नेता पुष्पलालको अर्धकदको ढुङ्गाको प्रतिमा लगभग कुँदी सकेको अवस्थामा देखाउनु भएको त्यो क्षण मेरो स्मृतिमा ताजै छ ।

शिष्ट, सरल र प्रष्ट स्वभावका धनी श्रद्धेय भण्डारी मलाई हरेक भेटमा कुराकानीबाट प्रभाव पार्न सक्ने व्यक्तित्व मध्येमा पर्नुहुन्थ्यो ।

नेपालका समसामयिक चित्रकला क्षेत्रका धनी कुलमान सिंह भण्डारीलाई नेपालीपनका माटो–ढुङ्गा आदिबाट पनि रङ्गको खन्चाचोमा प्रयोग गर्न सक्ने कला क्षेत्रमा आफ्नो बेग्लै पहिचान भएका प्रतिभा थिए । प्रायःजसो उहाँका पेण्टिङ्गका विषयवस्तु नितान्त नेपाली ग्रामीण जनजीवनमा देखिएका विसङ्गतिहरू नै रहेको पाइन्छ । आफ्ना कला कृति बुझ्न खोज्ने जो कोही दर्शकहरूले प्रश्न गरेमा स्पष्ट रूपमा कलाकृतिको भाव बताउने गर्नुहुन्थ्यो ।

कलासाधक कुलमान सिंह भण्डारीको जन्म वि.सं. १९८२ साल माघ २१ गते सोमवार तीन थाना गा.वि.स. काठमाडौंमा भएको थियो । पिता यकबहादुर भण्डारी र माता देवकुमारी भण्डारीको कोखबाट भएको थियो ।

चित्रकार भण्डारीले औपचारिक शिक्षातर्फ दशकक्षा पास गर्नुभएको थियो । वि.सं. १९९८ सालमा जूद्धकला पाठशालामा चित्रकला सम्बन्धी दुईवर्षे तालिम लिनुभएको थियो । त्यसैताका तेजबहादुर चित्रकारको धरमा गएर कलाशिक्षा लिनुभएको, वि.सं. २००१ सालमा बालकृष्ण समसँग चित्रकला सिक्नुभएको, वि.सं. २००२ सालमा चन्द्रमानसिंह मास्केसँग चित्रकला सिक्नुभएको, वि.सं. १९९७ सालमा मसुरी शम्शेरसँग व्यक्तिचित्र लेख्ने तरिका सिक्नुभएको र धागोले कार्चोपि भरेर अनुहार चित्र बनाउन जान्ने सिपालु पारसमणि रञ्जितकारसँग पनि कला सम्बन्धी ज्ञान लिनुभएको थियो ।

चित्रकार भण्डारी घरेलु उद्योग विभाग अन्तर्गत प्रमुख शिक्षक पदमा रही डिजाइनर पदबाट ६२ वर्षको उमेरमा अवकास पाउनु भएको थियो ।

चित्रकार भण्डारीको चित्रकला सम्बन्धी क्रियाकलाप यसप्रकार रहेको थियो – चित्रकला जगत्मा – वि.सं. २००० सालमा राष्ट्रिय उद्योग प्रदर्शनी (लैनचौरमा प्रथमपल्ट एकमहिना स्टल राखी प्रदर्शनी गरेको), वि.सं. २००८ सालमा मङ्गलबजारमा हस्तकला प्रदर्शनीमा भाग लिएको, वि.सं. २००९–१० सालमा भारतको मसूरी चित्रशाला आर्ट ग्यालरीमा (पहिले टिकट नलगाइकन र पछि टिकट लगाएर प्रदर्शनी भएकोमा) भाग लिएको, वि.सं. २०११ सालमा परोपकार संस्थाको आयोजनामा राष्ट्रिय उद्योग प्रदर्शनी त्रिपुरेश्वरमा दोस्रो स्थान प्राप्त भई रजत पदक प्राप्त भएको, सन् १९५३ मे ५ तारिखमा दिल्लीमा भएको द्वितीय अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनीमा चित्र पठाई भाग लिएको, वि.सं. २००८ ललितपुर रक्षा मण्डल (केन्द्र) बाट आयोजित ललितपुर आदर्श कला प्रदर्शनीमा भाग लिएको (चित्रकार भण्डारीका सबै (२५ थान) कलाकृति विक्री भएका थिए), वि.सं. २०१३ मार्गमा नेपाल कला समितिद्वारा आयोजित हुनमानढोका दरवार ग्यालरीमा नेपाल कला प्रदर्शनीमा भाग लिएको, वि.सं. २०१४ वैशाखमा श्री स्वास्थ्य शिक्षा श्रवबाट आयोजित प्रदर्शनीमा, वि.सं. २०१३ असारमा मोरङ्ग युवक साँस्कृतिक समितिद्वारा आयोजित प्रदशर्नीमा, वि.सं. २०१७ साल भाद्रमा टुरिष्ट विकास समितिको आयोजनामा पोष्टर प्रतियोगितामा दोस्रो भएको, वि.सं. २०१७ साल मंसिरमा जनकपुरमा व्यक्ति चित्र प्रदर्शनी गरेको, २०१७ पुसमा पटना आर्ट स्कुलमा चित्र प्रदर्शनी, २०१९ सालमा पुरातत्त्व विभागको आयोजनामा एसियाली चित्रकला प्रदर्शनीमा भाग लिएको , २०२० साल भाद्रमा पुरातत्त्वको अयोजनामा दिल्लीमा चित्रकला प्रदर्शनीमा, २०२० साल चैत्रमा सेतो मछिन्द्रनाथको मेला (लगन टोल काठमाडौं)मा एक व्यक्ति चित्रकला प्रदर्शनी, वि.सं. २०२१ साल जेष्ठमा बनेपामा, २०१७ पुरुषोत्तम महिनामा मक्षनारायण मेलामा, २०२२ पुषमा माटोको रङ्ग प्रयोग गरि नाफामा भाग लिएको, २०४० सालमा सिर्जना आर्ट ग्यालरीमा, सिद्धार्थ आर्ट ग्यालरीमा, पार्क ग्यालरी र विविध ग्यालरीमा भाग लिएको । वि.सं. २०४३ सालमा धनगढीमा एक व्यक्ति चित्रकला प्रदर्शनी गरेको, २०४६ माघमा पल्पसा आर्ट ग्यालरीमा ग्यालरीकै संयोजकत्वमा एकल चित्रकला प्रदर्शनी, २०४७ सालमा कीर्तिपुरका युवा कलाकार समितिको आयोजनामा नगर मण्डप श्री कीर्तिविहार सोह्रखुट्टेमा एक व्यक्ति चित्रकला प्रदर्शनी, २०४० साल वैशाखमा हस्तकला उद्योग विकास सल्लाहकार समितिको संयोजकत्वमा आयोजित प्रदर्शनीमा, २०४२ मा नेपाल कलाकार समाजको गठनको बेला रोटरी क्लवमा सामूहिक रूपमा बालमन्दिरमा भाग लिएको, २०४८ सालमा बाढी पिडितका लागि सहयोगार्थ सिर्जना आर्ट ग्यालरीमा सामूहिक रूपमा भाग लिएको, २०४९ साल माघमा पाल्पा श्री नगरमा बाल-पुस्तकालयमा । त्यसैगरी २०५० वैशाखमा विराटनगर महेन्द्र बहुमुखी क्याम्पसमा, झापाका स्कुल तथा क्याम्पसमा पनि प्रदर्शनी गरेको र वि.सं. २०५१ सालमा सुर्खेतमा ।

यसरी नेपालका विभिन्न स्थानहरूमा सयौंपटक सामूहिक र एकल गरी चित्रकला प्रदर्शनी र सम्मेलनमा सक्रियता पूर्वक भाग लिएको पाइन्छ ।

स्रष्टा भण्डारीमा साहित्य चेतना र सिर्जना क्षमता पनि थियो । जीवन यात्रा क्रममा कला साधनाको साथै साहित्य साधनामा पनि सक्रिय रहेको हामी पाउँछौं । साहित्यकार भण्डारीका फुटकर रूपमा थुप्रै संख्यामा कविता, निबन्ध, प्रकाशित भएका छन् भने वि.सं. २०५४ सालमा 'मेरा कलाकार गुरुहरू' निबन्ध सङ्ग्रह प्रकाशित भएको छ ।

वि.सं. २०१२–१३ सालमा नेपाली कला समिति केन्द्रका सदस्य नेपाल ललितकला संस्था 'नाफा'को साधारण सदस्य, नेपाल ललितकला एकेडेमी स्थापनार्थ समितिको २०३७ देखि सदस्य, नेपाल कलाकार समाजको २०४२ साल देखि सदस्य, शिक्षा मन्त्रालयद्वारा गठित ललितकला एकेडेमी विधान मस्यौदा समितिका चार सदस्यहरू मध्ये कुलमान सिंह भण्डारी पनि एक सक्रिय सदस्य हुनुहुन्थ्यो ।

कला तथा साहित्य साधना क्रममा स्रष्टा भण्डारी वि.सं. २०११ सालमा रजत पदक प्राप्त, वि.सं. २०१७ सालमा पोष्टर प्रतियोगितामा दोस्रो पदक प्राप्त, वि.सं. २०५० सालमा पासाङ ल्हामु शेर्पाको भाव चित्र प्रदर्शनीमा चाँदीको पदक प्राप्त, वि.सं. २०५२ सालमा श्री ५ को सरकारबाट राष्ट्रिय प्रतिभा पुरस्कार प्राप्त, वि.सं. २०५२ सालमा कवि युद्धप्रसाद स्मृति पुरस्कारबाट सम्मानित हुनुहुन्थ्यो ।

कला साधक भण्डारीसँग यो पंक्तिकारले वि.सं. २०५२/१/४ गतेको भेटमा केही प्रश्नहरू गर्दा उहाँबाट प्राप्त भएका उत्तर मध्ये केही यहाँ प्रस्तुत गर्न चाहन्छु–

तपाईं विशेष गरी चित्रकला क्षेत्रमा कोबाट बढी प्रभावित हुनुहुन्छ भन्ने जिज्ञासामा चित्रकार भण्डारीको भनाइ थियो – मलाई मेरो चित्रकारी विषयमा प्रभाव पार्न सक्ने मान्छे भनेको कलामा दक्षता पाइसकेका कलाकार नै हुन सक्छन् । रेखा कोराइबाट प्रभावित भएको गुरु श्री चन्द्रमान मास्के र रङ्ग संयोजनमा प्रभाव पार्ने गुरु सर्व श्री तेजबहादुर चित्रकार नै हुनुहुन्थ्यो ।

उहाँलाई मन पर्ने प्रमुख रङ्ग र प्रयोग गर्नुको मुख्य कारणवारे जिज्ञासा राख्दा – जुनसुकै मान्छेलाई पनि उज्याला रङ्गले आकर्षण गर्दछ । तर चित्रकारी काम गर्नका लागि मलाई रामतिलक (एलो ब्राइट) पहेंलो रङ्ग र आकाशे नीलो (कोवाल्ट ब्लु) उज्जरनीलो रङ्ग मन पर्छ । पानी रङ्गको चित्र बनाउँदा रेखा केराइको काम सकेर पानीले पोतिन्छ । त्यो भिजेको सुके पछि अनि रङ्ग लगाउने काम सुरु गरिन्छ । चित्र बनाइ सक्ने बेलामा नजिक र टाढाको दुरी देखाउन कोवाल्ट ब्लुको हल्का पोताई आवश्यक ठाउँमा गरिन्छ, अनि काम पूरा गर्ने गर्छु ।

नेपाली चित्रकलाको वर्तमान र भविष्य बारे जिज्ञासा राख्दा चित्रकार भण्डारीको जवाफ यस्तो थियो– नेपाली चित्रकलाले धेरै जनताको हितमा साथ दिएसम्म व्यापक जनताको मनमा घुसेर राम्रो प्रभाव पार्नेछ । जनतामा कलाकारिताको बोध गराउनेछ, जनताले कलालाई आफ्नो जीवनको अङ्गको रूपमा लिने व्यवहारिक दैनिकतामा खाना र लाउन सरह भई कलाले विकास गर्नेछ । कुनै एक वर्गको मात्र पेवा बनाउन सक्ने छैनन् ।

धर्म र वर्ग संसारमा रहेसम्म ती धर्म र वर्गका पक्षपातीका रूपमा कलाले साथ दिनेछ । धर्म र वर्गले आफ्नो कला नभएको भन्ने महसुस गर्न नपाउने गरी कलाले मान्छेलाई जहाँ गए पनि नछोडी साथ दिनेछ । सारा मान्छेको श्रीपेच भएर कलाले समाजमा ताजा सोच समझलाई सदा उच्च तुल्याई राख्नेछ । कहिले कुनै वर्गको साथ दिएर पनि कला संसारमा बाँचिरहन सक्नेछ । कलाको भविष्य जनतासँग कति सम्बन्धित र घनिष्ट छ त्यसैको आधारमा ऊ जीवित रहन सक्नेछ । नेपालमा ऐतिहासिक कालदेखि कलाको जग बलियो भएको हुँदा लडतरो भूकम्प र आँधीले ढल्ने छैन । कलाले अध्यात्मवादको जगबाट उठेर भौतिकवादको बाटो हुँदै द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादको लक्ष्य लिदै सगरमाथाको उचाइ ताक्दै उकालो लाग्दै छ ।

कलाको अझ व्यापक, दीर्घजीवी र योजनाबद्ध

विकास गर्न ललित कला एकेडेमीको अत्यन्त आवश्यक भएको यो घडीमा ललितकला एकेडेमी खुल्न सकेमा सारा चित्रकारको इच्छा पूरा हुनेछ र नेपाली कलाको विविध विधाको हितमा समेत अत्यन्त राम्रो भविष्य हुनेछ भन्ने देखेको छु ।

कलाकारी जीवनको अनुभूति बारेमा जिज्ञासा राख्दा चित्रकार भण्डारीको जवाफ यस्तो थियो – चित्रकारी इलम सिकिरहँदाको वेलामा आफ्नो सिकारु हातले लेखेको चित्र हेर्नेले 'आहा क्या राम्रो, दुरुस्तै हुनेगरी लेखेछ !' दर्शकले भनेको सुन्दा आफ्नो सानो छाती ठूलो भएको अनुभूति हुन्थ्यो । टाँसिएको गाला हुप्प भएजस्तो लाग्थ्यो । भोग लागेर असक्त भएको वेलामा पनि टन्न अघाएको झैं अनुभूति हुन्थ्यो । त्यतिवेला हिंड्नुपर्दा फटाफट फूर्ति साथ हिंड्ने उर्जा प्राप्त हुन्थ्यो । यी कुरा केटा-केटी अवस्थाको अनुभूति हो ।

आफूले बनाएको भाव चित्र वा दृश्यचित्र ग्राहकले किनिदिंदा आफ्ना हातमा त्यति बेलाको चाँदीको डबलले हातभरि लक्कु हेरेर मेरो हातको सिर्जनाले पनि पैसा कमाउन सक्यो, जीविका चलाउन सक्ने भएँ भन्ठानेर दङ्ग पर्थें, खुसी हुन्थें । मीठो लाग्थ्यो । अलि बढी नै पनि खान्थें । त्यसबेला अलि बढी नै चित्र विक्रीबाट आएको पारिश्रमिकबाट आफ्नो घर खर्च सुल्झाउन पाएँ भन्ने हुन्थ्यो ।

चित्रकला प्रदर्शनीको लागि विभिन्न ठाउँबाट बोलावट हुन्थ्यो, चित्र उद्घाटन हुन्थ्यो । धेरैजनाले आफ्नो चित्रवारे सोध्थे । मैले आफ्ना ती चित्रका वारेमा संक्षिप्त व्याख्या गर्थें । दर्शक जनहरू प्रसन्न भएर धन्यवाद र वधाई दिन्थे । आफ्नो कलाकृतिका वारेमा सोधखोज गरेको र बुझिदिएकोमा प्रसन्नताको अनुभूति हुन्थ्यो । प्रदर्शनीमा चित्र राखिएको कुरा अखवारमा आउँदा झनै खुसी लाग्थ्यो । राष्ट्रिय र अन्तर्राष्ट्रिय समस्यालाई चित्रमा प्रस्ट्याउने गरी लेखेकालाई आफैले हेर्दा समस्यालाई लिएर लेखिएको चित्रमा कलात्मकता दिन सकिएको महसूस भएमा आफ्नो सीपलाई सही ढङ्गमा चित्रित गर्न सकिएछ भनी खुसीको अनुभूति हुने गरेको छ ।

समग्रमा भन्नुपर्दा कलाकारी जीवन जिउन आर्थिक हिसावले नेपालजस्तो ठाउँमा कठिन छ । कलाकारी जीवनजस्तो अन्य विधामा लागेको भए त्यति मीठो अनुभूति त होला नहोला ।

कला साधक भण्डारीलाई आफ्ना कलाकृति मध्ये आफूलाई राम्रो लागेको चित्रको नाम माग्दा पाँचवटा मध्येको एउटा 'प्रगतिको दौड' प्रस्तुत चित्रको भावार्थ हो, समाजको विविध रङ्गको अवस्था पार गर्दै, अनेक समस्याका अप्ठेरा अल्झा लतार्दै पन्छाउँदै र खतराका रूपमा रेखालाई फड्कँदै र नाघ्दै अनेक समस्याको निराकरण गर्दै प्रगति अवश्य गरी छाड्छु भन्ने सङ्कल्पको दुरी अडान लिई सहर छिचल्दै, गाउँ-गाउँ पार गर्दै प्रगतिको निमित्त त्यो पातलो मान्छे दौडिरहेको छ, अनन्त कालसम्म नै दौडिरहने छ ।

यो चित्रको माध्यम गाउँ घरमा घर पोत्ने माटो हो । गाउँमा यस्तै माटोले घर पातेको अझै पनि देख्न पाइन्छ । यसरी माटोले चित्र बनाउँदा चित्र बनाउने क्षेत्रमा हामी रङ्गको विषयमा स्वावलम्बी भएका छौं । बजारमा विदेशी रङ्ग किन्न नपाउँदा पनि चित्र बनाउने सम्बन्धमा उठेको भाव (प्लट) विलाएर जान नपाउँदै क्यानभासमा माटो रङ्ग प्रयोग गरी चित्र तयार गर्न सकिन्छ, रङ्गको लागि भौतारिंदै रङ्ग खोजी गर्दै रहनु नपर्ने उदाहरणीय कार्य गरी चित्रकार भण्डारी देखाउनु भएको छ ।

सरल, मृदुभाषी र स्पष्ट स्वभावका प्रसिद्ध चित्रकार तथा साहित्यकार कुलमानसिंह भण्डारी भौतिक रूपमा हामीबाट वि.सं. २०५७ साउन २ गते सोमबार राती ११:५८ बजे शिक्षण अस्पतालमा विदा भए पनि हामी नेपालीलाई स्मरण योग्य अमर कलाकृति (लेख रचना) छोडेर अमरत्व प्राप्त गर्नु भएको छ । अमर कला साधक भण्डारीमा मेरो पनि शब्द श्रद्धासुमन ।

– मध्यपुर ठिमी – १७

बुझ्नुपर्ने कुरा

पैसाबाट के मिल्छ, के मिल्दैन

भौतिक सुख मिल्छ	–	शान्ति मिल्दैन
औषधि मिल्छ	–	आयु मिल्दैन
साथी मिल्छ	–	मित्र मिल्दैन
स्त्री मिल्छ	–	धर्मपत्नी मिल्दैन
नोकर मिल्छ	–	सेवक मिल्दैन
राम्रो गद्दा मिल्छ	–	निद्रा मिल्दैन
शान मिल्छ	–	मान मिल्दैन
गीता मिल्छ	–	ज्ञान मिल्दैन
गुरू मिल्छ	–	सद्गुरू मिल्दैन
पुस्तक मिल्छ	–	विद्या मिल्दैन
मित्र मिल्छ	–	चरित्र मिल्दैन
मूर्ति मिल्छ	–	भगवान् मिल्दैन
शरीर मिल्छ	–	आत्मा मिल्दैन
कलम मिल्छ	–	सिर्जना मिल्दैन
भोजन मिल्छ	–	भोक मिल्दैन

भजन

प्रभुलाई भेट्दा

⇨ शिला पन्त

बस्ती हरिको खोज्दै जाँदा बाटैमा वास परेछ
अन्तस्करणले प्रभुलाई हेर्दा आफ्नै साथ रहेछ ।

प्रभुलाई हेर्ने मनका आँखा
ज्योतिस्वरूप भएछ
ज्ञानको दियो जगमग गर्दै
आफैं पो बल्दै गएछ
बस्ती हरिको.....
प्रभुलाई देख्ने मनको इच्छा
कसरी पूरा भएछ
आफैलाई थाहै नभैकन
प्रभुसँग भेट भएछ
बस्ती हरिको.....

नववर्ष २०५८ ले सर्वत्र
सुख-शान्ति ल्याओस् ।

नेपाल बैंक लिमिटेड

नववर्ष २०५८ को पुनीत उपलक्ष्यमा समस्त
नेपालीमा हार्दिक मङ्गलमय शुभकामना ।

वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र
परिवार

Hall — Comm
For: Conference, Seminar, Exhibition, Film-show and any kinds of Social and Cultural Programme
For further details please contact:
BIRENDRA INTERNATIONAL CONVENTION CENTER
New Baneshwor, Kathmandu
Tel:472460, 494403, Fax: 00977-1-471080, 474912

कथा

बिद्रोह हुनै पर्थ्यो

❑ प्रल्हाद कार्की

म कति टुक्रा च्यातिएँ, त्यसबेला सायद ती टुक्रा बटुलेर एउटा सिङ्गो रूप सिउँदासिउँदै मेरो जीवन किनारा लागिसकेको हुन्छ होला । मेरो हृदयमा रोपिएका शूलहरूले प्रताडित मेरो अस्तित्व आफैभित्र खरानीले मात्र भरिएको एउटा डोब भइदिन्छ– त्यसबेला । साँचो कुरा त त्यसबेला म एउटा शून्य खोज्दै थिएँ । आफैलाई सम्पूर्ण सेलाउन एउटा कालो ओडारको आवश्यकता थियो । आफू वरिपरि अँध्यारो मात्र चाहन्थें म । एउटा निष्पस्ट आवरणभित्र शरणागत हुने प्रबलता छटपटाएको थियो मभित्र । अध्यारोको कालो घुम्टोमा आफूलाई छोप्न लुकाउन चाहेको थिएँ मैले । मानसिक उद्वेलनहरूले पीडाको चित्कार ओकल्नु अघि म आफैबाट र आफ्ना भनाउँदाहरूबाट धेरै टाढा फुत्कन चाहन्थें । जीवनको यस विकट क्षणमा आफूलाई र आफ्नो परिवेशलाई समूल विर्सन चाहन्थें ... त्यो तीतो क्षणलाई एउटा डर लाग्दो सपना मात्र भइदियोस् भनेर कति धेरै चाहेंथें मैले । आफूले चाहेर प्रतिकूलता कहाँ सपना मात्र भइदिंदो रहेछ र ...म आफैलाई आफू मान्न तत्पर थिइनँ, तर पनि·म, म नै थिए – एउटा दन्किरहेको ज्वालामा प्रत्येकपल भष्म हुँदै म आफ्नो उपस्थिति गाह्रो, गरुङ्गो सहँदै थिएँ ।

म जन्मेको घर मेरो मृत अस्मिता पोल्ने चिता भएको थियो । मेरा जन्मदाताहरू राँको लिएर मेरो चिता जलाउन आतुर देखिन्थे – लाग्दथ्यो उनीहरू कुनै महान् पुण्य कमाउन हतारिंदै छन् र तुरुन्तै नगरे यो पुण्यबाट उनीहरू सदाका लागि वञ्चित हुँदै छन् । म प्रतिक्षण पट्यार लाग्दो उद्वेक अनुभूतिमा भासिंदै थिएँ – भयावह सोचविहीन अर्धविक्षिप्ततामा धकेलिंदै थिएँ ।

म मेरा अभिभावकहरू अघिल्तिर उभिएका थिए । मेरा आफ्नै बाबाको अगाडि – आफ्नो मुमाको सामुन्ने तर मेरो त्यसबेलाको हैसियत मात्र एउटा अपराधी हुन्छ । मलाई संसार डोऱ्याउनु पर्ने मेरा बाबाका औंलाहरू एउटा बज्रमुठीमा कसिएको हुन्छ, मैले सांसारिक सुन्दरताहरू चिहाउने मेरो बाबाका आँखाहरूमा त्यो क्षण मप्रतिको अथाह अपरिचयको चीसो मात्र ठोस जमिरहेको पाउँछु । मलाई जन्माउने मेरो मुमाको कोखबाट उत्सर्जित उच्छ्वासहरू आफ्नो अभिशप्ततालाई धिकार्दै थिए, त्यसबेला ।

अनुहारभरि विभत्सताका रङ्गहरू पोतेर दाइ आफू भित्रको सम्पूर्ण तिक्तता ओकल्छ ।

'त्यति राम्री दिदीकी यस्ती बहिनी भनेर अनुमानै भएन रे । नत्र उनीहरू आउँदै आउन्न थे रे ।'

मेरो बाल्यकालको सर्वत्र प्यारो त्यो साथी .....

मेरा हरेक किशोर उत्साहको अभिन्न सखा... मेरो शार्दूल दा ।

कसरी मेरो सम्पूर्णता पोल्ने उल्काहरू ओकल्दै हुन्छ ऊ .....'

ममता बोल्दाबोल्दै अवरुद्ध हुन्छे । उस्को आँखा तरल भइदिन्छन् । अनुहार पीडाले रक्ताम्मे हुन्छ । सजल नेत्र उठाएर मतिर निमिषभरका लागि पुलुक्क हेर्छे । यस्ती केटी कसरी नराम्री हुन सक्छे कसैको नजरमा – म छक्क पर्छु । ठूला आँखा, मिलेको निधार, लामो चेहेरा एउटा सुन्दर केटीमा हुनुपर्ने के पो शारीरिक गुण छैन र – उसमा । केटाहरूको

नजरले आजकल के खोजेको छ ? म अलमलमा पर्छु। साँच्चै नै अलमलिन्छु – म ममतालाई देखेर त्यसबेला .....

'शार्दूल दा सानै छँदाबाट असाध्यै माया गर्दथ्यो मेरो। म उसकी एक्ली बहिनी। दिदी हुनुहुन्थ्यो तर वहाँ ठूली हुनुहुन्थ्यो – दादाभन्दा ६ वर्ष र मभन्दा ८ वर्षले जेठी। हामी दुवैजना वहाँलाई सम्मान गर्दथ्यौं – वहाँको कताकता डर पनि लाग्थ्यो। तर म र दादा चाहीं असाध्यै मिल्थ्यौं - करीब एउटै उमेर। म बढी नै चुलबुले, उ शान्त स्वभावको, कम बोल्ने तर मीठो बोल्ने।

हामी त्यसबेला डेरामा बस्थ्यौं। बाबाले घर बनाइसक्नु भएको थिएन। दादा पाचौंमा र म तेस्रोमा पढ्थें। स्कुल जान केही समय हिंड्नु पर्थ्यो। बाटामा एउटा बङ्गला पर्थ्यो। बङ्गलालाई अग्लो पर्खालले घेरिएको थियो। फलामको कालो मूलढोका सधैं बन्द रहने बङ्गला हामी केटाकेटीहरूको लागि कौतूहलको, जिज्ञासाको र अलिकति त्रासको विषयवस्तु थियो। बाटामा पर्ने बङ्गलालाई जाँदा – आउँदा हामी डर मिश्रित एकनजर नियाल्दै छिटो पाइला बढाउँथ्यौं। एकदिन स्कुलबाट फर्केर आउँदा कहिल्यै नखुल्ने बङ्गलाको मूलगेट खुलेको देखेर खुल्ला ढोकाबाट भित्र चिहाउने उत्कण्ठालाई मैले रोक्न सकिनँ। दादा अलिकति अघि बढिसकेको थियो। बङ्गलाको सुन्दर बगैंचा एकपटक पुरै हेर्न नपाउँदै एउटा खैरो सुन्दर वेलायती कुकुर निस्केर ममाथि झम्टियो। म चिच्याएर भुइँमा लडें। मेरो स्नेहमा दादाले कुकुरसँग लड्डी खेल्यो – आफै रक्ताम्मे भएर .....।

यस्ता मेरा धेरै विकटतालाई झेलेको छ –उसले आफैलाई दाउमा राखेर भए पनि। म नवौंमा पढ्दा टोलका केटाहरू चोकमा बसेर मलाई जिस्क्याउँथे– कहिलेकाहीं अनेकथरी बोलेर। एकदिन दादाले थाहा पाएछ कसोकसो। ती केटाहरूसँग शार्दूल दाले एक्लै लड्डी गऱ्यो। उसले नाङ्गो खुकुरी हातमा लिएर टोलका घरघर पसेर ती आवारहरूलाई तह लगाएको थियो। बेलुका बाबाले किन त्यसो गरेको भनेर सम्झाउन खोज्दा दादा बाबासँग कयौं महिना बोल्दै बोलेन।

प्रवेशिका परिक्षाको तयारीको क्रममा अनावश्यक मेहनतले म विरामी पर्छु। आँखा दुखेर हेर्नै नहुने हुन्छ। डाक्टरले तीनमहिनासम्म केही नपढ्ने सल्लाह दिन्छन्। दादाको आइ.एस्सी.को परीक्षा पनि त्यहिताका पर्छ। आफ्नो परीक्षालाई थाती राखेर रातरातभरि मेरा किताब र नोट्सहरू पढेर सुनाउँथ्यो – ऊ मलाई। त्यति विघ्न माया गर्ने मेरो दादा – मेरो एक सुस्केरामा, मेरो एक चित्कारमा सम्पूर्ण पीडित हुने मेरो शार्दूल दा .....।

ममता आफूलाई सम्हाल्न सक्तिनँ – भक्कानोमा रुन्छे। म किशोरलाई मनमनै गाली गर्छु। मेरो आफ्नै सहोदर भाइ हो ऊ। साह्रै मेहनती सानैदेखि पढ्न भने पछि हुरुक्कै हुने। मभन्दा एकवर्ष कान्छो मात्र। दुवैजना गाउँ छोडेर पढ्न भनी काठमाडौं आउँदा साह्रै दुःख गऱ्यौं। वि.ए. गरे पछि म पत्रकारितामा लागे, उ निजामति सेवामा काम सुरु गऱ्यो। त्यसवेला निजामति सेवामा प्रवेश त्यस्तो चर्को त थिएन तर पनि प्रशासकीय अधिकृतको परीक्षामा प्रथम उत्तीर्ण भइ राम्रो पदमा कामगर्ने अवसर सुरुबाटै पायो – उसले। समयमै विहे गऱ्यो, पैसा पनि राम्रै कमायो। केही वर्ष पछि घर पनि बनायो। अब तीनजना पढेलेखेका सन्तान छन् – उसका। ममता कान्छी छोरी हो, ऊमाथि उसको दादा शार्दूल अहिले इन्जिनियर छ। सबैभन्दा ठूली छोरी शिलाको विहे पनि भइसकेको छ। सायद एक/दुईजना सन्तान पनि छन् क्यारे। अचेल रिटायर भएर फुर्सतको समय गुजार्दै हुन्छ किशोर .....।

म यादको श्रृङ्खलामा डुबेको देखेर ममता आफूलाई समात्न खोज्छे, म नजिकैको रुमाल टिपेर उस्को आँशु पुछिदिन्छु। ऊ आफूलाई क्रमशः समात्दै लान्छे .....।

'... उही मेरो दाज्यू किन घृणा बोल्दै छ।

एउटा अपरिचित केटाले मन नपराइदिएकोमा उसकी चेलीकै मात्र दोष केका लागि नियाल्दै हुन्छ ! मेरा आफन्तहरू बस्ने आडम्बरले भरिएको घर – म झनै विचलित हुन्छु ।

'राम्री भए त राम्री भनी हाल्थे नि !'

मलाई जन्म दिने कोख यसरी नै फत्कन्छ । मेरो पूजनीय मुमा मेरो पीडा सुम्सुम्याउनुको साटो चुक दल्नुहुन्छ । पीडाले तिल्मिलाएको मेरो मन शेषले क्रमशः रापिंदै जान्छ । म हिम्मत गरेर आँखा उठाउँछु । बाबाका आँखाहरू दोषी त नै होस् भनेर मलाई इङ्गित गर्दै हुन्छन् .....।

छोरा र छोरीमा कहिल्यै भेद हुन्न भनेर नथाक्ने मेरो बाबाका ती शुभ शब्दहरू फगत खोक्रा आदर्श मात्र थिए त ! म आफै अलमलिन्छु । मलाई साच्चै नै सोध्न मन लाग्छ – चिच्याएर मेरो दाजुसँग, मेरो आमासँग, मेरो बाबासँग र यो आडम्बर मात्रले सिङ्गारिएको घरसँग ।

'के दोष मेरै हो त !'

कुनै अपरिचित केटाको नजरले मेरी दिदीको मुहारको सुन्दरता मेरो अनुहारमा नियाल्छ – हामी दुवैको सुन्दरताको तुलनात्मक अध्ययन गर्दै उसका आँखाले वेरोकटोक हाम्रा अङ्ग प्रत्यङ्ग पनि माप्छ – अनि मेरो मनभरि थुकिदिन्छ, र फेरी पनि मेरा आफन्तहरू अझ मलाई नै किन धिकार्दै छन् ! मूढताको योभन्दा विघ्न दृष्टान्त, हाँस्यास्पद प्रदर्शन अरू के नै हुन सक्छ र ! मेरो च्यातिएको अस्मिता, मेरो हरण गरिएको निश्चलता र मेरो निर्दोष, निष्पाप मनमाथि गरिएको अत्याचारको साझेदारहरू अरू कोही पराइ त थिएनन् – मेरा आफ्नै त थिए .....।

विद्रोहका लागि मेरा औंलाहरू क्रमशः मुठ्ठी कस्सिन थालेका थिए । मनभरीको ग्लानि, रोष भएर म पड्कनै लागेको ग्रिनेड बन्दै थिएँ । मेरो शरीर विस्तारै तातिंदै जान्छ । क्रमशः मेरो गहुङ्गो विद्वेष हराउँदै जान्छ, मभित्र एकाएक स्फूर्तिको अनुभूति हुन्छ । म आफ्नो झुकेका आँखाहरू उठाएर आफ्नो परिवेश चिहाउँछु । आफ्ना सुस्त तर दृढ पाइला बाबा भएतिर लम्काउँछु र मभित्र गुम्सिएको उही जिज्ञासा दृढताका साथ दोहऱ्याउँछु –

'के दोष मेरै हो त ! के तपाईं पनि मलाई दोषी मान्नुहुन्छ त ?'

बाबाका आँखाहरू एकैक्षण मेरा आँखासँग जुद्धछन् – आँखाका पुतलीमा उही चिसो अपरिचयको तुवाँलो, उही कठोरता – न्यानोपनको कुनै तोष नै छैन – मप्रति सहानुभूतिको कुनै नरम कुना नै थिएन त्यहाँ । बुबाको अनुहार मलाई दुत्कार्दै अर्कोतर्फ लर्कन्छ, मेरो हृदयमा अर्को शूल गाडिन्छ । म भित्रको सानो झिल्को एउटा ज्वालाको स्वरूपमा भडकन्छः

'यो घरलाई मेरो अस्मिताको नाङ्गो प्रदर्शन गर्ने अनुमति कसले दियो । मलाई सर्वाङ्ग नाङ्गो पारेर वेइज्जतीको ताली पिट्नुभन्दा ज्यादा मेरो आफन्तहरूबाट मैले के आशा गर्न सक्थें र ! म भित्र चित्कारीरहेको मान्छेलाई त कमसेकम तपाईं बुझ्न सक्नुहुन्छ भन्ने मेरो विश्वास थियो ।'

'तँ यस घरकी छोरी होस् । एउटा योग्य केटा खोजेर तेरो विहे गर्दिनु हाम्रो कर्तव्य हो ।'

कुन कर्तव्यको कुरा गर्दैछिन् मेरी आमा ?

मलाई अट्टाहाँसमा हाँसी दिन मन लाग्छ, र हाँसी पनि दिन्छु ।

'कुन कर्तव्यको कुरा गर्नुहुन्छ मुमा ! तपाईंकी छोरी रक्ताम्मे पार्ने कर्तव्य कति धारिलो छ तपाईंको ममताले अलिकति पनि किन महशुस गरेन ?'

मेरो आवाजमा कतैबाट व्यङ्ग्य मिसिन्छ ।

'फेरि म सर्वप्रथम त मान्छे हुँ, त्यसपछि यो घरकी छोरी ।' मलाई भन्न मन लाग्छ र भनी पनि दिन्छु । 'मेरो मानवता धमिल्याउने प्रत्येक ती मान्छेहरू कसरी मेरा आफन्त हुन्छन् ! मलाई, मेरो चित्कारी रहेको अस्तित्वप्रति भएको अन्याय कस्को अनुमतिमा भएको हो तपाईंहरूबाट उत्तर चाहिएको छ ।'

म भित्रको ज्वालामुखी विष्फोट भएरै छोड्छ ।

'मेरो बाबा, मेरो अझसम्मको जीवनको सर्वाधिक सम्मानित व्यक्ति – तपाईंका प्रत्येक शब्दहरू मेरालागि आदर्शका गोरेटा हुने गर्थे । आज म तपाईंको शालीन आडम्बरसँग विद्रोह गर्दैछु । तपाईंको अपार जीवन अनुभव र विद्वत्तासँग मेरो एउटै जिज्ञासा छ, के छोरी एउटा विनिमयको मात्र वस्तु हो त ?'

बाबाको आँखामा कुनै परिवर्तन छैन – अपरिचयको उही चिसो तुवाँलो, भावनाको त्यही सुदुर दूरी !

कसैबाट कुनै प्रतिक्रिया छैन । मायाको कृत्रिम मुकुण्डो च्यातिसकेको हुन्छ । अब मैले गुमाउन बाँकी के नै थियो र ! म त्यसबेला छोरी भइदिएकोमा मेरो आमाबाबालाई भइरहेको पछुताउ अनुभव गर्दै थिएँ । अबत मैले निर्णय गर्नु नै थियो । सकेसम्म आफूलाई स्थिर गर्ने प्रयत्नमा पक्कै म त्यसवेला विभत्स देखिएको थिएँ होला !

'मलाई आज साँच्चै भन्नुपर्दा आफ्नो दुखिरहेको मानवताभन्दा ज्यादा तपाईंको ती प्रवचनहरूप्रति सहानुभूति छ । तपाईंका ती वचनहरू एकपटक मात्र याद गर्नुस् त ! छोरी र छोरामा कुनै अन्तर छैन – पुरुष जाति आजसम्म आइपुग्दा नैतिक रूपमा प्रदूषित भइसकेको छ – अबको भविष्य नारीले मात्र डोऱ्याउन सक्छे ..... । र, म त तपाईंकी प्यारी छोरी हुँ । म मेरो यस युगको एक जागरुक प्रतिनिधि पनि हुँ । कुनै अपरिचितको मूल्याङ्कनमा तपाईंले जसको अस्तित्वलाई थुक्नुभएको छ – ऊ त तपाईंको निर्माण न हो । तपाईंको आदर्श बोलीमा मात्र रहेछ भन्नुपर्दा म साह्रै लज्जित छु । तपाईंले सिकाएको आदर्शलाई म जीवनको रूपमा बाँच्ने अठोट गर्छु । यस ईंटा र सिमेन्टले जोडिएको आकारलाई मेरो घरभन्ने भुल आजबाट दिग्भ्रमित भएको छ । ईंटा र सिमेन्टले मात्र बनेको कुनै आकारमा भावना र मानवता हुँदैन भन्ने बुझेको छु – आजबाट मैले ।'

आफ्नो निर्णय सुनाउन मलाई अप्ठ्यारो भइरहेको थियो ।

'बाबा, म तपाईंको यस घरलाई आजबाट विदा भन्दैछु । जहाँ आफ्नो अस्तित्वको कदर हुन्न त्यहाँ क्षणभर पनि नबस्नु भनेर तपाईंले नै धेरैपटक भन्नुभएको छ ..... म आजबाट यो घरको बन्धनदेखि स्वतन्त्र छु .....।'

त्यसभन्दा ज्यादा बोल्ने हिम्मत ममा थिएन । नजिकै टेबलमाथिको मेरो आफ्नो व्याग टिपेर म पाइला मूलढोकातिर बढाउँछु । मेरा अभिभावकहरू आफ्नो झुकिरहेको शिर उठाउन सकिरहेका थिएनन् । ढोका खोल्छु बाहिर निस्कन्छु र आफूपछि घरको ढोका ढप्क्याउँछु । गल्लीमा साँझको अँध्यारो र चिसो सिरेटोले मेरो नयाँ जीवनको स्वागत गर्छ ।'

'ममताको अनुहारमा दृढता मात्र झल्किरहेको हुन्छ । आफ्नो निर्णयप्रति उसलाई कुनै गुनासो नभएको आभास छचल्किरहेको छ – यसबेला । ऊ आफ्नो निर्णायक क्षणको अनुभूति सुनाउँदै जान्छे .....।

'म त्यो साँझको कालोपनलाई किल्चँदै, छिचोल्दै अघिल्तिर बढ्दै जान्छु । मेरो परिवेश त्यो साँझ पर्यन्त मेरो आफ्नो मात्र थियो, नितान्त आफ्नै । त्यसवेला म यस्तै कुरा सोच्दै थिएँ । मैले सोच्नुपर्ने खासै केही थिएन । ममा एउटा आत्मविश्वास छ, मसँग आधुनिक सोच र संस्कार छ, म एउटी आधुनिक शिक्षित नारी हुँ – म सृजनाको अनन्त मुहान हुँ, मेरो दृढताले अब उपरान्त कहिल्यै आफ्नो आत्मसम्मानसँग सम्झौता गर्ने छैन । मेरा प्रत्येक पाइला यहिं गुनगुनाउँदै दृढताका साथ अघि बढ्छन् .....।'

ऊ एउटा लामो सुस्केरा फेर्छे ।

म उसलाई एक टक हेर्छु, एकक्षण !

म कमसेकम के कुरामा विश्वास गर्न बाध्य भएको छु भने ममता वास्तवमै सक्षम छ – ऊ भविष्य हो मेरो, मानव समुदायको, ऊ मुहान हो सृजना र शक्तिको, ममता सुखद् भविष्य हो, ऊ समृद्ध आगमन हो ।

- - -

गजल

⇨ केदार सुवेदी

भूल भयो तिम्लाई हेर्नु अब झुकिदिन्छु
तिम्रोबाटो हेर्दिनँ म आँखा मोडिदिन्छु ।

तिम्रो तस्वीर आफैबाट अब झिकिदिन्छु
आफ्नोलागि अन्तिम भूमि आफै लिपिदिन्छु ।

बाँच्नुभन्दा मर्नु वेश तगारो म भाँचिदिन्छु
तिम्रोलागि सयौं भए आफैलाई स्वर्ग दिन्छु ।

फूलसामु काँडा किन । तिम्रोलागि झिकिदिन्छु
आफू त्यागी तिम्रोलागि पृथ्वी म छोडिदिन्छु ।

तिम्रो जलन मेरो जीवन म आफैले छोडी दिन्छु
तिम्रो जीवन फलोस् फूलोस् कामना यो 'केसु' दिन्छु ।

– धादिङ्ग, हाल– धुम्वाराही

गजल

⇨ शोभाकान्त सुवेदी

कुनै चीज छैन मसँग जहाँ तिम्रो नाम नहोस्
कुनै अर्थ रहन्न सीताको जहाँ कुनै राम नहोस्

म दिन्छु तिमीलाई जुनी-जुनीं भरको माया
कुनै दिन तिमीबाट धोका दिने काम नहोस्

न त हाम्रो आकास छ न त छ कुनै धर्ति
प्रीति झुल्कोस् सँधैभरि कवै अस्ताउने घाम नहोस्

नजीरै छ मायालाई छेक्नेहरू आफै हार्छन्
हाम्रो निश्छल मायालाई छेक्ने कुनै दाम नहोस्

शङ्का हैन जिन्दगीलाई विश्वासमा गुडाइरहुँ
हिंड्दाहिंड्दै जिन्दगीमा हाम्रो बाटो जाम नहोस्

– तनहुँ

गीत

⇨ वसन्तराज अज्ञात

भए पनि सताउने नभए नि सताउने
छातीभित्र खोलि बस्ने हर गीतमा गाइने
यो माया भन्ने चीजै कस्तो ।

ooo

कहिं फूल जस्तै कोमल कहिं पत्थरभन्दा साह्रो
दिलभित्रको निश्च्छल माया पाउन नै धेरै गाह्रो
आगोले झैं जलाउने, चौतारी झैं शीतल दिने
यो माया भन्ने चीजै कस्तो ।

ooo

कोही पागल भए भन्छन् कोही सांच्चै पागल बन्छन्
एकोहोरो माया गर्ने भित्रभित्रै तड्पी मर्छन्
किन्न कतै नपाइने खोजी हिंड्दा नभेटिने
यो माया भन्ने चीजै कस्तो ।

ooo

– काठमाडौं

मेरो इच्छा

⇨ रचना श्रेष्ठ

उत्साहको भोक
सृजनाको भोक
जाँगर र जोसको भोक
मेरो अभिष्ट इच्छा हो
म यिनै भोकहरू प्राप्तिको लागि
सल्वलाउने गण्डकी बन्न चाहन्छु
सिङ्गो सगरमाथा चढ्न चाहन्छु
अनन्त आकाश उढ्न चाहन्छु
किनकि मेरो इच्छा ..... ।

–भि.एस.निकेतन, काठमाडौं
कक्षा ६

कथा

नियति

❑ टीकाराम पोखरेल

हिउँदकै दिन भए पनि दिन खुलेको थिएन । केटाकेटीहरूका खाली खुट्टा र पाखुरामा जाडोले गर्दा काँढा उम्रेको देखिन्थ्यो । अलि पातलो लुगा लगाएकाहरू लुगलुग कामिरहेका थिए । आकाशबाट पानी चुहिन लागेझैं देखिन्थ्यो । गाईबस्तुहरू ठाडोपुच्छर लगाएर दौडदै पानी पर्ने सङ्केत गरिरहेका थिए । एक दुई ठाउँमा गोठमा आगो सल्काएको धुवाँ आउँदै थियो । उत्तर पूर्वतर्फको हिमालमा बिहानैदेखि हिउँ पर्न शुरु भइसकेको थियो । जाडोले गर्दा गाउँ नजिकैको स्कूलमा केटाकेटीहरूको उपस्थित पनि न्यून थियो । उराठ लाग्दा दिन थियो ।

माथि च्यानडाँडाको स्कुलमा बजेको हाफछुट्टीको घण्टीसँगै धीरमुनि गाउँबाट एकोहोरो शङ्खको आवाज आयो । शङ्खा सबैले घट्टेबारी कान्छीलाई नै गरे । क नै थिई, छ महिनादेखि निरन्तर बिरामी । कुनै आकस्मिक दुर्घटनाबाहेक ६ महिनादेखिको लगातार बिरामी परेकी कान्छी नमरेर अरू को मर्न सक्छ ? अनुमानमा कुनै असत्यता देखिएन ।

[illegible] उराठलाग्दा अर्को एउटा उराठिलो घटना थपिएर वातावरणलाई झन् उराठमय बनायो ।

[illegible] बिहान त मैले भेटेर आएकी । अनुहार [illegible] जस्तो [illegible] । [illegible] अनुहार थियो । म त मरिन् भन्दा झक्क परें ।' यसरी माध्लाघर पार्वतीले अलिकति सहानुभूतिको स्वरमा भनी ।

'मैलेभन्दा तिमीहरू पत्याउँदैनथ्यो नि, कस्तो लाग्यो ? कान्छी मर्ने सङ्केत उसको शिरले सात दिन अगाडिदेखि नै दिइसकेको थियो । यस्तो मामलामा त म अनुभवी मान्छे' यसरी माहिली कटुवाल्नी आफूले भनेको दिनमा नै कान्छीको मृत्यु भएर आफूले बोलेको सत्य साबित भएकोमा निकै गर्व गरेझैं ओहोरदोहोर गरिरहेकी थिई ।

तर के नै फरक पर्थ्यो र कटुवाल्नी माहिलीको कुरामा विश्वास गरेर पनि, नगरेर पनि । पूर्व सावधानीका उपाय अपनाउन त्यो परिवार के गर्न सक्थ्यो र । गर्नुपर्ने र गर्न सक्ने जति त धेरै अगाडिदेखि गरेको हो । तर जतिजति उपचार गर्दै गयो उतिउति कान्छीको जीउ गलित हुँदै गयो । त्यस गाउँको रीतिरिवाज र परम्पराअनुसार घट्टेबारी कान्छाले धेरै धामी झाँक्री लगाइसक्यो । कालो बोको काटेर उँधौली उँभौलीको पूजा गऱ्यो । महादेव, महारुद्रजस्ता देवताहरूलाई धूपधुवाँरद्वारा चित्त बुझाउने कोशिश गऱ्यो । चिर्कननारान् देवतालाई रातो भाले चढायो । धेरैपटक दुम्सीका काँढा टाउकोमा र जीउभरि घण्टी भिरेको धामी बसाएर हँचाग्रो ठटाउन लगायो, तर यी सबै निरर्थक भए । गाउँका अलि आधुनिकवादीहरूको सल्लाहानुसार उसले दुई दिन लगाई बोकाएर उदरमुकामको हेल्थपोस्टसम्म पनि पुऱ्यायो, तर रोग यही हो भनेर डाक्टरले त्यहाँ पनि खुटयाउन सकेन, त्यसैले घट्टेबारी कान्छी मानसिक रूपमा धेरै अगाडि पराजित भइसकेको थियो तैपनि "सास छउञ्जेल आश"भन्छन् । कान्छी यही उखानलाई चरितार्थ गर्दै थियो ।

घट्टेबारी कान्छाको घरमा मानिसहरू जम्मा हुँदै गए । सानो आँगनमा ठूलै भीड देखियो । दुमा पण्डित (दुईमाने पण्डित) धोतीको फुर्को लतार्दै भीडभित्र पसे । "राम ! राम!! राम !!! राम नाम सत्य हो ।" यसो भन्दै उनी यताउता गर्न लागे । उनले आफ्ना यजमानहरूको मृत्यु हुँदा सबै ठाउँमा यसै भन्ने गर्दछन् । उनको यो औपचारिकताले यहाँ पनि निरन्तरता पायो । राजनैतिक पार्टीको एउटा सक्रिय कार्यकर्ता झैं उनी त्यहाँ भित्र बाहिर यताउता गर्न लागे । मानौं उनी नै त्यहाँका सम्पूर्ण हर्ताकर्ता हुन् । हाम्री पण्डितनी परबाट निकै जोडले दौडँदै आइन् । गाउँका लोग्ने मान्छे मर्दा भन्दा आइमाई मान्छे मर्दा उनको बढी नै चुरिफुरी बढ्छ । उनी नै हुन् गाउँका आइमाई मर्दा तेह्रौं दिनको शुद्धशान्तिमा पैह्रने । उनको दौडाई देख्दा लाग्थ्यो उनी अझै बूढी भएकी छैनन् । सोह्र वर्षे युवती नै छन् । पण्डितनी आएर त्यही भीडमा ओहोरदोहोर गर्न लागिन्, जसरी पण्डित गर्दै थिए ।

दुमा पण्डितदेखि लिएर हर्के दमाईसम्म र बखते भोटेदेखि लिएर जोखे कामीसम्मका सबैजना घट्टेबारी कान्छाकहाँ जम्मा भए । च्चः च्चः र कठैबरा भन्न कोही पनि पछि परेनन् । यस्तो लाग्थ्यो त्यहाँ च्चः च्चः र कठैबरा प्रतिष्पर्धा नै चलिरहेछ । यो च्चः च्चः र कठैबरा भविष्यमा कामलाग्दो हुँदो हो र जम्मा गर्न पनि सक्दो हो त कान्छाले आफ्ना घरका रित्ता भकारीलाई यही च्चः च्चः र कठैबराले चुल्याउने थियो होला, भावनाको च्चः च्वः होस् वा लोकाचार होस् ।

पाँचजना वर्षिनी भुण्टाभुण्टीहरूको बाबु हो घट्टेबारी कान्छो । उसकी कान्छी छोरी भूना त अहिले नौं महिनाकी मात्र थिई । यही भूना जन्माएर सुत्केरी बसेदेखि नै कान्छी फेरी उठ्न सकिन । सुत्केरी भएको दुई/तीन महिनापछि उसलाई क्रमशः विमारले च्याप्दै गयो । ऊ गलित हुँदै गई । उन्नाईस वर्षको उमेरदेखि बच्चा पाउन थालेकी कान्छी आजकै दिन पच्चीसवर्ष पुगेकी थिई । यहाँ यस्तै भयो उसको जन्मदिन मनाउनु पर्ने दिनमा मरण दिनलाई अँगालो हाल्न बाध्य हुनुपर्‍यो ।

"लौ लौ अब घाटतिर लैजाने तयारी गर । रात पर्‍यो भने स्वर्गको बाटो पाउँदिन ।" ढुकुरे बूढाको स्वर सुनियो ।

"हो त, भरे कतिबेला फर्कने, छिटो गर्नुपर्छ ।" अर्को आवाज आयो ।

"बाटोमा छर्न धान र पैसा ठीक पार । अनि बाँस र कात्रोको व्यवस्था गर्‍यौं त ?" गुमानसिंह बूढाले भने ।

बाटोमा छर्ने धानको व्यवस्था हुनसकेको थिएन, तर धान छर्ने मान्छे पहिलेदेखि नै तम्तयार भएर ओहोर दोहोर गर्दै थियो । "आज चाँहि धान छर्ने काम म गर्छु । अस्ति वीरेकी आमा मर्दा पनि मलाई बाटो लिन दिएनन् ।" यसरी ढुकुरे बूढा आफ्नो डचुटीको पक्का पक्की गर्दै थिए ।

एउटा भन्दै थियो – "म सबै भन्दा चर्को शङ्ख बजाउन सक्छु ।

अर्को भन्दै थियो – "तँ त दोहोरो शङ्ख मात्र चर्को बजाउन सक्छस्, एकोहोरो शङ्ख त तँभन्दा म चर्को गरी बजाउन सक्छु ।"

भूना बामे सर्दै आमाछेउ गएर खिस्स हाँसी । सायद उसलाई त्यहाँका थुप्रै मानिसहरूको उपस्थिति रमाइलो लाग्यो । भूनाभन्दा एकतह माथिको छबेले आमाको लासतिर गएर अचम्म मान्दै हेर्‍यो । त्यसमाथिको चारवर्षको साहिंलाले भन्यो - "अस्ति तल्लाघरकी बाटुली दिदीको बिहेमा त रातो ओढ्ने ओढाएको थियो । हाम्री

आमालाई खै त रातो ओढ्ने । अनि हाम्री आमाको व्याउलो खै त ? हाम्री आमाको कोसँग बिहे गर्न लागेको ? अब हाम्री आमा बिसेक भएर बिहे गर्न लागेको हो त ? तल्लाघरकी बाटुली दिदीलाई त बिहे गरेर ब्यउलाले लगिहाल्यो । हाम्री आमालाई चाँहि बिहे मात्र गरिदिने, ब्याउलासँग चाँहि नपठाउने है बा । हाम्री आमालाई नलैजा भनेर म हाम्री आमाको ब्याउलालाई भन्छु नि ।" यसरी साहिंलाले एकैपल्ट थुप्रै अनुत्तरित प्रश्नहरू बाबुमाथि थुपार्‍यो ।

ऊ फेरि आँगनमा वल्लाछेउ पल्लाछेउ गर्न लाग्यो, जसरी बाटुलीको बिहेमा बाटुलीको भाइ गर्दथ्यो ।

घट्टेबारी कान्छोले भित्रबाट एउटा पुरानो भइसकेको पटुका निकाल्यो, कात्रोको प्रयोजनका लागि । गाउँलेहरूले खटको तयारी पूरा गरिसकेका थिए । कान्छीको लासलाई त्यही मैलो पटुकामा बेरेर खटमा राखियो ।

"हाम्री आमालाई चाँहि कस्तो नराम्रो डोली बनाएको नि । बाटुली दिदीको बिहेमा कस्तो राम्रो डोली थियो । ओड्ने पनि कस्तो सेतो ओढाएको ? रातो ओढाउनु पर्दैन ?" साहिंलाले फेरि घाट लैजान ठीक पारेको लासतिर हेर्दै भन्यो ।

साहिंलाका यी अन्जान कुरामात्र सुन्ने हो भने त्यहाँ एउटा महान् ठट्टा थियो ।

कान्छोले टपरीमा दुईमानाजति धान निकालेर ढुकुरे बूढालाई दियो । धानमाथि दुमा पण्डितले बाटामा धानसँगै छर्ने खुद्रा पैसा हालिदिए, पछि हिसाब मिलाउने गरी । रात नपरे पनि घाम डुबिसकेको अड्कल गर्न सकिन्थ्यो । धान बोकेर ढुकुरे बूढा अघि बढे, ओरालोतिर ।

आँगनबाट लास उठाइयो । औपचारिकताका लागि एकापट्टि हेमेले र अर्कापट्टि माहिलाले आमाको लासमा हात लगाए-धुरुधुरु रुँदै । त्यसपछि जेठो छोरो हेमे र माहिलो छोरो आमाको लासको पछिपछि लागे ।

तल्लाघरे बूढाले भने "ए साहिंलालाई पनि लैजानुपर्छ । छोरो पो त ! आमाको लासमा दागबत्ती देओस् । घाट नजिकै छ । पुऱ्याएर ल्याउन सकिन्छ ।"

तल्लाघरे बूढाको हात समातेर ऊ पनि आमाको लास पछिपछि लाग्यो । अनि आँगनको भीड पनि बिस्तारै बिस्तारै पातलिदै गयो । आइमाईहरू मात्र बाँकी रहे । आँगनको डिलमा एउटा तोते बोली सुनियो छबेको – "आमा ! थितो आऊ है ।"

साँझ झमक्क पर्दा लास र मलामीहरू तीन दोभानेमा देखिए । दुमा पण्डितको विधि अनुसार कान्छीको लासलाई दागबत्ती दिने बेला भयो ।

दुमा पण्डितले भने – "ल बाबुको भए जेठा छोराले चितामा आगो लगाउनुपर्थ्यो, आमाको कान्छो छोराले । अब यहाँ छबे आएको छैन, त्यसैले चितामा आगो लगाउने अधिकार कान्छोभन्दा माथिको साहिंलाकै हो ।"

दुमा पण्डितले आफ्नो हातको राँको साँहिलाको हातमा राखिदिए – "अब चितामा आगो लगा त साहिँला ।" दुमा पण्डितले भने ।

साहिँलो डरायो । उ अलिकति पछि हट्न खोज्यो । अनि आमातिर हेरिरह्यो । दुमा पण्डितले हात समातेर राँको चितातिर बढाउन खोजे । साहिंलाले सकेसम्म राँकोलाई आफैतिर तान्न खोज्यो । दुमाका बलिया हातसँग चारवर्षका कलिला हातले युद्ध गर्दा दुमाले जित्नु आश्चर्य भएन । राँको चितासम्म पुऱ्याएपछि साहिँलो करायो । "नाई, म आमालाई आगोले डढाउँदिन । अमालाई पोल्छ । आमालाई आगोले डढायो भने हामीलाई कसले माया गर्छ ? कसले पाल्छ ? नाई मेरी आमालाई पोल्नुहुँदैन ।" उसले हातको राँको भुइँमा छोडिदियो ।

दुमा पण्डितले राँको उठाएर जेठो छोरा हेमेको हातमा दिए । हेमेले आमाको चितामा आगो लगायो । साहिंलो कराइरह्यो "आमालाई नपोल दाजु, आमालाई नपोल । हाम्री आमाले के बिगारेकी छन् र आमालाई पोलेको ? आमालाई नपोल ..... ।"

आगोले साहिंलाको चित्कार सुनेन । साहिंलाको आवाज सँगसँगै चिताको आगो दन्कँदै गयो । हेमेले आफ्ना दुईवटा भाइलाई अँगालो हाल्यो । तीनै भाइ बेस्करी रोए, तर आगोले उनीहरूको रुवाइ बुझेन । उनीहरूले देख्दादेख्दै त्यहाँ मान्छे खरानीमा परिणत भयो । उनीहरू माउ खोसिएको गुँडको बचेरा झैं भए ।

रात धेरै छिप्पिसकेको थियो । "लौ छोराहरूलाई लुगा फुकाल्ने र कपाल खौरने काम गराउनु पर्यो ।" दुमा पण्डितले भने ।

ढुकुरे बूढाले तीनैजनाको कपाल खौरिदिए । तल्लाघरे बूढाले आधामिटर जति सेतो कपडा निकालेर दुमाको हातमा दिए । "आधा मिटर कपडाले तीनजनाको लाज कसरी ढाक्ने ? तीन जनालाई त पुग्दैन" दुमाले भने ।

"दुईजनालाई मात्र आधाआधा पारिदिउँ न । साहिँलो सानै छ नभए पनि हुन्छ ।" ढुकुरेबाले भने ।

दुमाले त्यो आधा मिटर कपडा च्यातेर दुईवटा लँगौटी र लँगौटी अढ्याउने कन्दनी बनाए । अनि ठूला ठूला दुई भाइलाई दिए । साहिँलाको भाग पुगेन । पुराना लुगा लगाउन पनि दुमाले दिएनन् । साहिँलो नाङ्गै भयो ।

हेमे, माहिलो र साहिंलो मुडुला टाउका लिएर अघि लागे – जाडोले डगडग काम्दै । एकैछिनमा क्रमशः घाटको भीड पनि सकियो र घाट सुनसानमा परिणत भयो ।

✧✧✧

कविता

दिवालहरू

⇨ ज्योती 'जङ्गल'

पोत्दापोत्दै
औंसी/पूर्णिमा, दशैं/तिहार
मेटेर हत्केलाका धर्काहरू
जीवन रंगाएँ भन्थें
लगेछन् मेरा रङ्ग थुती
ढल्दा यिनै दिवालहरू ।
स्नेहपान गरें स्पर्शको
तर खाक भएछन् चाहनाहरू
सम्झौतामै सकिदिएँ
आफ्ना जीवनका परवाहहरू ।
रोक्दारोक्दै
मन/आत्मा, पाउ/छायाँ
घोटेर दशऔंले धर्काहरू
जीवन बनाएँ भन्थें
लगेछन् मेरा अमन थुती
ढल्दा यिनै दिवालहरू ।

पानी भनेर पीडा पिएँ
विना आवाज बगे कति आँसुहरू
सर्वस्व दिन जातै दिएँ
विना आगो बले रगत–मासुहरू
सहँदासहँदै
चुपचाप, चुपचाप
मुटु, धडकन सजाएँ
घर, संसार भन्थें
लगेछन् मेरो संसार थुती
ढल्दा यिनै दिवालहरू ।

– झापा

समीक्षा

दुई कृतिमाथि मेरो दृष्टिकोण

❑ सानुराजा 'अञ्जान'

'एक सय एक मान्छेहरू' केलाउँदै जांदा

'एक सय एक मान्छेहरू' का प्रस्तोता नव कवि प्रतिभा कवीरराज तण्डुकार हुन् । शीर्षकको सार्थकता एकसय एक कविताहरूको संख्याले पनि प्रष्ट पार्दछ । आफूले आफ्नो समाज र राष्ट्रका साथै विश्वमै भइरहेको मानवीय विषमता र विसङ्गतिहरूलाई खबरदार गर्दै संचेतना जगाउने कविताहरू लेखेको उद्घोष गर्ने कवि प्रतिभा समूह, वानेश्वर – ३४ सँग सम्बद्ध व्यक्ति हुन् ।

मानवीय भावना र संवेदनाहरूलाई कलात्मक अभिव्यक्तिकासाथ निरन्तरता दिने व्यक्ति मात्र साहित्यिक व्यक्तित्व बन्ने कुरामा शङ्का छैन । कविले २०४९ सालदेखि नै तिरन्तर छोटा र युगप्रतिको प्रत्याह्वान भएका रचनाहरू निरन्तर कोरिरहे ।

वास्तवमै देशको हरेक पक्षमा महामारीको रूपमा फैलिएको महङ्गी, भ्रष्टाचार, विकृति आदिले प्रत्येक आम मान्छे पीडित भएका छन् /सताइएका छन् । यसरी कविले मान्छे मात्रमा रहेको भिन्नता, दुःखसुख तथा घृणित मान्छेहरूको चरित्रमा पनि औंला ठड्याएका छन् । जस्तै – रातभरि मान्छे मार्ने
षडयन्त्रकारीहरूलाई
दिनको सूर्यले चिन्दैन
दिनभरि मान्छे खाने
नरपिशाचहरूलाई
चाँदनीले चिन्दैन । ('मौनता'पृष्ठ-५४)

सर्वसाधारण नागरिक वा भनौं आम मान्छे कति विवश छ, कति मजवुर छ, 'जिन्दगी जिउन पनि कति दुर्बोध रै'छ' भन्ने निम्न हरफहरूमा उल्लेख गरिएको छ – खै के खोज्दैछन् मान्छेहरू
देख्छ मात्र हतारिएको, दगुरिरहेको
गाँस, बास र कपास जुटाउँदै
जीवन बिताउने प्रयत्न गरिरहेको ।(देख्छ मात्र म' पृष्ठ-४)

कविको जात भावुक प्रवृत्तिको हुन्छ, निश्चय पनि जातीयताले पनि भाषिक कमी कमजोरीहरू टड्कारो रूपमै देखाउँछ । तथापि सम्पादकको कलममा कविको केही कवितालाई पुनर्जन्म दिनुपरेको, केहीलाई काँटछाँट गरिएको र अधिकांश कविताहरूमा ह्रस्वदीर्घसमेत शुद्धाशुद्धि गरिएको स्वीकार गरिएको छ । चेतनशील मान्छे मात्रमा निहित हुने आशा निराशाका प्रवृत्ति, ढर्रा परम्परावादी विरुद्धको क्रान्तिदर्शिता र मानवीय जीवनको दुर्बलतालाई पनि तीब्र व्यङ्ग्य गरिएको छ ।

जस्तै –आजकल मान्छे
मान्छेहरूसँग चिनिन
विज्ञापन गर्ने गर्छन्
सस्तो लोकप्रियता कमाउन
आफैलाई नङ्घाउँछन् ।('विज्ञापनको समय' पृष्ठ–२)

व्यक्ति आफूले खोजेको/चाहेको पाउन साधनामा लगनशील हुन्छ भने प्रतिभालाई अघि लाएर यश र कीर्ति कमाउन गतिशील पनि हुनुपर्दछ । यद्यपि नयाँनयाँ भाव र विचारहरूका संवेगलाई सरल/सरस र मर्मस्पर्शी रूपमा प्रस्तुत गरिएका कविताहरूले निश्चय पनि हामीलाई एकपटक झस्कन बाध्य पार्दछ । एक सय एक मान्छेहरूको प्रतिनिधित्व गरिरहेको यो सङ्ग्रह अवश्य पनि एकपटक पढ्नै पर्छ । कवि ऊर्ध्वमुखी यात्रामा अनवरत लागि परोस् र भविष्य सफलताले चुमोस् ।

साहित्यकार भैरवनाथ रिमाल 'कदम' व्यक्ति र व्यक्तित्व

आधुनिक गीति क्षेत्रमा उल्लेखनीय स्थान ओगट्ने गीतकार रिमालको जीवनीबारे यहाँ चर्चा गर्न खोजेको छु ।

साहित्यकार रिमालको यो जीवनी पुस्तकलाई सम्पादक एवं प्रकाशक कैलाश भण्डारीले लेख्नुभएको हो । साहित्यकार रिमालको परिचय दिनुपर्दा गत पाँच दशकदेखि विशेष गरी कविता र गीति विधामा सक्रिय भई लागि परेका ५९ वर्षे एक व्यक्ति हुनुहुन्छ ।

पिता गोपीनाथ रिमाल र माता यमुनादेवीका एकमात्र पुत्रका रूपमा विक्रम सम्वत् १९९३ साल माघ २ गते सोमवारका दिन जन्मेका कदमले १०/११ वर्षदेखि नै सौतेनी आमाको प्रताडना सहनुपर्‍यो भने बाबुको हेला पनि व्यहोर्नु पर्‍यो ।

यसरी वालकदगलदेखि नै आमातिरकी बहिनी सानीआमा र सानुबुबा महाकवि लक्ष्मीप्रसाद देवकोटाको घरमा आश्रय लिएर हुर्कंदै गए । आफ्नो स्व-अध्ययन र लगनले गर्दा आफ्नै खुट्टामा उभिन सफल भए । साहित्यकारहरूको सङ्गतले उनले कविता र गीतहरू लेख्दै गए । बहुतै सोझा, मिलनसार सहयोगी स्वभावका रिमालको जीवनलाई सुगन्ध प्रकाशनले चार परिच्छेद र एक परिशिष्टको रूपमा प्रकाशित गरेको छ । कविताभन्दा पनि गेयात्मक, लालित्यपूर्ण, सरल-सरस र मार्मिक गीतहरूको स्रष्टा/द्रष्टा कदम आजका युवावर्गले सम्मान र श्रद्धा गर्ने स्थितिमा पुगेका छन् ।

कदमको बारेमा प्रथम परिच्छेदमा – जन्म, वाल्यकाल र शिक्षादीक्षा, आजीविका र परिवार, दुर्घटना, व्यक्तिगत प्रवृत्ति स्वभाव र परिवारको सहयोग शीर्षकमा लेखिएका छन् । दोस्रो परिच्छेदमा – लेखन प्रेरणा, लेखन प्रारम्भ, प्रथम पुस्तकाकार कृति, राष्ट्रिय भावनात्मक कृतिहरू, राष्ट्रिय कवितामा हिमालको प्रयोग, 'गिरिजा १ देखि ५५' श्रृङ्खलाका काव्यकृति, महत्त्वपूर्ण कृतिहरू: राष्ट्रिय सवाई काव्य, नाटक सम्राट् वालकृष्ण समको स्नेह र दार्जिलिङको कवि सम्मेलनमा रिमाल शीर्षकका अनुच्छेदहरू पाइन्छन् । यो परिच्छेदमा विभिन्न कृतिहरूको वारेमा महत्त्वपूर्ण व्याख्याहरू लेखिएका छन् । उनका पुस्तकहरूको वारेमा चर्चा परिचर्चा गरिएका छन् । तेस्रो परिच्छेदमा गीति यात्राको विवरण दिइएको छ– यसका शीर्षकहरू जस्तै: आधुनिक गीतको पहिलो सङ्ग्रह, आधुनिक गीतको दोस्रो सङ्ग्रह, आधुनिक गीतको तेस्रो कृति, गीत लेखनका परम्परामा रिमाल, सम्मान/पुरस्कार आदि । यसैगरी चौथो परिच्छेदमा विचार/दृष्टिकोण अन्तर्गत – कविता र साहित्यको सम्बन्धमा, गीत तथा लोकगीतको सम्बन्धमा र निष्कर्ष समेत परिच्छेदहरू टुङ्गाइएको छ ।

उल्लेखित परिच्छेदहरूमा साहित्यकार कदमका साहित्यिक यात्रा, व्यक्तिगत जीवनका विवरणहरू समेत जीवनको उत्तरार्द्ध समेतलाई राम्ररी चित्रण गरेर लेखिएको यो जीवनी वास्तवमै प्रशंसनीय रहेको छ ।

- - -

नववर्ष २०५८ को पुनीत उपलक्ष्यमा हाम्रा समस्त ग्राहक तथा शुभेच्छुक महानुभावहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं

नेपाल बङ्गलादेश बैंक लि.

केन्द्रीय कार्यालय/मुख्य शाखा

पो.व.नं. ९०६२, बिजुलीबजार, नयाँ बानेश्वर

फोन नं. ४९०१९५, ४९०६९८, ४९०६६७, ४९०७७०

लघुकथा

अपरिवर्तित

❑ सगुन वस्नेत

"आजको वदलिंदो परिवेशमा, म महिलाहरूलाई कुनै पुरुषभन्दा कम देख्दिन । तपाईहरू नै भन्नुस् यस्तो कुन क्षेत्र छ जहाँ महिलाहरू पुग्न सकेका छैनन् ? मानव जीवनका नियम बनाउने बेलामा ईश्वरले त महिलाहरू पुरुषवर्गभन्दा होचिनै पर्छ भनेर त पक्कै बनाएका होइनन् । ईश्वरका लागि त के स्त्री के पुरुष, सबै उनकै सन्तान हुन् । यी सबै भेदभावका कुराहरू त हामी मानिसहरूबाट नै सृष्टि भएका हुन् । त्यसैले यी सबै विकृतिहरू हटाउने जिम्मा पनि हाम्रै हो र हामीबाट सक्दो कोशिस भयो भने यी कुसङ्गतिहरू बिस्तारै बिस्तारैहट्दै पनि जानेछन् । आखिर थोपाथोपा पानीबाट नै सागर बन्छ । सबैजनाले एकपटक मनमा हात र खेर विचार गर्ने हो भने पुरुष भयौं भनेर आज हामी जुन गर्व गर्छौं हामीलाई यो गर्व गर्न लायक बनाउने पनि उनै जननी नारी त हुन् । त्यसैले म त भन्छु – नारीलाई होच्याउने, कुकृति गर्ने काम आजैबाट छाडिदिउँ । नारी र पुरुष एकै रथका दुई पाङ्ग्रा हुन् भन्ने विचारधाराका अनुयायी बनौं । छोरीलाई उच्चशिक्षा दिएर समाजमा कुनै पनि पुरुषको अगाडि उभिन सक्ने बनाऔं । उनीहरूलाई घरकै चारभित्तामा कैद गरेर नराखौं । छोरीलाई पढाएर, चार अक्षर लेखाएर हामी यो जीवनमा नै पुण्य प्राप्ति गर्न सक्छौं भने, यो पुण्य हामी आजैबाट बटुल्न थालौं ।"

मन्त्रीको यो जोडदार भाषण सयौं जनताहरूको हातबाट बजेको तालिबाट टुङ्गियो । आफ्ना मनका यति भावनाहरू पोखेर मन्त्री आफ्नो निवासतर्फ लाग्नुभयो । निवासमा मन्त्राणीले एउटी मैलो फाटेको लुगा लगाएकी अन्दाजी १५/१६ वर्षकी केटी देखाउँदै भन्नुभयो, 'गाउँबाट कमला आएकी छ । उता गाउँमा दाइ बित्नु भएपछि कहिं जाने ठाउँ भएन छ बिचरीको, अनि यहीं काकाकहाँ बस्छु भनेर आएकी रहिछ ।' यति भनेर उहाँ बडो कुटिलतापूर्वक मुस्कुराउनु भयो । शायद उहाँको यो कुटिलतालाई बुझेर होला मन्त्रीले कमलातर्फ हेर्दै भन्नुभयो, 'अब के गर्छेस् त ? आइहालिस्, अब यहीं बस् काकीसँग । यसो भाँडाकुँडा सफा गरिदिनु, अलिअलि लुगा धोइदिनु, पछि यसो राम्रो केटो हेरेर तेरो विहे गरिदिउँला नि, है ।' कमलाले लोलाएका ठूलाठूला आँखाले मन्त्रीतिर हेर्दै 'हस्' भनिन् । शायद उनी गाउँमा विर्खे काकाले 'कमला, अब तँ सहर जा, त्यहाँ तेरो काका त मन्त्री भएका छन् रे ! तलाई पढाइलेखाइ केही काम दिलाइदेलान् नि । आखिर तँ पनि त उहाँको छोरी नै होस्' भनेको कुरा सम्झिन् र चुप लागेर भान्सातिर लागिन् ।

✧✧✧

कृषि विकास र गरीबी निवारण: हाम्रो प्रतिवद्धता

कृषि विकास बैंकले किसान, व्यापारी, उद्यमीलाई ग्रामीण कृषि कर्जा, व्यापार कर्जा र बैंकिङ्ग सुविधाहरू प्रदान गर्दछ ।

हाम्रा प्रमुख प्राथमिकताका क्षेत्र विशेषगरी कृषि विकाससँग सम्बन्धित छन् । यसको लागि हामी सुलभ व्याजदरमा संस्थागत ऋणहरू उपलब्ध गराउँछौं । सरकारका कतिपय कार्यक्रमहरू कार्यान्वयन गर्ने जिम्मेवारी पनि बैङ्कलाई छ । देशको समष्टिगत विकास कार्यलाई अघि बढाउन कृषि विकास बैङ्कको कार्यहरूमा रचनात्मकढङ्गले सहभागी होऔं

फोन नं. २६२८८५
फ्याक्स: ९७७-१-२६२६१६

कृषि विकास बैङ्क
मुख्य कार्यालय
रामशाहपथ, काठमाडौं

समीक्षा

'३ न १३' माथि विहङ्गम दृष्टि

❑ *गोपीकृष्ण ढुङ्गाना 'प्रतीक्षा'*

साहित्यको कुनै निश्चित सीमा हुँदैन, न त आकार न त रूपरङ्ग । सामाजिक, सांस्कृतिक, आर्थिक र राजनैतिक पक्ष वा विषयवस्तुहरू अथवा माया, प्रेम, घृणा र वेदना इत्यादि जेसुकै पनि गजल, कथा अनि कविता आदि विधाका परिवेश हुन सक्छन् । अर्को शब्दमा, साहित्य लेखनमा कुनैपनि विषयवस्तु अछुतो हुँदैन । कुन विषयवस्तुलाई कस्तो आकार वा रूप दिने ही त्यो कविमा भर पर्दछ । साहित्यका विविध रूपहरू मध्ये कविता विधा एउटा शसक्त पक्ष हो, त्यसमा पनि व्यङ्ग्य कविता । 'जहाँ विश्वास त्यहीं धोखा !' भने झैं हाल मुलुकको विद्यमान परिस्थितिमा धोखा भएको कुरामा दुईमत हुनसक्तैन जो कोहीको पनि । अनि त्यस्तै विषयवस्तुहरू नै व्यङ्ग्यकविताका उत्कृष्ट पक्षहरू हुने गर्दछन् । यस्तै परिवेशलाई उनेर विकृतिप्रति सूक्ष्म तर तीक्ष्ण व्यङ्ग्य प्रहार गर्न सफल कविको नाम हो – लक्ष्मण गाम्नागे । सरकारी नाम लक्ष्मीप्रसाद भट्टराई भए पनि साहित्यमा लक्ष्मण गाम्नागेको उपनाममा स्थापित हुन सफल उनी विशेष गरी हास्यव्यङ्ग्य क्षेत्रमा व्यङ्ग्य कविका रूपमा देखा पर्छन्, पुनः एकपटक – ३ न १३ लिएर ।

'लेख्नु त जन्मिनु हो कवि गाम्नागे । यो छाप्ता पो मरिन्छ त, उनको 'पेवा' जति प्रेसले छिनेपछि कवि गाम्नागे । 'ससुराल' मा पो फेला परिन्छ त !' डा. गोविन्दराज भट्टराई पनि व्यङ्ग्यमाथि व्यङ्ग्य थपिदिनुहुन्छ गाम्नागेलाई । झापाको गौरादहमा बढेका अनि काठमाडौंलाई आफ्नो कर्मथलो बनाउने गाम्नागेले 'घिटिक घिटिक बाँचेर सहरमा' नामक व्यङ्ग्यकविता सङ्ग्रह आजभन्दा ६–७ वर्ष अगाडि नै पाठक समक्ष हाजिर गराउन सफल भएका छन् । सरकारी समय नौदेखि पाँचसम्म टेलिफोन संस्थानमा व्यतित गर्ने कविले बाँकी समय 'सिस्नुपानी नेपाल' लाई सुम्पिए पनि त्यही बाँकी समयलाई झुक्याएर शनिवार 'कहिं नभएको जात्रा' मा पुग्ने गाम्नागेले '३ न १३' मा ३२ वटा व्यङ्ग्यहरू समेटेको पाइन्छ ।

'यो हप्ता अचम्म भयो, काठमाडौंमा हनिमून, उन्नाईस रसका कविता, हजुर हुञ्जेल कुनै अभाव छैन, हाय न्यू मिलेनियम, छक्क पर्दै भात खाइरहेछु, भाग्य होस् त साँल्दाइको जस्तो पो । मूला कविता, बोकाको कविता, घरवेटीको गीत र डेरावालको गीत जस्ता थुप्रै शीर्षकहरूमा; जुन सुन्दै व्यङ्ग्यले भरिपूर्ण भएको आभास हुन्छ; आफ्नो प्रस्तुतिलाई नवीन आकार दिएर सम्बन्धित व्यक्ति र पक्षहरूलाई सजग गराएका छन् – गाम्नागेले । जति पढ्यो उति पढूँपढूँ लाग्ने यी कविताहरूमा विश्रामको आवश्यकता अनुभव नभए पनि कुनैकुनै शब्दहरूमा क्लिष्टता पाइने हुँदा एक किसिमको निशा लगाई दिन्छन् पाठकलाई । राजधानी र त्यसभित्रको वातावरणलाई नाकभरि दुर्गन्ध फैलिएकाले मास्क लगाउन बाध्य पार्छन् कवि यसरी –

मन्त्रीले कमिशन पाएन
सचिवले घुस खाएन
काठमाडौं कतै गनाएन
आकासले थिच्ला थिच्ला जस्तो भो
मौनताले किच्ला किच्ला जस्तो भो
सहनै नसकेर निस्तब्ध शान्ति
मेरो कविता बेहोस भयो – यो हप्ता अचम्म भयो ।

कवि भनाउन खोज्ने तर ढङ्ग नपुऱ्याउने अनि

एउटै कविता सत्रचोटीसम्म फलाक्ने कवि महोदयहरूलाई 'उन्नाइस रसका कविता' मार्फत् चेतावनी दिने गाम्नागे चुनाव अगि गुन्द्रुक र ढिडो खाएर कछाड लगाउने नेता चुनावपछि सिंहदरवार पसेपछि सम्पूर्ण देश नै झलल भएको दिवास्वप्न देख्ने नेतालाई सम्म तीर फ्याँक्दछन् । समसामयिक कुराहरूलाई लिएर घर परिवार र श्रीमतीलाई उनी यसरी सम्झाउँछन् –

डाडु नउठाऊ प्रिये
कुचो नचलाऊ
बरु आऊ भात बसाऊ
छरछिमेकलाई छकाऊ
छोराछोरीलाई फकाऊ
अहिले आलु र मूला पकाऊ
भरे मूला र आलु पकाऊ !

चौकीमा कर तिरेपछि काठमाडौं शुरु हुन्छ, राजधानी हुनुको खुशी र यस्तो ..... हुनुको दुःख जहाँ थानकोट र सडक, नैकाप र धुलो, ढुङ्गाअड्डा र धुँवा, कलङ्की र ट्राफिकको तुलना हुन्छ । यी सबै हाम्रो काठमाडौंको काष्टिङमात्र हो भन्दै कवि काठमाडौंमा मनाउने हनिमुनलाई बाँकी रहेको लास्टिङसँग मनाउन आग्रह गर्दै नवप्रियेलाई कमिशन र सत्ता, सडक र तडकभडक बीचको नातोजस्तै तिम्रो र मेरो हनिमुनको कुनै तातो छ ? भनी प्रश्न [illegible] छन् । देशलाई घरको उपमा दिंदै घरभित्रको राजनीति प्रति '.....लाई भन्दा देख्नेलाई लाज' को उपमा तेर्साउँछन् । आफैंभित्रको मौलिक संस्कृति बिर्सिएर 'छिराई संस्कृति'मा रमाउने प्रबुद्ध नागरिकहरूप्रति व्यङ्ग्यको झटारो फ्याँकेका छन् । शहीदका सपनाहरूलाई पाँचतारे होटल, सिंहदरवार, नाइटक्लब र मर्सिडिजकार मार्फत साकार पार्न सफल नेताहरूको कटुसत्यलाई '३ न १३' मार्फत घचघच्याएका छन् –

'म कविताकै लागि कन्दै थिएँ
'मुलुक डुब्ने भो' म भन्दै थिएँ
पैसा कमाउनु छैन घर बनाउने हैन
३ न १३ का कविता लेख्यो, दिदीको ढाड सेक्यो
मेरो कविताको विषय नै बिर्स्यो' भन्दै कवि प्रस्तुत पुस्तकको शीर्षक सार्थक बनाउँछन् ।

जेहोस्, आफ्नै गति (व्यङ्ग्य) बाट अरूलाई आफ्नो कर्तव्य र अधिकारको गतिलाई झस्काइदिने व्यङ्ग्यकवि लक्ष्मण गाम्नागे यस क्षेत्रमा सशक्त प्रतिभा मान्न कर लाग्छ । टेडिन लागेको यो धरातललाई सोझ्याउने भावना, आफू सद्दे भएरै अरूलाई सद्देमा परिणत गराउन खोज्ने, आफू नहाँसेरै पनि अरुलाई हँसाउन खोज्ने कवि यस धर्तीमा सुन्दर फूलहरू फुलेको हेर्ने इच्छा यस '३ न १३' मार्फत व्यक्त गर्छन् । उनका कविता प्रभावकारी, कलात्मक र अर्थपूर्ण भएकाले पाठकले बुझ्ने र आनन्द लिने हुनाले गाम्नागे लक्ष्मणको सिर्जनशीलताको ढङ्ग प्रस्तुत व्यङ्ग्य कविताहरूमा सफल नै देखिन्छ । – *कीर्तिपुर*

नववर्ष २०५८ को पावन अवसरमा
सम्पूर्ण देशवासीमा सुख-शान्ति तथा
उत्तरोत्तर प्रगतिको लागि
हार्दिक मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।

ग्रामीण आवास कंपनी लि.
परिवार
श्रीमहल पुल्चोक

कविता

मेरी बाबा

⇨ निर्मल अर्याल

मेरी बाबा तिमी मलाई हदैसम्म माया गर
सेवा गर टेवा देउ तर विन्ति क्रोध नगर
छामेर बुझ, गमेर बुझ, हेरेर बुझ, सोचेर बुझ
जसरी बुझ, जेगरी बुझ, सोधेर फेरि मसँग बुझ ।

मसँग सिक, उसँग सिक जे भए पनि सिक्न चैं सिक
सिकीसकेर सिकेका कुरा जाँचेर हेर छ छैन ठीक
अठोट गर, सङ्कल्प गर, बनेरै छाड्छु एकदिन केही
नछोड कर्म, धर्म र मर्म बनेरै देखाऊ एकदिन केही ।

नडराउ कहिल्यै,नविराउ कहिल्यै,झर्को र फर्को नगर कहिल्यै
समस्यादेखि नतर्स कहिल्यै, समाधान नखोजी नछोड कहिल्यै
राम्रोमा राम्रो, असलमा असल, थप्नमा बन झन् बढी कुशल
ठीकलाई ठीक, वेठीकलाई वेठीक छुट्याउनमा नहोउ कमसल

सुखमा हाँस, दुखमा हाँस, आँशुमा हाँस, पीडामा हाँस
नछोड आशा, नतोड वाचा, रहुञ्जेलसम्म एकमुठी सास
उद्देश्य, गन्तव्य पहिल्याउ अनि यात्रामा निस्क समय छैंदै
थकाइ मार, सुस्ताउ तर हिंड्न नछोड यात्रामा सँधै ।

– विशालनगर

नववर्ष २०५८ को शुभ–उपलक्ष्यमा हाम्रा
सम्पूर्ण ग्राहक तथा शुभेच्छुक
महानुभावहरूमा हार्दिक
मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।

हरिसिद्धी ईंटा तथा टायल कारखाना लि.
हरिसिद्धी, ललितपुर

नववर्ष २०५८ को पावन अवसरमा हाम्रा
समस्त ग्राहकवर्ग तथा देशवासीहरूमा
हार्दिक मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैङ्क परिवार
रामशाह पथ, काठमाडौं

नववर्ष २०५८ को पुनीत उपलक्ष्यमा हाम्रा समस्त ग्राहक तथा
उपभोक्तावर्गहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

तेलको थोपा थोपा जोगाऔं
इन्धन खर्च घटाऔं

नेपाल आयल निगम लिमिटेड
फो.नं. २६२१७० फ्याक्स : २६३४७१